# समायोजित वा पृथक् ?

## नेपालमा न्यायका लागि औपचारिक र अनौपचारिक न्याय प्रणाली कसरी कार्यरत छन्

जिल्ला अनुसन्धान प्रतिवेदन

वैशाख २०६८



# साझेदार संस्थाहरू

इन्टरनेसनल अलर्ट शान्ति स्थापनार्थ कार्यरत २६ वर्ष पुरानो स्वतन्त्र संस्था हो । हामी द्वन्द्वबाट प्रत्यक्ष रूपमा प्रभावित मानिसहरूका शान्तिको सम्भाव्यतामा सुधार गर्नका निमित्त उनीहरूसँग मिलेर काम गर्छौं । द्वन्द्वको जोखिम घटाउन र शान्तिको सम्भावना वृद्धि गर्नका निम्ति सरकारहरू र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू जस्तै संयुक्त राष्ट्र तथा बहुराष्ट्रिय कम्पनीहरूका नीति तथा काम गर्ने तौरतरिकालाई प्रभाव पार्नु हाम्रो अभिप्राय रहेको छ । हामी अफ्रिका, एसियाका विभिन्न क्षेत्र, दक्षिणी ककेसस, मध्यपूर्व तथा ल्याटिन अमेरिकामा काम गर्छौं र हालसालै हामीले संयुक्त अधिराज्यमा काम थालनी गरेका छौं । हाम्रो नीतिगत कार्य शान्ति तथा सुरक्षाको सम्भाव्यतालाई प्रभाव पार्ने विभिन्न प्रमुख विषयवस्तु - अर्थतन्त्र, जलवायु परिवर्तन, लैङ्गिकता, अन्तर्राष्ट्रिय संस्थाका भूमिका, विकास सहयोगको प्रभाव, असल र खराब शासनको असरमाथि केन्द्रित छन् । हामी संसारको अग्रणी शान्ति स्थापनार्थ कार्यरत गैरसरकारी संस्थाहरूमध्ये एक हौं जहाँ लन्डन र १४ वटा क्षेत्रीय कार्यालयमा १५९ भन्दा बढी कर्मचारी कार्यरत छन् । हामी कसरी र कहाँ काम गर्छौं थाहा पाउनका लागि हेर्नुहोस्: www.international-alert.org

महिला कानुन तथा विकास मञ्च (FWLD) (साझेदार) CEDAW मा प्रत्याभूत महिला मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने लक्ष्यका साथ सन् १९९५ मा स्थापना भएको हो । यो लक्ष्य प्राप्तिका लागि FWLD का काम खासगरी महिलाको अधिकारहरूको रक्षा गर्ने UNSCR १३२५ जस्ता अन्तर्राष्ट्रिय कानुनी उपायहरूको कार्यान्वयनमा केन्द्रित हुन्छन् । नेपाली महिलाहरूको कानुनी हैसियतबारे अनुसन्धान गर्नु, अधिकारमुखी बहस पैरवी गर्नु, सार्वजनिक भलाइका लागि कानुनी उपचारमा जानु, सार्वजनिक शिक्षा, सञ्चार, अभियान र तालिम यसका मुख्य क्रियाकलाप हुन् । समुदायस्तरमा FWLD सँग तालिमप्राप्त कार्यकर्ताको बलियो समुदाय सहयोग सञ्जाल छ । यसमा लैङ्गिक चेतनामा तालिम दिइएका १५ जना स्थानीय महिलाको संलग्नतामा गठन भएको देशभरिका २३ जिल्लामा ४५० भन्दा बढी 'प्यारालिगल कमिटी' को सञ्चालन र लैङ्गिक हिंसाविरुद्ध कानुनी व्यवस्था र समुदाय मध्यस्थतता गर्छन् । राष्ट्रियस्तरमा सरकारसँगको निकट साझेदारीमा काम गर्ने FWLD प्रहरी र सेनाका समेत प्रतिनिधि रहने सरकारको लैङ्गिक हिंसा कार्यसम्पादन समितिको एक सदस्य पनि हो । थप जानकारीका लागि हेर्नुहोस् : www.fwld.org.np

कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC) सन् १९८६ मा स्थापना भएको एक स्वतन्त्र गैरसरकारी संस्था हो । यसको उद्देश्य नेपालका महिला तथा बालबालिकाको अधिकार तथा चाहनाको प्रवर्द्धन र संरक्षण गर्ने रहेको छ । नीतिगत तहमा LACC ले सरकारी नीति निर्माण गर्ने निकायहरूमा लबी गर्छ भने बृहत् तथा सूक्ष्म तहमा LACC ले महिला तथा बालबालिकालाई निःशुल्क कानुनी सेवा प्रदान गर्ने र अधिकारका बारेमा सचेतना तथा लैङ्गिक संवेदनशील कार्यक्रम सञ्चालन गर्छ । LACC को नेपालका १२ जिल्लामा सञ्जाल छ जसमा स्थानीय वकिल, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधि छन् । यसले महिला तथा द्वन्द्वपीडितलाई पारालिगल तथा कानुनी सहयोग प्रदान गर्छन् । सीमान्तकृत महिला तथा द्वन्द्वपीडितलाई कानुनी सहयोग प्रदान गर्न LACC ले केन्द्र तथा जिल्ला तहमा नेपाल बार एसोसिएसनसँगको सहकार्यमा काम गरिराखेको छ । थप जानकारीका लागि हेर्नुहोस् : www.laccnepal.org

© २०१२ महिला कानुन तथा विकास मञ्च, इन्टरनेसनल एलर्ट र कानुनी सहयोग तथा परामर्श केन्द्र

सर्वाधिकार प्रकाशकमा सुरक्षित छ । पूरै स्रोत नखुलाई यस प्रकाशनको कुनै पनि अंश फेरि छाप्न, तान्न मिल्ने गरी भण्डारण गर्न वा कुनै पनि रूपमा कुनै पनि माध्यमबाट वा विद्युतीय माध्यमबाट, यन्त्रबाट, प्रतिलिपि बनाएर, रेकर्ड गरेर वा अन्य कुनै विधिबाट प्रसार गर्न पाइनेछैन । यो दस्तावेज www.fairjusticenepal.org वेबसाइटमा पनि उपलब्ध छ ।

*भाषा सम्पादन, ग्राफिक डिजाइन तथा मुद्रण* : पेजपरफेक्ट, काठमाडौं

# समायोजित वा पृथक् ?

## नेपालमा न्यायका लागि औपचारिक र अनौपचारिक न्याय प्रणाली कसरी कार्यरत छन्

जिल्ला अनुसन्धान प्रतिवेदन

वैशाख २०६८

# आभार

यस प्रतिवेदनले नेपालमा २०६८ सालको जेठदेखि भदौ महिनासम्म सम्पन्न गरिएको जिल्ला समीक्षाको प्रारम्भिक अनुसन्धान तथा विश्लेषण प्रस्तुत गर्छ । यो समीक्षा महिला कानुन र विकास मञ्च, कानुनी सहयोग तथा परामर्श केन्द्र र इन्टरनेसनल अलर्टले सम्पन्न गरेका थिए । महिला कानुन र विकास मञ्चका लोकहरि बस्याल, गीता शाह, भीम कसिंगर र श्यामसुन्दरप्रसाद शाह, कानुनी सहयोग तथा परामर्श केन्द्रका शशी अधिकारी, साधना श्रेष्ठ, शारदा सुब्बा, छवि बाँस्कोटा, रामबाबु घिमिरे र जानकी तुलाधर तथा इन्टरनेसनल अलर्टका मानबहादुर भण्डारी र रवीना श्रेष्ठले स्थलगत अनुसन्धान सम्पन्न गर्नुभएको हो ।

जिल्लाका प्रतिवेदनहरू महिला कानुन र विकास मञ्चका सविन श्रेष्ठ र लोकहरि बस्याल, कानुनी सहयोग तथा परामर्श केन्द्रका शारदा सुब्बा तथा इन्टरनेसनल अलर्टका मानबहादुर भण्डारी र रवीना श्रेष्ठले लेख्नुभएको हो तथा इन्टरनेसनल अलर्टका शार्लोट अनस्लो र रेबेका क्रोजियरले सम्पादन गर्नुभएको हो । परिचय तथा विश्लेषण खण्डहरू साधना घिमिरे भेटुवाल, रवीना श्रेष्ठ र मानबहादुर भण्डारीको सहयोगमा शार्लोट अनस्लो र रेबेका क्रोजियरले लेख्नुभएको हो ।

यो प्रतिवेदन 'पहुँचयोग्य न्यायका लागि साझेदारी' परियोजनाको उत्पादन हो, जसको उद्देश्य जोखिममा रहेका तथा सीमान्तकृत समूहलगायत नेपाली जनताका आवश्यकतालाई सम्बोधन गर्नका लागि औपचारिक न्याय क्षेत्रको प्रभावकारिता र उत्तरदायित्वलाई सबलीकरण गर्ने रहेको छ । यस परियोजनाका बारेमा थप जानकारीका लागि कृपया www.fairjusticenepal.org हेर्नुहोला ।

यो प्रतिवेदन युरोपेली सङ्घको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ । यसमा समावेश भएका विषयवस्तुको सम्पूर्ण जिम्मा इन्टरनेसनल अलर्ट, महिला कानुन र विकास मञ्च र कानुनी सहयोग तथा परामर्श केन्द्रको हो र कुनै पनि परिस्थितिमा युरापेली सङ्घको विचार प्रतिम्विम्बन भएको मानिने छैन ।

# विषय सूची

शब्दावली ........ ८
सारसङ्क्षेप ........ ९

१. परिचय ........ ११
२. बाँके ........ १२
३. जुम्ला ........ २१
४. कैलाली ........ २८
५. महोत्तरी ........ ३७
६. पाँचथर ........ ४४
७. सुनसरी ........ ५१
८. समग्र विश्लेषण: सरोकारका बुँदा ........ ६०
९. निष्कर्ष तथा आगामी चरण ........ ६४

अनुसूची १: अनुसन्धान पद्धति ........ ६५

# शब्दावली

**न्यायमा पहुँच** औपचारिक तथा अनौपचारिक न्यायिक निकायहरूद्वारा मानव अधिकारका सिद्धान्तसम्मत न्यायको खोजी गर्ने र प्राप्त गर्न सक्ने मानिसहरूको क्षमता[१] ।

**निर्णय मध्यस्थतता** जब तेस्रो पक्षलाई विवादको समाधान तथा विवादित पक्षहरूका तर्फबाट निर्णय गर्न औपचारिक वा अनौपचारिक अधिकार दिइन्छ, त्यो निर्णय मध्यस्थतता हुन्छ ।

**बडघर/भलमन्सा** थारू समुदायमा गाउँमा नेतृत्व दिन तथा विवाद मिलाउन स्थानीय गाउँसभाले छनोट गरेको विश्वासिलो, विवेकी, नैतिकवान तथा इमान्दार व्यक्ति ।

**पञ्चेती** पञ्चेती व्यवस्था विशेषगरी यादव र थारू समुदायमा अनुसरण गरिन्छ । पञ्चेती सामान्य रूपमा कुनै समस्या समाधान गर्न आयोजना गरिएको गाउँलेको भेला हो ।

**मौलवी र हाजी** मुसलमान धर्मगुरू जसले मुसलमान समुदायमा विवाद समाधानार्थ इस्लामी कानुन अनुसार सहजीकरण गर्छ ।

**अनौपचारिक न्यायिक संयन्त्र** अनौपचारिक न्यायिक संयन्त्रहरू राज्यद्वारा अनियन्त्रित प्रक्रिया हो जसले मानिसलाई न्याय प्रदान गर्ने, विवाद समाधान गर्ने र केही अवस्थामा शान्तिलाई प्रवर्द्धन गर्ने गर्छ । यसमा समुदायमा आधारित परम्परागत प्रचलनहरू जुन नेपालको परम्परागत संस्कृतिमा आधारित हुन्छन्, साथसाथै विकासे संस्थाहरूद्वारा प्रायोजित विवाद समाधान गर्ने संयन्त्रहरू जसले अनौपचारिक न्यायका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार आफ्नो संरचना तथा कार्यसञ्चालन गर्छन्, आदि पर्छन् ।

**माइजन** महोत्तरी तथा छिमेकी जिल्लाहरूका मधेसी समुदायमा विवाद समाधान गर्ने परम्परागत जातीय व्यवस्था माइजन हो ।

**मध्यस्थता** यो एक विवाद समाधान गर्ने व्यवस्था हो जसमा तेस्रो पक्ष (प्रायजसो मध्यस्थकर्ताहरूको एक समूह) बाट विवादित पक्षहरूलाई कुनै दबाब तथा बल प्रयोग नगरी आफैँ समाधान खोज्न मद्दत गरिन्छ । विवादको समाधानमा विवादित पक्षहरू आफैँ पुग्छन् र तेस्रो पक्षले सुझाएको हुँदैन । 'मध्यस्थतता' भन्नाले मध्यस्थकर्ताको सहयोगमा विवाद समाधानका लागि अवलम्बन गरिने प्रक्रिया हो[२] ।

**पक्ष** पक्ष भन्नाले विवादका पक्ष हो र यस शब्दले मुद्दा दर्ता गर्ने र कसुरदार नभएको दाबी गर्ने दुवैलाई जनाउँछ[३] ।

**अर्धन्यायिक निकाय** अर्धन्यायिक निकाय भन्नाले केही न्यायिक अधिकार दिएर सशक्त पारिएका प्रशासनिक निकाय हुन् ।

**गाउँ विकास समिति (गाविस)** गाउँ विकास समिति २०४६ सालमा पञ्चायतबाट लिइएको स्थानीय विकास मन्त्रालय मातहतको तल्लो तहको प्रशासनिक एकाइ हो । प्रत्येक जिल्लामा धेरै गाविस छन्, तिनीहरू नगरपालिका समान छन् । गाविसहरूलाई वडामा विभाजन गरिएको हुन्छ जुन जनसङ्ख्यामा आधारित हुन्छ ।

---

१ युएनडिपी (२००५), Programming for Justice: Access for All, न्युयोर्क, पेज ५


२ नेपाल ल कमिसन, मध्यस्थता ऐन २०११

३ ऐजन

# सारसङ्क्षेप

नेपालमा द्वन्द्वबाट शान्तितिर सङ्क्रमण भइरहेको तथा राज्यले विधिको शासन लागू गर्नु तथा सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्नु अत्यावश्यक भएको परिवेशमा यो अनुसन्धान प्रतिवेदन तयार गरिएको छ जसमा औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रहरूबीचको सम्बन्धलाई समीक्षा गरिएको छ। जनताको न्यायमा पहुँच अभिवृद्धि गर्न औपचारिक तथा अनौपचारिक न्यायिक संयन्त्रबीच समन्वय बढाउने अवसर पहिचान गर्ने यस अध्ययनको उद्देश्य थियो। यस अध्ययनका लक्षित पाठकमा राज्यका न्याय तथा सुरक्षा प्रदायक र पारालिगल कमिटी तथा सामुदायिक मेलमिलाप कार्यक्रम जस्ता अनौपचारिक न्याय क्षेत्रलाई सहयोग गरिरहेका विशेषगरी दातृ समुदाय हुन्। यो अध्ययन बाँके, जुम्ला, कैलाली, महोत्तरी, पाँचथर र सुनसरी जिल्लामा २०६८ जेठदेखि भदौ महिनासम्म गरिएको थियो।

**अनुसन्धानमा परेका जिल्ला**




## पत्ता लागेका प्रमुख कुरा

समन्वयः व्यक्तिगत, कहिलेकाहीँ आवश्यकतामा आधारित तर प्रणालीगत रूपमा अभावः औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रबीच व्यवस्थित समन्वयका बारेमा कमै प्रमाण उपलब्ध छन् या छैनन् भन्दा अत्युक्ति नहोला। तथापि यी निकायबीच सहकार्य र सेतु कायम गर्ने केही तदर्थ प्रयास भएका छन्। यिनीहरू विशेषगरी महिलासँग सम्बन्धित मुद्दाका हकमा भएका छन् तर समन्वयका लागि आवश्यक तथा व्यवस्थित प्रयासभन्दा लिङ्गमा आधारित हिंसाविरुद्धका उजुरीका हेर्नका लागि राज्यका न्यायिक निकायको क्षमताको कमीलाई ध्यानमा राखी लिएको कदमजस्तो देखिन्छ।

गैर-अदालती प्रक्रियाद्वारा न्यायको खोजीः मानिसहरूमा स-साना विवाद (जस्तैः सार्वजनिक अपराध, नागरिकता, साँध-सिमाना मिचाइ, भौतिक आक्रमण र लागूऔषध कारोबार) समाधानका लागि सहज पहुँच भएका मानिने नागरिक संयन्त्रहरूमा जाने बढ्दो प्रचलन छ। यी निकायमा कानुनी तालिमप्राप्त कर्मचारीको अभावका कारण कर्मचारीको स्वविवेक वा अनुभवका आधारमा निर्णय दिइने भएकाले चासो बढाएको छ। साथै यी निकायमा बाह्य हस्तक्षेप, विशेषगरी राजनीतिक दलबाट हुने गरेको देखिन्छ।

औपचारिक र अनौपचारिक न्यायिक संयन्त्र दलीय राजनीतिको प्रभाव वा हस्तक्षेपबाट अछुतो नरहेको अवस्थाः न्यायमा दलीय राजनीतिक हस्तक्षेप र चलखेल सबै जिल्लामा व्याप्त छ । परम्परागत संयन्त्रमा पनि दलीय राजनीतिको दबाबका कारण समुदायको यी निकायका निर्णयप्रतिको सम्मान घट्दो छ । अझ महिलाले दायर गर्ने उजुरीका सम्बन्धमा राजनीतिक दबाब व्यापकस्तरमा रहेको अनुसन्धानबाट उजागर भयो यद्यपि यस्तो हुनाको कारण त्यति स्पष्ट देखिएन ।

औपचारिक न्यायिक निकायमा पहुँचको अभावमा महिला र मध्यस्थता समूहहरूद्वारा महिलाका लागि न्यायिक सहजीकरणः महिलाहरू व्यापकस्तरमा (दातृ निकायद्वारा आर्थिक सहयोग प्राप्त) अनौपचारिक न्यायिक संयन्त्र प्रयोग गर्न रुचाउँछन् विशेषगरी घरेलु हिंसासम्बन्धी विषयमा । सबै समुदायका महिला परम्परागत न्यायप्रणाली तथा अदालत र प्रहरी जस्ता औपचारिक निकायको सहयोग लिन अनिच्छुक देखिन्छन् । आर्थिक र समयको बोझ बाहेक पुरुषको बोलवाला भएका र लैङ्गिक रूपमा असंवेदनशील संरचना, व्यवस्था र प्रवृत्तिका कारण यी निकाय महिलाका लागि अनाकर्षक छन् । धेरै परम्परागत न्यायप्रणालीले महिलालाई न्याय पाउने प्रक्रियाबाट वञ्चित गरेका छन् ।

पारालिगल कमिटीः जति बढी स्थापित भयो, उति नै बढी हस्तक्षेप र हिंसाको जोखिममा छन्ः जुन जिल्ला जहाँ पारालिगल कमिटीहरू लामो समयदेखि स्थापित छन् र आफ्नो सशक्त र सक्रिय उपस्थिति जनाएका छन्, मा उनीहरूले आफ्नो कर्तव्य निर्वाह र अनौपचारिक न्यायसम्पादनका दौरानमा ठूलो अवरोध खेप्नुपरेको बताए । अवरोधका रूपमा कमिटी सदस्यहरू कार्यसञ्चालनका क्रममा बढ्दो डरधम्की सहितको राजनीतिक हस्तक्षेपका साथै समुदायका असन्तुष्ट सदस्यबाट निश्चित विवादको छिनोफानोका क्रममा तारो बन्ने र हिंसाको सिकार हुने गरेका छन् । साथै पारिवारिक कर्तव्य र कमिटीमा बेतलबी तर गहन जिम्मेवारीबीचको असामञ्जस्यतालाई लिएर आफ्ना केही सदस्यमाथि घरभित्रै भौतिक र शाब्दिक दुर्व्यवहारका घटना हुने गरेको विवरण प्रायः सबै जिल्लाका पारालिगल कमिटीले दिएका थिए ।

अनौपचारिक न्यायिक समूह र युवाको घट्दो सम्मानका कारण केही जनजातीय परम्परागत न्यायिक संयन्त्र खस्कँदो अवस्थामा छन्ः जिल्लाहरूमा अन्य अनौपचारिक संयन्त्रको प्रभावकारिता र परम्परागत न्यायिक संयन्त्रको निर्णयमा युवाको सम्मानमा कमी हुँदै जानाले परम्परागत न्यायिक संयन्त्रहरू खस्कँदो अवस्थामा रहेको प्रमाण भेटिएको छ तर अन्य समुदायभन्दा फरक मुसलमान न्यायप्रणाली भने समयको परीक्षामा खरो उत्रिएको छ ।

भौगोलिक विकटता र भौतिक पूर्वाधारको अभावका कारण हिमाली र उच्च पहाडी जिल्लामा अनौपचारिक संयन्त्रको बढ्दो प्रयोगः सबै जिल्लामा भौगोलिक विकटता र औपचारिक न्यायमाथिको पहुँचको सम्बन्ध बारम्बार औंल्याइए तापनि केही जिल्लामा खास समस्या थियो । जुम्ला र पाँचथर जिल्लामा अत्यन्तै गम्भीर प्रकृतिका फौजदारी मुद्दामा मात्र औपचारिक न्यायिक निकायमा जाने गरिएको छ ।

अदालत प्रेषित मध्यस्थताः निष्प्रभावी वा अहिले नै भन्न अलि छिटो हुने ? कागजमा अत्यधिक भारले थिचिएको अदालती व्यवस्था र न्यून रूपमा नियन्त्रित मध्यस्थता क्षेत्रका लागि अदालत प्रेषित मध्यस्थता अति उत्तम समाधानका रूपमा रहेको देखिन्छ । तथापि कम सफलताको दर र बढी समय लाग्ने (यदि मेलमिलाप सफल भएन भने पक्षहरू पुनः अदालती प्रक्रियामा जानुपर्ने भएकाले) धेरैले यो सेवा लिन चाहँदैनन् ।

कानुनी सहायताः आर्थिक रूपमा सीमान्तकृतहरूको औपचारिक न्यायमा पहुँचको सुधारका लागि राज्य संयन्त्र सङ्घर्षरत रहेको छः प्रायजसो सबै जिल्लामा कानुनी सहायता सेवाहरू अत्यधिक सङ्कुचित रहने र समय समयमा मुस्किलले सञ्चालनमा आउने गरेको पाइएको छ । साथै कानुनी सहायतासम्बन्धी सिफारिस प्रावधान अनाकर्षक र समय-खर्चिलो छ र पारालिगल कमिटी जस्ता अनौपचारिक संयन्त्रहरू सेवाग्राहीलाई राज्यका कानुनी सहायता व्यवस्थामा पहुँच या ती व्यवस्थाको बुझाइमा प्रणालीगत सहयोग प्रदान गर्ने सामर्थ्य राख्छन् भन्ने विश्वासिलो प्रमाण छैन ।

# १. परिचय

दसवर्षे लामो द्वन्द्वपछि नेपाल अहिले लोकतन्त्र र दिगो शान्तिलाई संस्थागत गर्ने मार्गतिर अग्रसर भइरहेको छ । राज्यले विधिको शासन लागू गर्नु तथा सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्नु अहिलेको यो प्रक्रियाको एउटा प्रमुख चुनौती हो । राज्यको न्याय सेवा वर्तमान समयमा कमजोर, खर्च बढी लाग्ने, भौगोलिक कठिनाइ, भ्रष्टाचार, लामो तथा जटिल प्रक्रिया आदि सबैले गर्दा औसत नेपाली नागरिकलाई राज्यको न्याय सेवामा पहुँच पुग्नका लागि धेरै कठिनाइ भएको छ । महिला, गरिब तथा सीमान्तकृत समूहका नागरिकले राज्यका न्यायिक संयन्त्रमा सीमित पहुँच पाएको अनुभव गरेका छन् र राज्यका न्यायिक तथा सुरक्षा संयन्त्रहरू धनी तथा राजनीतिक सम्पर्क भएकाहरूका लागि मात्र हो भन्ने सामान्य बुझाइ छ । त्यसलै धेरैजसो मानिस विवाद समाधानका लागि अनौपचारिक न्याय प्रदायकमा जाने गरेको पाइन्छ, जसले सस्तो र तत्काल न्याय प्रदान गर्ने गर्छन् ।

विवाद समाधान गर्ने परम्परागत संयन्त्र, पारालिगल वा सामुदायिक मध्यस्थता समूह जस्ता दातृनिकायबाट प्रायोजित पहलकदमी र राज्य संयन्त्रभन्दा बाहिरबाट न्याय प्रदान गर्न संलग्न अन्य धेरै संयन्त्र जस्तै राजनीतिक दलहरू अनौपचारिक न्यायिक क्षेत्र अन्तर्गत पर्छन् । दातृनिकायबाट प्रायोजित अनौपचारिक न्यायिक क्षेत्र सुदृढ तथा वृद्धि हुँदै गइरहेको छ र गरिब तथा सीमान्तकृत जनतालाई न्यायमा पहुँच प्रदान गर्न अत्यावश्यक भूमिका खेल्नाका साथै राज्यको न्यायिक क्षेत्रमा भएको बोझ घटाउन सहयोग गरिरहेको छ । तथापि यस्ता अनौपचारिक क्षेत्रको भूमिकामाथि अनुगमन गर्न तथा सन्तुलन कायम राख्न राज्यको बलियो न्यायिक संयन्त्रको अभावका कारण केही अनौपचारिक न्यायिक संयन्त्रहरूले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर फौजदारी प्रकृतिका मुद्दामा समेत मध्यस्थता गर्ने र छिनोफानो गर्ने काम गरी राज्यको फौजदारी न्याय प्रणालीलाई प्रभावित पारिरहेको छ भन्ने सरोकार रहेको देखिन्छ । केही परम्परागत अनौपचारिक न्यायिक संयन्त्रहरूले मानव अधिकार तथा लैङ्गिक समानताका सिद्धान्तलाई आत्मसात् नगर्ने खालका निर्णय गर्ने तथा सजाय दिलाउने गरेको पनि पाइन्छ ।

यस प्रतिवेदनमा जिल्लामा गरिएको अध्ययनबाट पत्ता लागेका कुरा समेटिएका छन्, जसमा छ जिल्लामा भएका औपचारिक तथा अनौपचारिक न्याय प्रदायकका बारेमा तथा कसकसले के के उद्देश्यले कुन कुन संयन्त्रका सेवा प्रयोग गरिरहेका छन् भन्नेबारेमा समेटिएको छ । वर्तमान समयमा औपचारिक तथा अनौपचारिक न्यायकर्ताहरू कसरी एकअर्कामा अन्तर्क्रिया तथा समन्वय गरिरहेका छन् भन्ने न्याय सेवाका लागि एकीकृत शैली विकास गर्न अवसरहरू पहिचान गर्ने पनि यस अध्ययनको उद्देश्य थियो । यस अध्ययनका लक्षित पाठकहरूमा अनौपचारिक न्याय क्षेत्रलाई सहयोग गरिरहेका विशेषगरी दातृ समुदाय र राज्यका न्याय तथा सुरक्षा प्रदायकहरू हुन् । न्याय सेवाको सुदृढीकरण वा औपचारिक तथा अनौपचारिक क्षेत्रको समन्वय बढाउनका लागि उत्तर प्रदान गर्ने यस अध्ययनको उद्देश्य थिएन । यो पहिलो अध्ययन हो जसले यस सवालमा निरन्तर काम गर्न तथा बढाउँदै लैजान महत्वपूर्ण जानकारी प्रदान गर्नेछ ।

विसं २०६८ जेठदेखि भदौ महिनासम्म गरिएको यो अध्ययनले बाँके, जुम्ला, कैलाली, महोत्तरी, पाँचथर र सुनसरी जिल्ला समेटेको छ । अध्ययन विधिमा ३० लक्षित समूह छलफल र ७६ मुख्य जानिफकार व्यक्तिसँग अन्तर्वार्ता रहेका थिए । एक लक्षित समूह छलफल र तीन मुख्य जानिफकार व्यक्तिसँग अन्तर्वार्ता काभ्रे जिल्लामा लक्षित समूह छलफल तथा अध्ययन प्रश्नावलीको परीक्षणका लागि गरिएको थियो । लक्षित समूह छलफलका सहभागीहरू पारालिगल कमिटी, मध्यस्थता समिति, स्थानीय समुदाय र महिला समूह जस्ता अनौपचारिक न्यायिक संयन्त्रका सदस्य र राजनीतिक दलका सदस्य थिए । मुख्य जानिफकार व्यक्तिसँग अर्न्तवार्ता प्रमुख जिल्ला अधिकारी, न्यायाधीश तथा प्रहरी जस्ता सरकारी कर्मचारी तथा नागरिक समाजका अगुवासँग गरिएको थियो । लक्षित समूह छलफल तथा मुख्य जानिफकार व्यक्तिसँग अन्तर्वार्ताका सूचनालाई सुरक्षा तथा न्याय प्रदायकबाट उपलब्ध तथ्याङ्क तथा द्वितीय स्रोतबाट उपलब्ध तथ्याङ्कले परिपूरक गरिएको थियो । पत्ता लागेका कुराहरूको विश्लेषण साझेदार संस्थाका समूहद्वारा संयुक्त रूपमा काठमाडौँमा गरिएको थियो र प्रत्येक जिल्लामा जिल्लाका सरोकारवालासँग बैठक गरी सत्यता जाँच गरिएको थियो । अध्ययनमा प्रयोग गरिएका विधिका बारेमा थप जानकारीका लागि अनुसूची १: जिल्ला अध्ययन विधि हेर्नुहोला ।

# २. बाँके जिल्ला

## २.१. जिल्लाको परिवेश

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलमा पर्ने बाँके जिल्लाको सदरमुकाम नेपालगन्ज हो जुन मध्यपश्चिमाञ्चल क्षेत्रको प्रमुख व्यापारिक केन्द्र पनि हो। यस जिल्लाको सिमाना पश्चिममा बर्दिया, उत्तर र पूर्वमा दाङ, उत्तरमा सल्यान र दक्षिणमा भारतसँग जोडिएको छ। यस जिल्लाको करिब ५० प्रतिशत भूभाग वनजङ्गल तथा बुटचानले ढाकेको छ भने २५ प्रतिशत जमिन खेतीयोग्य छ।

**बाकस १: बाँके जिल्लाको एक झलक**

**क्षेत्रफल** २३३७ व.कि.मि.
**जनसङ्ख्या** ३८५,८४०
**प्रमुख जातजाति/धार्मिक समुदाय**
मुसलमान: २१%
थारू: १६.४२%
क्षेत्री: १२.३०%
ब्राह्मण: ५.९४%
**गाविस** ४६
**नगरपालिका** १
**निर्वाचन क्षेत्र** ४

**स्रोत:** *बाँके जिल्लाको वस्तुगत विवरण, २००५/०६, तथ्याङ्क कार्यालय, बाँके*

विसं २०५८ को जनगणना अनुसार बाँके जिल्लाको जनसङ्ख्या ३,८५,८४० रहेको छ। यस जिल्लामा ७८.४९ प्रतिशत जनसङ्ख्या हिन्दू १८.९९ प्रतिशत इस्लाम र २.०२ प्रतिशत बौद्ध धर्मावलम्बी छन्[४]। बाँकेमा ठूलो सङ्ख्यामा पहाडी र हिमाली क्षेत्रबाट बसाइँसराइ गरेर मानिस आउने भएकाले गर्दा जिल्लाको जनसाङ्ख्यिक विविधता र जनसङ्ख्या बढ्दै गरेको अनुमान छ। यहाँको औसत साक्षरता दर ५७.८% छ जसमध्ये पुरुष साक्षरता दर ६६.०६% र महिला साक्षरता दर ४९.२०% छ। बाँकेमा एक नगरपालिका र ४६ गाविस छन्, जसमध्ये नौ गाविस कम विकसित मानिन्छन्[५]।

बाँके जिल्ला सडक सञ्जाल, होटल, व्यापारिक बजार तथा शैक्षिक संस्थाहरूको विकासले गर्दा बिस्तारै नेपालको मध्यपश्चिमाञ्चल क्षेत्रको औद्योगिक र प्रशासनिक केन्द्रका रूपमा विकसित हुँदैछ। जिल्ला सदरमुकाम नेपालगन्ज भारतको उत्तर प्रदेश राज्यको सीमा बजारसँग जोडिएको छ र यस सहरबाट भारतीय बजारमा पुग्न १५ मिनेट मात्र लाग्छ। बाँके जिल्लाको अर्थतन्त्र कृषिमा मुख्यत: अन्नबाली र तरकारीबालीमा आधारित छ[६]।

यस जिल्लामा चार वटा निर्वाचन क्षेत्र छन्। विक्रम संवत् २०६४ को संविधानसभा चुनावमा तत्कालीन नेकपा (माओवादी) ले तीन र मधेसी जनाधिकार फोरमले एक निर्वाचन क्षेत्रमा विजय हासिल गरेका थिए[७]।

## २.२ बाँके जिल्लाका न्यायिक संयन्त्रहरूको एक झलक

बाँके जिल्लाका प्रायजसो प्रशासनिक तथा न्यायिक निकाय सदरमुकाममा छन्। पुनरावेदन अदालत, जिल्ला अदालत, अञ्चल प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बलको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय लगायत कार्यालय नेपालगन्जमा रहेका छन्। जिल्लामा जिल्ला प्रहरी कार्यालय अन्तर्गत ११ इलाका प्रहरी कार्यालय र १३ प्रहरी चौकी छन्। जिल्ला अदालतमा चार न्यायाधीश र ५० कर्मचारी कार्यरत छन् जसमध्ये ४२ पुरुष र आठ महिला छन्।

अनौपचारिक न्यायिक संयन्त्रतर्फ १६ वटा गाविसमा पारालिगल कमिटी[८] तथा नौ वटा गाविस र एक नगरपालिकामा मेलमिलाप समिति छन्[९]। सन् २००३ मा समुदायमा आधारित मेलमिलाप समिति दुई वटा गाविस र नगरपालिकामा सेलर्डद्वारा स्थापना गरिएका थिए, जसलाई पछि अन्य सात गाविसमा पनि विस्तार

---

४ बाँके जिल्लाको वस्तुगत विवरण, २००५, शाखा तथ्याङ्क कार्यालय बाँके, केन्द्रीय तथ्याङ्क ब्युरो नेपाल

५ बाँके जिल्ला विकास योजना, जिल्ला विकास समिति बाँके, २०१०/२०११

६ ऐजन, बाँकेमा ८३.३% जनसङ्ख्या कृषि र बाँकी १६.७% गैर–कृषि पेसामा संलग्न छन्।

७ निर्वाचन आयोग नेपाल (२०६४), संविधानसभा निर्वाचन प्रतिवेदन, २९ माघ २०६८ मा http://www.election.gov.np/reports/CAResults/reportBody.php मा उपलब्ध।

८ गाविस: शमशेरगन्ज, रजेना, वनकटुवा, कम्दी, तितिहिरिया, सीतापुर, उधरापुर, बेलभार, परशपुर, वनकट्टी, बिनौना, फतेपुर, रनियापुर, गनपुर, इन्द्रपुर र बैजापुर

९ गाविस: बागेश्वरी, रजेना, कोहलपुर, मनिकापुर, परशपुर, शमशेरगन्ज, खरुराकुर्द र पुरैनी तथा नेपालगन्ज नगरपालिका

गरिएको थियो । युएनडिपीको सहयोगमा सन् २००९ मा जिल्लाका १० गाविसमा मानव अधिकार तथा कानुनी संरक्षण सेवा केन्द्र स्थापना भएका थिए, जसलाई सन् २०११ मा युनिसेफलाई हस्तान्तरण गरियो । युनिसेफकै सहयोगमा महिला तथा बालबालिका कार्यालयले छ गाविसमा पारालिगल कमिटी गठन गरेको छ[१०] । अहिले जम्मा १६ गाविसमा पारालिगल कमिटी छन् ।

जिल्लामा परम्परागत विवाद समाधान संयन्त्र अन्तर्गत थारू जातिमा बडघर एवम् मुसलमान समुदायमा मौलवी तथा हाजीहरू रहेका छन् ।


## २.३ औपचारिक न्याय: बाँकेमा कसरी कार्य सम्पादन गरिरहेको छ

निम्न भागले बाँके जिल्लामा विवादका प्रकृति र सङ्ख्या अनि प्रभावकारिताका आधारमा औपचारिक न्यायिक संयन्त्रको अवस्था चित्रण गर्छ ।

### २.३.१ जिल्ला अदालत

बाँके जिल्ला अदालतमा विशेष गरी देवानी विवादमा अंश, सम्बन्धविच्छेद, निर्णय बदर, लिखत बदर, मोही कायम, हक कायमजस्ता मुद्दा तथा फौजदारी विवादमा कुटपिट, जबर्जस्ती करणी, डकैती, चोरी, कर्तव्य ज्यान, लागूऔषध, सवारी ज्यान, ज्यान उद्योग, अपहरण र मानव बेचबिखन जस्ता मुद्दा बढी आउने गरेका देखिन्छन् । बाँके जिल्लामा आव २०६७/६८ मा कुल ३,२०७ मुद्दा दर्ता भई लगत कायम रहेकामध्ये १,६४५ मुद्दा फछर्यौट भएका छन् भने १,५६२ मुद्दा फैसला हुन् बाँकी छन्[११] ।

चित्र १: बाँके जिल्ला अदालतमा रहेको मुद्दाका लगत र फछर्योटको स्थिति




### २.३.२ अदालत प्रेषित मेलमिलाप केन्द्र

बाँके जिल्ला अदालतमा २०६७/६८ मा मिलापत्रका लागि ९८ वटा मुद्दा मेलमिलाप केन्द्रमा पठाइएकामा १८ वटा मुद्दा मात्र मिलापत्र भएको देखिन्छ[१२] । यसले मिलापत्रबाट विवाद समाधान गर्ने प्रक्रिया प्रभावकारी हुन नसकेको देखाए पनि एउटा राम्रो सुरुआत भएको विश्वास छलफलका क्रममा प्रहरी र न्यायालयका प्रतिनिधिले अभिव्यक्त गरेका थिए[१३] । छलफलका क्रममा यो अभ्यास प्रभावकारी नहुनाको पछाडि मेलमिलापका सम्बन्धमा

---

१० गाविस: कम्दी, बेलभार, पारसपुर, वनकट्टी, रनियापुर र गनपुर

११ बाँके जिल्ला अदालतबाट प्राप्त तथ्याङ्क, जुलाई २०११

१२ ऐजन

१३ कानुन कार्यान्वयन गर्ने निकायहरूका बीचमा छलफल, २०६८ साउन १३

पर्याप्त परामर्श नहुनु, मेलमिलापकर्ताको निष्पक्षता, दक्षता तथा उनीहरूको व्यवहार, मेलमिलाप हुने प्रकृतिको भन्दा जटिल प्रकृतिका मुद्दा मेलमिलापका लागि सिफारिस गरिनु आदि कारण रहेको निष्कर्ष निकालिएको थियो[१४]।

## २.३.३ पुनरावेदन अदालत

बाँके जिल्लामा एउटा पुनरावेदन अदालत रहेको छ। यस अदालतमा देवानी तथा फौजदारी दुवै प्रकृतिका मुद्दा आउने गरेका छन्। देवानी मुद्दा अन्तर्गत लेनदेन, जग्गा किचलो, लिखत बदर, दर्ता बदर, निर्णय बदर, मोही निष्काशन जस्ता विवाद आउने गरेका छन् भने फौजदारी विवाद अन्तर्गत ज्यान मार्ने, करणी, लागूऔषध, मानव बेचबिखन, जालसाजी र अपहरण लगायत मुद्दा छन्। यी विवादको फैसला सामान्यतया एक वर्षदेखि डेढ वर्षका बीचमा हुने गरेको छ[१५]। पुनरावेदन अदालतमा आर्थिक वर्ष २०६७/६८ मा कुल ९४४ वटा मुद्दा लगत कायम रहेकामा ५०१ वटा (५४ प्रतिशत) देवानी र ४३३ (४६ प्रतिशत) फौजदारी मुद्दा रहेका थिए। यीमध्ये जम्मा ६४० वटा मुद्दाको फछर्योट भएका छन् भने ३०४ मुद्दा कारवाहीको प्रक्रियामा रहेका थिए।


### तालिका १: पुनरावेदन अदालत बाँकेमा दर्ता भएका मुद्दा

| क्र.सं | मुद्दाका किसिम | लागत | सदर | फछर्योट | केही उल्टी | अन्य | जम्मा | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १ | देवानी | ५०१ | २३८ | २९ | १२ | ५६ | ३३५ | १६६ |
| २ | फौजदारी | ४४३ | १८९ | ५३ | १५ | ४८ | ३०५ | १३८ |
| जम्मा | | ९४४ | ४२७ | ८२ | २७ | १०४ | ६४० | ३०४ |

## २.३.४ जिल्ला प्रशासन कार्यालय (जिप्रका)

जिल्ला प्रशासन कार्यालय बाँकेमा सार्वजनिक अपराधसँग सम्बन्धित मुद्दा ठूलो सङ्ख्यामा दर्ता हुने गरेका छन्।

### चित्र २: जिल्ला अदालतमा दर्ता भएका मुद्दाको स्थिति




[१४] ऐजन


[१५] बाँके पुनरावेदन अदालतबाट प्राप्त सूचना, जुलाई २०११

त्यसै गरी नागरिकता, सार्वजनिक अराजकता र शान्तिमा खलल, हातहतियार तथा खरखजाना, आवश्यक वस्तु संरक्षण, कालोबजारी, गुणस्तरहीन वस्तुसम्बन्धी मुद्दा पनि त्यहाँ दर्ता हुने गरेका छन्। यस वर्ष झन्डै ४०० को सङ्ख्यामा यस्ता मुद्दा दर्ता भएका थिए। जिप्रकाले धेरैजसो मुद्दा दुई तीन महिनामा नै समाधान गर्ने गरेको बताएको छ। झगडिया पक्षहरूलाई प्रहरीको सहयोगमा जिप्रकामा बोलाई बयान लिने काम गरिन्छ। सम्पत्तिसम्बन्धी उजुरीमा जिप्रकाले सम्पत्ति जफत गर्ने, वास्तविक जग्गाधनीलाई फिर्ता दिने वा गाविस या नगरपालिकालाई हस्तान्तरण गर्ने वा मुद्दाको अन्तिम किनाराका लागि विवादित पक्षहरूलाई अदालतमा जाने आदेश दिन सक्छ। शान्तिसुरक्षाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा जारी गर्न सक्छ साथै जिल्लाको शान्तिसुरक्षामा खलल पुऱ्याउने जो कोहीलाई रु ५०० जरिवाना वा एक महिना कैद या दुवै सजाय दिलाउन सक्छ[१६]।

### २.३.५ जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय बाँकेमा कर्तव्य ज्यान, सार्वजनिक अपराध, सवारी ज्यान, आत्महत्या, बेपत्ता, भवितव्य, मानव बेचबिखन, जबर्जस्ती करणी, व्यक्ति अपहरण, चोरी, लागूऔषध जस्ता मुद्दाको उजुरी आउने गरेको तथ्याङ्कले देखाउँछ। आर्थिक वर्ष २०६७/६८ मा जिल्ला प्रहरी कार्यालयमा ६६ वटा उजुरी दर्ता हुन् आएका देखिन्छन्। यसै गरी प्रहरी महिला सेलमा (महिला तथा बालबालिका सेवा केन्द्र) सामाजिक हिंसा तथा घरेलु हिंसाका उजुरी धेरै आउने गरेको तथ्याङ्कबाट थाहा हुन्छ। विसं २०६८ साउनदेखि असोजसम्म यस्ता उजुरीको सङ्ख्या २१ पुगिसकेको पाइन्छ।

**चित्र ३: प्रहरी महिला सेल बाँकेमा दर्ता भएका मुद्दाको स्थिति**




### महिला तथा बालबालिका सेवा केन्द्र

बाँके जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रमा एक जना महिला प्रहरी सहायक निरीक्षक र एक जना महिला हवल्दार खटाइएको छ। केन्द्रले पीडित महिलाको प्रारम्भिक बयान लिने र जिप्रका अन्तर्गतको मुद्दा शाखामार्फत मुद्दा चलाउने गरेको छ। केन्द्रमा पर्याप्त भौतिक संरचनाको व्यवस्था छैन। केन्द्र केवल एउटा कोठा, दराज र पीडितहरू बस्नका लागि एउटा कुर्सीमा सीमित छ। केन्द्रमा पीडितलाई परामर्श दिन तथा अभियुक्तसँग बयान लिन छुट्टै कोठाको व्यवस्था छैन। अतः एकभन्दा बढी पीडित आएको अवस्थामा एक पीडितको कुरा अर्को पीडितले सुन्ने हुँदा गोपनीयता कायम रहने अवस्था छैन। केन्द्रका कर्मचारीलाई उनीहरूको दक्षता अभिवृद्धिका लागि उपयुक्त तालिम समेत उपलब्ध गराइएको छैन।

पीडितहरूलाई तत्काल सेवा केन्द्रमा राख्नुपर्ने अवस्था भएमा सेवा केन्द्रमा पठाइने गरेको र उक्त केन्द्रमा रहँदा पीडितको आवश्यकता अनुसार मनोविमर्श सेवा तथा कानुनी सहायता एवं परामर्श दिने गरेको पाइन्छ। उक्त

[१६] धारा ६, स्थानीय शासन ऐन (१९७१)

केन्द्रमा पीडितहरूका लागि खाना तथा बसोबासको व्यवस्था महिला विकास कार्यालयले गरेको छ । केन्द्रमा विशेषतः मानव बेचबिखनबाट पीडित महिलाहरू लामो समयसम्म बस्ने गरेका छन् । सेवा केन्द्रको अवलोकनका क्रममा कतिपय पीडितलाई डेढ वर्षको अवधिसम्म पनि केन्द्रमा राखिएको पाइयो । पीडित महिलाहरूलाई कानुनी परामर्श दिन बाँके जिल्ला बार एसोसिएसनबाट महिला कानुन व्यवसायी खटाइएको छ र यसबाट पीडित महिलाले केही हदसम्म कानुनी सहयोग पाइरहेका छन् ।

### २.३.६ राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय

मध्यपश्चिम क्षेत्रमा अवस्थित राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय नेपालगन्जमा मानव अधिकार उल्लङ्घनविरुद्धका वार्षिक रूपमा ५०/६० वटा उजुरी पर्ने गरेका छन् । आयोगमा पर्ने उजुरीमा करिब ८० प्रतिशत नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनसँग सम्बन्धित छन् भने बाँकी २० प्रतिशतमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बालअधिकार, यातनाविरुद्धको हकको उल्लङ्घन लगायत उजुरी रहेका छन्[१७] ।

मानव अधिकार आयोगमा उजुरी गर्ने प्रक्रिया अत्यन्त सरल छ । आयोगमा पीडितले फोनबाट पनि घटनाको उजुरी दिन सक्छन् भने सङ्घसंस्थाहरूले पनि उजुरी गर्न सक्छन् । आयोगमा आयोगको क्षेत्राधिकारभन्दा बाहिरका उजुरी (फौजदारी मुद्दा जस्तै कर्तव्य ज्यान, बलात्कार)पनि आउने गरेको र त्यस्ता उजुरीलाई प्रहरी वा अदालतमा थप कारबाहीका लागि पठाइदिने गरिएको छ । मध्यपश्चिमाञ्चल क्षेत्रमा द्वन्द्वकालमा मात्रै करिब छ सय व्यक्ति बेपत्ता भएका उजुरी परेका छन् ।

## २.४ अनौपचारिक न्यायः बाँकेमा कसरी कार्य सम्पादन गरिराखेको छ

यस खण्डमा बाँकेमा अनौपचारिक न्यायिक संयन्त्रमा दायर हुने उजुरी, तीमाथिको कारवाही प्रक्रिया, उजुरीका प्रकारका साथै न्यायसम्पादनको प्रभावकारिताबारेमा प्रकाश पारिएको छ ।

### २.४.१ समुदायमा आधारित पारालिगल र सामुदायिक मध्यस्थता केन्द्र

सन् २००९ मा बाँके जिल्लामा संयुक्त राष्ट्रसङ्घीय विकास परियोजनाको सहयोगमा १० गाविसमा[१८] समुदायमा आधारित पारालिगल कमिटीहरू स्थापना भए । त्यसैगरी महिला तथा बालबालिका कार्यालयको अगुवाइमा छ गाविसमा यस्तै कमिटी गठन भएका छन् । राष्ट्रसङ्घीय विकास परियोजनाको सहयोगमा निर्मित पारालिगल कमिटीहरू डिसेम्बर २०११ मा युनिसेफलाई हस्तान्तरण गरिएको थियो । अहिले ती कमिटी महिला तथा बालबालिका कार्यालयको सहायता र सुपरीवेक्षणमा सञ्चालित छन् । विभिन्न गैरसरकारी संस्था जस्तै सेलेर्डको सहयोगमा नौ गाविस र एक नगरपालिकामा सामुदायिक मध्यस्थता केन्द्रहरू क्रियाशील छन् ।

मुद्दाको सङ्ख्या र किसिमबारे छलफल गर्दा वनकटुवा गाविसका मध्यस्थकर्ता समक्ष महिनामा दुईदेखि चार विवाद आउने गरेका र त्यस्ता विवाद दुई-चार दिनमै समाधान गर्ने गरिएको छ । वेलवार गाविसमा छ वर्षदेखि पारालिगल समूह क्रियाशील रहेको र उक्त समूहमा प्रतिमहिना १०–१२ विवाद आउने गरेका छन् । पारसपुर गाविसमा विशेष गरी बालविवाह, घरेलु हिंसा, झैंझगडा जस्ता विवाद मासिक दुई तीन वटाका दरले आउने गरेका देखिन्छन् । कोहलपुर गाविस र सीतापुर गाविसका पारालिगल कमिटीमा महिनाको ४–५ विवाद आउने गरेका पाइन्छन्[१९] ।

घरेलु हिंसा (सामान्य पतिपत्नी विवाद,), दाइजोसम्बधी हिंसा (सामान्य विवाद र भौतिक तथा मनोसामाजिक हिंसा), सडकमा पहुँच, बाली नष्ट, भौतिक आक्रमण र सामान्य सामुदायिक विवादहरू पारालिगल र सामुदायिक

---

१७ राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालयका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ साउन २३

१८ गाविसः बागेश्वरी, रजेना, कोहलपुर, मनिकापुर, पारसपुर, चिसापानी, शमशेरगन्ज, खरौराकुर्द र पुरौनी र नेपालगन्ज नगरपालिका

१९ पारालिगल तथा सामुदायिक मध्यस्थ समूहसँगको गरिएको छलफल, नेपालगन्ज, २०६८ साउन २५

मध्यस्थता केन्द्रमा आउने गरेका छन्[२०] । कतिपय अवस्थामा गम्भीर प्रकृतिका फौजदारी मुद्दा जस्तै बलात्कार, चेलीबेटी बेचबिखन पनि यी संयन्त्रमा ल्याइने गरिएको छ जसलाई सम्बन्धित निकायमा पठाउने गरेको जानकारी त्यहाँबाट प्राप्त भएको थियो[२१] ।

विवाद समाधान गर्ने सम्बन्धमा पारालिगल कमिटी तथा मध्यस्थकर्ताका लागि भनेर युनिसेफ, युएनडिपी, द एसिया फाउन्डेसन जस्ता संस्थाको सहयोगमा तयार गरिएका आचारसंहिता तथा कानुनी ज्ञानको तालिम यसका सदस्य तथा मध्यस्थकर्ताले प्राप्त गरेका छन् तर पारालिगल कमिटी तथा मध्यस्थकर्ताहरूसँग स्पष्ट निर्देशिका वा कार्यविधि नहुँदा न्याय प्रदान गर्ने सम्बन्धमा ती समूहले आफ्नो ज्ञान तथा विवेकको नै प्रयोग गर्ने गरेका छन् । सामान्यतया मिलापत्र गराउँदा लिखित रूपमा पक्ष विपक्षको सहीछाप गराउने र आफूले हेर्न नमिल्ने प्रकृतिका विवाद सम्बन्धित निकायमा पठाउने गरिएको समेत जानकारी त्यहाँबाट प्राप्त भएको थियो[२२] । कतिपय अवस्थामा अदालतबाट फैसला भई कार्यान्वयन हुन नसकेका जग्गा किचलोसम्बन्धी विवाद समेत पारालिगल तथा मध्यस्थकर्ताहरूले मिलाएको पाइन्छ ।

**घटना अध्ययन १ः लैङ्गिक हिंसाका पीडितलाई कानुनी सहयोग**

श्रीमान्ले बारम्बार कुटपिट गरेपछि उठरापुर गाविसकी एक पीडित महिलाले न्यायका लागि उठरापुर पारालिगल एकाइमा निवेदन दिइन् । पारालिगल कमिटीले दुवै श्रीमान् श्रीमतीलाई बोलाई, छलफल गरी सँगै बस्ने गरी मिलापत्र गरायो तर मिलापत्रपछि पनि निज श्रीमान्ले आफ्नी श्रीमती पिटन छाडेनन् उल्टै निज पीडित महिलालाई घरनिकाला गरे । पारालिगल कमिटीको सल्लाह र सहयोगमा जिल्ला बार एसोसिएसन कानुन व्यवसायी महिला केन्द्रमार्फत पीडित महिलाले जिल्ला अदालतमा अंश सहितको सम्बन्धविच्छेद मुद्दा दायर गरिन् । हाल सो मुद्दा अदालतमा विचाराधीन छ । न्यायका लागि अदालतसम्म आउनुपरेको र निज अदालतसम्म आउन सक्नमा पारालिगल कमिटी तथा निःशुल्क कानुनी सेवा दिने जिल्ला बार एसोसिएसनको कानुन व्यवसायी महिला शाखाको ठूलो सहयोग रहेको पीडित महिला बताउँछिन् ।

### २.४.२ परम्परागत न्यायिक संयन्त्र

#### *बडघर*

बाँके जिल्लाको थारू समुदायमा प्रचलित बडघर प्रथाले स्थानीयस्तरमा उक्त समुदायमा हुने विवादलाई स्थानीयस्तरमै समाधान गर्ने गरेको पाइन्छ । यिनीहरूले समाजमा भएका सामान्य विवादका साथै महिला हिंसा, घरेलु हिंसा, बालविवाह, बहुविवाहजस्ता विवादमा मेलमिलाप गराउने गरेको देखिन्छ । विवादका दुवै पक्षलाई राखी छलफल गराई अन्यायमा परेको व्यक्तिलाई न्याय दिने कार्य बडघरले गर्ने गरेको छ । तथापि समयको परिवर्तनसँगै बडघरप्रतिको समुदायको आस्था र यसको औचित्य कम हुँदै गएको देखिन्छ[२३] । बडघरको निर्णयलाई युवा वर्गले नमान्ने, राजनीतिक दलैपिच्छे बडघर निर्माण हुने, बडघरको छनोटमा कुनै स्थापित मान्यता र पद्धतिको अभाव, विवाद समाधान प्रक्रियामा न्यायका स्पष्ट मूल्य र मान्यता अवलम्बन नगरी परम्परागत प्रक्रियाको अवलम्बन तथा पारालिगल तथा मध्यस्थकर्ताको बढ्दो क्रियाशीलताका कारण बडघरजस्तो परम्परागत न्यायिक संयन्त्र ओझेलमा पर्दै गएको देखिन्छ ।

#### *मौलवी*

मुसलमान समुदायका व्यक्तिहरूले आफ्नो विवादलाई औपचारिक न्यायिक निकायसम्म लैजाने नगरेको मुसलमान समाजका मानिसहरूले बताए । सो समुदायमा हुने झैंझगडा, कुटपिट तथा अन्य प्रकृतिका विवाद समाधान

---

२० घरेलु हिंसाका दोषीलाई फौजदारी न्यायप्रणाली अन्तर्गत सजाय दिइँदैन । मुलुकी ऐन अनुसार कुटपिटको सामान्य मुद्दामा राज्यले कार्वाही गर्नुपर्देन, यस्ता मुद्दा अनौपचारिक प्रणालीलाई दिइन्छ । सार्वजनिक शान्ति सुरक्षालाई असर गर्ने तथा विधिको शासनलाई खलल गर्नेखालका केही मुद्दालाई भने राज्यले कारबाही चलाउँछ ।

२१ पारालिगल तथा मध्यस्त समूहसँगको छलफल, वनकटुवा गाविस, २०६८ साउन २४-२५

२२ पारालिगल तथा सामुदायिक मध्यस्थ समूहसँगको गरिएको छलफल, नेपालगन्ज, २०६८ साउन २५

२३ बडघरका नेतासँग अन्तर्वार्ता, बाँके, २०६८ साउन २५

समुदायका अगुवा, मौलवी तथा हाजीहरूले गर्ने गरेका छन् । समुदायमा विशेषगरी महिलामाथि घरेलु हिंसा बढी हुने गरेको र आफूलाई पर्दाभित्र राख्नुपर्ने धार्मिक मान्यताले गर्दा महिलाहरू शिक्षा, स्वास्थ्य तथा न्यायका आधारभूत अधिकारबाट समेत वञ्चित भइरहेको तथ्यलाई समूह छलफलका सहभागीले स्वीकार गरे । विवाद मिलाउँदा आधुनिक राज्यमा स्थापित लैङ्गिक तथा मानव अधिकारसम्बन्धी सिद्धान्त तथा कानुनी प्रक्रियाको अवलम्बन नगरी मुसलमान धार्मिक ग्रन्थ कुरानका आधारमा निर्णय गर्ने गरेको स्थानीयवासी मौलवीहरूले जानकारी गराएका थिए । मुसलमान बाहुल्य रहेका परशपुर, रनियापुर र उदरापुर गाविसमा पारालिगल कमिटीहरू सञ्चालित छन् जसमा महिला मुसलमान सदस्यको पनि उपस्थिति छ तर उनीहरूका अनुसार घरेलु हिंसा र यौन अनि लिङ्गमा आधारित विवादका सम्बन्धमा हस्तक्षेप गर्न उनीहरूलाई कठिन छ ।

## २.५ बाँकेमा न्यायमा पहुँचः एक विश्लेषण

### *कसले न्यायमा पहुँच पाएका छन्*

सामान्यतया राज्य संयन्त्रद्वारा प्रदान गरिने न्याय वा अन्य सेवासुविधामा नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाका आधारमा विभेद गरिँदैन । तथापि मानिसलाई न्यायमा पाउनका लागि बाँकेमा यी तवले प्रभाव पारेका छन् । मुसलमान समुदायमा गम्भीर प्रकृतिका फौजदारी अपराध जस्तैः ज्यान मार्ने, जबर्जस्ती करणी तथा मानव बेचबिखनका अपराध बाहेक अन्य प्रकृतिका विवादको स्थानीयस्तरमा रहेका मुसलमान पुरुष नेताले समाधान गर्ने गरेका छन् । साथै पितृसत्तात्मक संरचना र आधुनिक राज्यका कानुनी मान्यतामाथि परम्परागत पद्दतिको हाबी भएका कारण विशेषतः महिलाको निष्पक्ष न्यायमा प्रभावशाली पहुँचको अभाव छ[२४] । समाजका अशिक्षित तथा कमजोर आर्थिक अवस्था भएका व्यक्ति न्यायका लागि औपचारिक न्याय प्रणालीमा जाने नगरेका, त्यति मात्र नभई अशिक्षित र पिछडिएको समाजका महिला घरेलु हिंसाबाट पीडित हुने गरे पनि न्यायको खोजीका लागि सामान्यतया प्रहरी र अदालतसम्म नपुग्ने गरेको पाइएको छ[२५] ।

यस्तो हुनाको कारण उनीहरूलाई उजुरी गर्ने स्थान वा निकाय तथा न्याय प्राप्त गर्ने प्रक्रियाका बारेमा जानकारी नहुनु र त्यस्ता निकाय समक्ष गए पनि त्यहाँ बढी समय लाग्ने र त्यस प्रक्रियामा लाग्ने खर्च वहन गर्न नसक्नु हो[२६] ।

विवाद समाधानका लागि अनौपचारिक न्यायिक संयन्त्रलाई प्राथमिकता दिइनाका कारणमा विवाद समाधान छिटो छरितो हुनु, निःशुल्क न्याय पाइनु, घरदैलोमै न्याय प्राप्त हुनु र पीडितले विश्वासयोग्य व्यक्ति छनोट गर्न पाउनु आदि रहेका छन् । विशेषगरी घरेलु हिंसासम्बन्धी विवादमा पीडित महिलाले महिलासमक्ष आफ्ना कुरा राख्न सहज महसुस गर्ने र पारालिगल तथा मध्यस्थ समूहमा महिलाको उपस्थिति हुने हुनाले पनि पीडितहरू न्यायका लागि अनौपचारिक संयन्त्रमा जाने गरेका हुन्छन् किनकि औपचारिक निकायमा महिला सदस्यको अभाव छ । यस्ता साना प्रकृतिका विवाद अनौपचारिक न्यायिक संयन्त्रमा समाधान हुँदा जटिल प्रकृतिका विवादमा अदालतले पर्याप्त ध्यान दिन पाउने र अदालतमा मुद्दाको चापमा कमी आउने औपचारिक निकायसँग सम्बन्धित व्यक्तिको भनाइ छ[२७] ।

विद्यमान न्याय प्रणालीमा सेवाग्राहीको पहुँच छ वा छैन अर्थात् उनीहरूले सहज रूपमा न्याय सेवा प्राप्त गर्न सकेका छन् वा छैनन् भन्ने जिज्ञासामा बाँके जिल्लामा ५० प्रतिशत उत्तरदाताले सेवाग्राही सहज रूपमा न्याय सेवा प्राप्त गर्न सफल रहेको तर ३३ प्रतिशतले असफल रहेको बताए भने १७ प्रतिशत उत्तरदाताले जवाफ दिन चाहेनन् । यसबाट अझै पनि ठूलो सङ्ख्यामा नागरिकले जिल्लामा सहज रूपमा न्याय प्राप्त गर्न सकिरहेको अवस्था छैन भन्ने स्पष्ट हुन्छ ।

---

२४ मुसलमान समूहसँगको छलफल, जैसपुर गाविस, बाँके, २०६८ साउन १२

२५ राजनीतिक दलसँगको छलफल, नेपालगन्ज, २०६८ साउन १३


२६ ऐजन

२७ कानुनी सहायतासम्बन्धी वकिलसँग अन्तर्वार्ता, नेपालगन्ज, २०६८ साउन १३

त्यसै गरी कतिपय अवस्थामा गाउँमा बिचौलियाले औपचारिक संयन्त्रमा आफ्नो मुद्दा दर्ता गरेमा मुद्दाका दुवै पक्षलाई जिताइदिने भन्दै दुवैतर्फबाट रकम लिने गरेकाले मुद्दाका दुवै पक्ष ठगिने अवस्था रहेको जानकारी छलफलका सहभागीबाट पाइएको थियो ।

एक न्यायिक क्षेत्रका कर्मचारीका अनुसार अनौपचारिक निकायबाट हुने विवाद समाधानका क्रममा वा अदालत बाहिर पीडितलाई कानुनी परामर्श दिने कुरामा कानुनी प्रतिनिधित्व हुन नसकेको तथा उल्लिखित क्षेत्रसम्म कानुनी सहयोग तथा परामर्श पुऱ्याउने कार्य निकै चुनौतीपूर्ण रहेको छ[२८] ।

### चित्र ४: विद्यमान न्याय प्रणालीवाट सेवाग्राही न्याय प्राप्त गर्न सफल भएका छन् वा छैनन्




## २.६ औपचारिक तथा अनौपचारिक न्यायिक निकायबीच समन्वयको अवस्था : सबलीकरणका लागि अवसर

प्रत्येक जिल्लामा सन् २०१० मा अदालती नियमानुसार न्याय क्षेत्र समन्वय समिति स्थापना भएका छन् । यस समितिको उद्देश्य जिल्लाका नागरिक समाज र साझेदारका बीच न्यायमा पहुँच प्रवर्द्धनका लागि समन्वय गर्नु हो । त्यसैगरी जिल्ला स्रोत समूह प्रत्येक जिल्लामा प्रधानमन्त्रीको कार्यालयको निर्देशनद्वारा महिला विकास कार्यालय मार्फत स्थापना गरिएको छ । जिल्ला स्रोत समूहको उद्देश्य सान्दर्भिक सरकारी निकाय र नागरिक समाजबीच लिङ्गमा आधारित हिंसालाई सम्बोधन गर्नका लागि सञ्जाल निर्माण र समन्वय गर्नु हो । अनुसन्धानका क्रममा, जिप्रकाका कर्मचारी लगायत कमै मात्र उत्तरदातालाई न्याय क्षेत्र समन्वय समितिका बारेमा जानकारी रहेको तर तुलनात्मक रूपमा धेरै उत्तरदातालाई जिल्ला स्रोत समूहका बारेमा जानकारी रहेको पाइयो । यद्यपि दुवै संस्था त्यति सक्रिय रहेको देखिएन ।

विभिन्न छलफल र अन्तर्वार्ताका क्रममा जिल्लामा अवस्थित पारालिगल कमिटी तथा सामुदायिक मध्यस्थकर्ताहरूले आफूहरूले विवाद समाधानको सिलसिलामा प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र, महिला तथा बालबालिका कार्यालय लगायत राज्यका न्यायिक निकायसँग सहकार्य तथा समन्वय गर्ने गरेको बताए । साथै पारालिगल कमिटीका सदस्यहरूले जिल्ला बार एसोसिएसन कानुनी सहायता समिति तथा अन्य सङ्घसंस्था र अन्य गाविसका पारालिगल कमिटीसँग पीडितका लागि कानुनी तथा अन्य सहयोगका लागि सहकार्य तथा समन्वय गर्ने गरेको बताए ।

[२८] कानुन कार्यान्वयन गर्ने निकायका कर्मचारीसँग छलफल, नेपालगन्ज, २०६८ साउन १३

त्यसैगरी जिप्रका तथा प्रहरी कार्यालयहरूले समेत लैङ्गिक तथा अन्य सामाजिक हिंसा जस्तै बोक्सीको आरोप र साना विवाद समाधान गर्न सम्बन्धित गाविसका पारालिगल कमिटीहरूसँग आवश्यक सहयोग माग्ने गरेको पारालिगल कमिटीका सदस्य र सामुदायिक मध्यस्थकर्ताले बताए । तथापि अनौपचारिक न्यायिक संयन्त्र र अदालतबीच प्रत्यक्ष समन्वय र सहकार्य भने हुने गरेको पाइएन । अध्ययनका सिलसिलामा गरिएको छलफलमा अधिकांश सहभागीले औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रबीच यस किसिमको समन्वय, परामर्श र सहकार्य अत्यन्त आवश्यक रहेको र अनौपचारिक निकायलाई कानुनी मान्यता दिई संस्थागत गर्नाका साथै लैङ्गिक र मानव अधिकारका मूल्यमान्यता पालना गर्न परम्परागत संयन्त्रको क्षमता अभिवृद्धिका लागि सहयोग आवश्यक रहेको बताए[२९] । यसका लागि आवश्यक नीतिगत तथा कानुनी संयन्त्रको समेत व्यवस्था हुनुपर्ने महसुस गरियो[३०] ।

२९ बाँके जिल्लामा गरिएको स्थलगत अनुसन्धान, नेपालगन्ज, २०६८ साउन १२-१५

३० ऐजन

# ३. जुम्ला जिल्ला

## ३.१ जिल्लाको परिवेश

जुम्ला जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने कर्णाली अञ्चलको सदरमुकाम हो। यसको सिमाना पूर्वमा डोल्पा, पश्चिममा कालीकोट, उत्तरमा मुगु र दक्षिणमा जाजरकोट जिल्लासँग जोडिएको छ। यस जिल्लाले २,५३१ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ[३१]।

विसं २०५८ को जनगणना अनुसार जिल्लाको जनसङ्ख्या ८९,४२७ रहेको छ, जसमध्ये ४३,५७९ पुरुष र ४५,८४८ महिला छन्। यहाँका अधिकांश मानिस हिन्दू धर्मावलम्बी (७६%) छन् र बाँकी बौद्ध, इसाई, जैन, इस्लाम र बहाइ धर्मावलम्बी छन्। जिल्लामा ४८ जातजातिको बसोबास छ। विसं २०५८ को जनगणना अनुसार जिल्लामा मुख्य रूपमा क्षेत्री (४९%), ब्राह्मण (७%) र सार्की (५%) को बसोबास छ[३२]।

**बाकस २: जुम्लाको एक झलक**

**क्षेत्रफल** २,५३१ वर्ग कि.मि.
**जनसङ्ख्या** ८९,४२७
**मुख्य जातजाति धार्मिक समूहहरू**
क्षेत्री ४९%
ब्राह्मण ७%
सार्की ५%
हिन्दू ७६%
**गाविस** ३०
**नगरपालिका** ०
**निर्वाचन क्षेत्र** १

**स्रोत:** *जुम्ला जिल्लाको वस्तुगत विवरण २०६२, शाखा तथ्याङ्क कार्यालय, जुम्ला*

फलफूल तथा तरकारी खेती, पशुपालन र जडिबुटी जस्तै यार्सागुम्बाको सङ्कलन र व्यापारले जुम्ला जिल्लाको अर्थतन्त्र चलेको छ[३३]। स्याउ खेती यहाँको प्रमुख बाली भए तापनि जिल्लाको भौगोलिक विकटताले गर्दा जुम्लाभन्दा बाहिरको बजार ज्यादै न्यून रहेको छ। सुर्खेतको वीरेन्द्रनगरदेखि दैलेख, कालीकोट हुँदै जुम्ला जोडने कर्णाली राजमार्ग सन् २००७ देखि सञ्चालनमा आएदेखि यस जिल्लालाई सडक यातायातले छोएको छ तथापि सडकको अवस्था ज्यादै नाजुक छ[३४]।

जुम्ला जिल्लामा ३० गाविस रहेका छन्[३५]। सम्पूर्ण सरकारी कार्यालय जिल्ला सदरमुकाम खलङ्गामा रहेका छन्। जुम्ला कर्णाली अञ्चलको अञ्चल सदरमुकाम पनि हो, त्यसैले राज्यका अञ्चलस्तरीय कार्यालयहरू खलङ्गामा रहेका छन्। सशस्त्र द्वन्द्वका समयमा माओवादीको दुई पटकको भीषण आक्रमणका कारण खलङ्गाका धेरैजसो सरकारी पूर्वाधार ध्वस्त भएका थिए, यद्यपि हाल धेरैजसो यी भवन पुनःनिर्माण भैसकेका छन्। साथै द्वन्द्वका समयमा माओवादीबाट जग्गाजमिन हडप्ने कार्य समेत व्यापक रूपमा भएको थियो[३६]।

जुम्ला जिल्लामा एक निर्वाचन क्षेत्र रहेको छ। संविधानसभा निर्वाचन २०६४ मा माओवादी यस निर्वाचन क्षेत्रमा निर्वाचित भएको थियो[३७]। विसं २०५६ मा भएको संसदीय निर्वाचनमा नेकपा (एमाले) जुम्ला निर्वाचन क्षेत्रमा निर्वाचित भएको थियो[३८]।

## ३.२ जुम्ला जिल्लाका न्यायिक संयन्त्रहरूको एक झलक

जुम्ला जिल्ला कर्णाली अञ्चलको सदरमुकाम भएकाले यहाँ अञ्चलस्तरीय राज्यका संयन्त्रहरू अञ्चल प्रहरी कार्यालय, सेनाको २४ नं वाहिनी तथा पुनरावेदन अदालत रहेका छन्। यसका अतिरिक्त जिल्ला अदालत, जिप्रका, भूमिसुधार कार्यालय, जिल्ला प्रहरी कार्यालय र नौ वटा इलाका प्रहरी कार्यालय रहेका छन्। जिल्लामा पर्याप्त सडक विस्तार नभएकाले विकट गाविसका मानिस सबैजसो सरकारी कार्यालयसम्म आइपुग्नका लागि आठदेखि १० घन्टासम्म हिँडनुपर्ने स्थिति छ।

---

३१ जुम्ला जिल्लाको वस्तुगत विवरण २०६२, शाखा तथ्याङ्क कार्यालय, जुम्ला
३२ ऐजन
३३ ऐजन
३४ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३
३५ जुम्ला जिल्लाको वस्तुगत विवरण २०६२, शाखा तथ्याङ्क कार्यालय, जुम्ला
३६ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३
३७ निर्वाचन आयोग नेपाल, http://www.election.gov.np/reports/CAResults/reportBody.php
३८ निर्वाचन आयोग नेपाल, http://www.election.gov.np/EN/toptwo.html


अनौपचारिक संयन्त्रतर्फ ३० गाविसमध्ये १५ गाविसमा पारालिगल कमिटी गठन भएका छन् । सबैजसो गाउँमा परम्परागत संयन्त्रको पनि प्रयोग भइरहेको छ ।

## ३.३. औपचारिक न्यायः जुम्लामा कसरी कार्य सम्पादन गरिरहेको छ

### ३.३.१ पुनरावेदन अदालत

पुनरावेदन अदालत जुम्लामा देवानी तथा फौजदारी दुवै प्रकृतिका विवाद आउने गरेको देखिन्छ। आर्थिक वर्ष २०६७/६८ मा दर्ता भएका मुद्दामध्ये ६९ प्रतिशत मुद्दा फौजदारी थिए जसमा ज्यान, करणी, कुटपिट, जालसाजी जस्ता मुद्दा थिए। देवानी मुद्दामा लेनदेन, जग्गा खिचोला, दर्ता बदर, निर्णय बदर जस्ता विवाद धेरै रहेका छन्। आव


चित्र ५: पुनरावेदन अदालत जुम्लामा रहेको मुद्दाको स्थिती




| | लगत | फछ्र्योट | बाँकी |
|---|---|---|---|
| देवानी | २७ | २२ | ५ |
| फौजदारी | ६१ | ४१ | २० |

२०६७/६८ मा कुल ८८ मुद्दा लगत कायम भएकामा ६३ वटा फैसला भएका र २५ मुद्दा कारबाहीका क्रममा नै रहेका छन्। पुनरावेदन अदालतमा सामान्यतया एक वर्षदेखि दुई वर्षका बीचमा विवादहरूको निरूपण हुने गरेको छ[३९] ।

चित्र ६: जिल्ला अदालत जुम्लामा रहेका मुद्दाका प्रकार





[३९] पुनरावेदन अदालत जुम्ला, २०६८ असार ३

### ३.३.२ जिल्ला अदालत

पुनरावेदन अदालतको विपरीत जुम्ला जिल्ला अदालतमा विशेष गरी देवानी मुद्दा आउँछन् । आव २०६७/६८ मा दर्ता भएका मुद्दामध्ये ६८ प्रतिशत मुद्दा देवानी थिए । यी मुद्दामा अंशबन्डा ३६५, जग्गासम्बन्धी विवाद २७५, र मानाचामलसम्बन्धी १५ रहेका थिए । जुम्ला जिल्ला अदालतमा २०६७/६८ मा कुल १६० मुद्दा दर्ता भई लगत कायम रहेकामा ८० मुद्दा फछ्र्योट भएका र ८० मुद्दा फैसला हुन् बाँकी रहेका देखिन्छन् । पुनरावेदन अदालतमा जस्तै जिल्ला अदालतमा पनि एक वर्षदेखि दुई वर्षका बीचमा विवादहरूको निरूपण हुने गरेको छ[४०] । आधिकारिक रूपमा बार एसोसिएसन जिल्ला शाखाले निःशुल्क कानुनी सहायता प्रदान गर्ने भए तापनि यस सेवाबारे पर्याप्त जानकारीको अभावले गर्दा कमै मात्र सेवा लिने गरेको बताइएको थियो ।

**चित्र ७: जिल्ला अदालत जुम्लामा रहेको मुद्दाको स्थिति**




| | लगत | फछ्र्योट | बाँकी |
|---|---|---|---|
| देवानी | ११० | ४९ | ६१ |
| फौजदारी | ५० | ३१ | १९ |

जुम्ला जिल्ला अदालतका न्यायाधीशलाई बाँके जिल्ला अदालतमा पनि खटाइने भएकाले उनी नियमित रूपमा जुम्ला जिल्ला अदालतमा उपस्थित हुन सक्दैनन्, जसका कारणले समयमा नै न्याय प्रदान गर्ने कार्य प्रभावित भएको बताइएको थियो । अदालतमा न्यायाधीशको नियमित उपस्थिति नहुनाले अदालतमा आउनुपर्ने कुटपिट, लुटपिट लगायत मुद्दा जिप्रकामा दर्ता गर्ने गरिएको छ[४१] । मुद्दा सङ्ख्या थोरै भएको कारण देखाई सरकारले जुम्लामा आंशिक समयका लागि न्यायाधीश खटाउने गरेको छ तर अदालतमा न्यायाधीशको नियमित उपस्थिति नहुनाले अदालतमा मुद्दा कम सङ्ख्यामा पर्ने गरेको र मुद्दा जिप्रका वा अनौपचारिक संयन्त्रले हेर्ने गरेको बार एसोसिएसनका प्रतिनिधिले बताए[४२] ।

#### *३.३.२.१ अदालत प्रेषित मेलमिलाप केन्द्र*

जिल्ला अदालतका अनुसार आव २०६७/६८ मा जिल्ला अदालतले अदालत प्रेषित मेलमिलाप केन्द्रमा पाँच वटा मुद्दा पठाएकामा अनुसन्धानका समयमा कुनै पनि मुद्दामा मेलमिलाप भएका थिएनन् र सबै मुद्दा मेलमिलापको प्रक्रियामा थिए[४३] । अदालतमा नियमित रूपमा न्यायाधीश अनुपस्थित हुने कारणले र प्रक्रिया थप लम्बिन जाने हुनाले पक्ष तथा मुद्दासँग सरोकारवाला व्यक्तिले मेलमिलापमा मुद्दा खासै पठाउन चाहँदैनन्[४४] । बार एसोसिएसन जुम्लाका प्रतिनिधिको विचारमा यदि स्रोतसाधनको पर्याप्त व्यवस्था, मेलमिलापकर्तालाई तालिमको व्यवस्था

---

[४०] कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३

[४१] ऐजन

[४२] बार एसोसिएसनका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार २

[४३] जिल्ला अदालत जुम्लाले दिएको तथ्याङ्क

[४४] बार एसोसिएसनका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ जेठ २ र कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३

तथा दुवै पक्षलाई मेलमिलापबारेमा पर्याप्त परामर्श दिइएमा अदालत प्रेषित मेलमिलाप केन्द्र विवाद समाधान गर्न प्रभावकारी हुन सक्छ[४५] ।

### ३.३.३ जिल्ला प्रशासन कार्यालय (जिप्रका)

बार एसोसिएसन जुम्लाका प्रतिनिधिका अनुसार जिप्रकाले न्याय प्रदान गर्न महत्वपूर्ण भुमिका निर्वाह गरेको छ । कुटपिट, लुटपिट जस्ता मुद्दा पनि जिप्रकामा ठाडो उजुरीका रूपमा दर्ता हुने गरेको र तिनीहरूलाई समाधान गर्ने गरिएको छ[४६] । आव २०६७/६८ मा केही सार्वजनिक अपराध अन्तर्गत तीन वटा र मादकपदार्थ सेवनका १० वटा मुद्दा जिप्रकामा दर्ता भई फछर्योट भएका छन् ।

### ३.३.४ जिल्ला प्रहरी कार्यालय जुम्ला

जिल्ला प्रहरी कार्यालय जुम्लाले ज्यान मुद्दा, ज्यान मार्ने उद्योग, आत्महत्या, सवारी ज्यान, चोरी, सार्वजनिक अपराध, बहुबिवाह, जबरर्जस्ती करणी र बेपत्ता पार्ने जस्ता मुद्दा आउने गरेको बताएको छ[४७] । जिल्ला प्रहरी कार्यालयमा २०० भन्दा बढी प्रहरी कर्मचारी छन् जसमध्ये २५ महिला प्रहरी छन्[४८] । आव २०६७/६८ मा १६ वटा मुद्दा दर्ता भएका थिए । तिनमा भवितव्य आठ, सार्वजनिक अपराध तीन, सवारी ज्यान एक, झुन्डिएर आत्महत्या एक, ज्यान मार्ने उद्योग दुई र बेपत्ता एक मुद्दा थिए[४९] ।

#### *३.३.४.१ महिला तथा बालबालिका सेवा केन्द्र (जिल्ला प्रहरी कार्यालय)*

महिला तथा बालबालिका सेवा केन्द्र जुम्लामा अत्यन्त सानो कोठा, न्यून दरबन्दी तथा मुद्दाको चाप धेरै भएका कारणले सेवाग्राहीले ढिलो तथा सीमित सेवा प्राप्त गर्ने यस अनुसन्धानमा पत्ता लागेको छ । सेवा केन्द्रमा एक जना महिला प्रहरी मात्र खटाइएको थियो । उक्त कार्यालयमा एक दराज, एक टेबल र कुर्सी रहेका छन् । महिनाको १०-१५ वटा जति विवाद/मुद्दा केन्द्रमा आउने गरेको र कतिपय व्यक्तिलाई अत्यन्त गरिबीको कारणले गर्दा केन्द्रमा आउँदा प्रहरीले खान बस्न दिनुपर्नेसम्मको अवस्था रहेको जानकारी गराइएको थियो । महिला तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधिका अनुसार विगतमा प्रहरीले आफ्नो निजी घरमा समेत सेवाग्राहीलाई बास उपलब्ध गराउनुपरेको थियो[५०] ।

### ३.३.५ महिला तथा बालबालिका कार्यालयद्वारा सञ्चालित सेवा केन्द्र

जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रको तुलनामा महिला तथा बालबालिका कार्यालय अन्तर्गत सञ्चालित महिला तथा बालबालिका सेवा केन्द्रमा चार वटा कोठा र एउटा तालिम कक्ष रहेका छन् । विसं २०६६ कात्तिकमा स्थापना भएको यस केन्द्रले स्थापना भएदेखि ६४ जना पीडित महिलालाई सेवा प्रदान गरेको छ । यदि महिला घरेलु हिंसाबाट पीडित भएमा मुद्दालाई मेलमिलाप वा मध्यस्थताबाट समाधान गर्न सेवा केन्द्रले पीडकलाई झिकाउने गर्छ । हिंसापीडित महिलालाई सेवा दिने सो सेवा केन्द्रमा मनोसामाजिक तथा कानुनी परामर्श पनि दिने गरिएको छ । सेवा केन्द्रमा औसतमा सातदेखि १५ दिनसम्म सेवाग्राही बस्ने गर्छन् तर एक जनालाई छ हप्तासम्म राखिएको एउटा घटना पनि रहेछ । अनुसन्धानका समयमा सेवा केन्द्रमा कुनै पनि पीडित बसेका थिएनन् । सेवा केन्द्रमा बसी फर्किएर गएका सेवाग्राहीलाई उनीहरूको प्रगति अनुगमन गर्न निरन्तर सम्पर्क गर्ने गरिएको छ[५१] । यसका साथै यहाँ आउने केसलाई सम्बोधन गर्न केन्द्रसँग आर्थिक तथा मानवीय स्रोत र साधन न्यून रहेको जानकारी प्राप्त भएको थियो[५२] ।

---

[४५] बार एसोसिएसनका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार २

[४६] बार एसोसिएसनका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार २ र कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३

[४७] जिल्ला प्रहरी कार्यालय, २०६८ असार ३

[४८] ऐजन

[४९] ऐजन

[५०] महिला तथा बालबालिका सेवा केन्द्रको प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार ३

[५१] महिला तथा बालबालिका कार्यालय अन्तर्गत सञ्चालित महिला तथा बालबालिका सेवा केन्द्रको अवलोकन र सेवा केन्द्रका प्रतिनिधिसँग अन्तर्वार्ता २०६८ असार ३

[५२] ऐजन

## ३.४ अनौपचारिक न्यायः जुम्लामा कसरी कार्य सम्पादन गरिरहेको छ

जुम्ला जिल्लामा अनौपचारिक न्यायिक संयन्त्रका रूपमा पारालिगल समूह र परम्परागत समूह क्रियाशील रहेको पाइन्छ । गाविसस्तरका पारालिगल कमिटी र परम्परागत समूह दुवै अत्यन्त सक्रिय रहेका छन् ।

### ३.४.१ पारालिगल कमिटी

जुम्ला जिल्लामा १५ वटा गाविसमा पारालिगल कमिटी गठन भएको छ । पारालिगल कमिटीमा घरेलु हिंसा, जाँडरक्सीसँग सम्बन्धित हिंसा, पारिवारिक झगडा, छुवाछुत, बहुविवाह र जबर्जस्ती करणीजस्ता विवाद आउने र हेर्ने गरिएको छ । उनीहरूले जबर्जस्ती करणीजस्ता फौजदारी प्रकृतिका विवादलाई भने प्रहरीमा पठाउने गरिएको बताए[५३] । चन्दननाथ गाविसको पारालिगल कमिटीले गएको वर्षमा ३४ वटा विवाद समाधान गरेको थियो, त्यसमा सासूबुहारीको झगडा धेरै रहेको जानकारी गराइएको थियो । तलिउम गाविसमा २०६४ सालमा पारालिगल कमिटीको गठन भएको र हालसम्म यसले ६४ वटा विवाद समाधान गरेको पाइयो । पारालिगल कमिटीमा विवाद लिएर पीडितहरू आएपछि विवादमा छलफल गरी मिलाउनका लागि पारालिगल समूहले दुवै पक्षलाई बोलाउने अथवा कतिपय अवस्थामा पीडितको घरमा नै गई मिलाउने गरेको समेत जानकारी गराइएको थियो । यस कमिटीले लिखित निवेदन लिने र सोही अनुसार विवाद परेको तीन वा चार दिनमा समाधान गर्ने गरेको बताइएको छ[५४] ।

कहिलेकाहीँ विवाद समाधान गर्दा कमिटीका सदस्यहरूलाई धम्की पनि आउने गरेको यस अनुसन्धानमा भेटिएको छ । सामान्यतया पारालिगल समूहले मिलाएको विवाद औपचारिक निकायमा पुनः सोही विवादमा आउने गरेको देखिँदैन ।

### ३.४.२ महिला अधिकार मञ्च

महिला अधिकार मञ्च स्थानीय महिलाले सञ्चालन गरेको स्थानीय गैरसरकारी संस्था हो । यसको स्थापना विसं २०६७ मा भएको हो । मञ्चको कार्यालय जिल्ला सदरमुकाममा छ र महिलासँग सम्बन्धित विवाद जस्तैः घरेलु हिंसा, जाँडरक्सीसँग सम्बन्धित हिंसा, पारिवारिक झगडा आदि मध्यस्थताको माध्यमबाट समाधान गर्न विवादित पक्षहरूलाई यसले सहजीकरण गर्छ । यस संस्थाले प्रदान गर्ने सेवा पारालिगल कमिटीले प्रदान गर्ने सेवासँग मिल्दोजुल्दो छ । गएको वर्ष मात्र २४ वटा विवादमा छलफल गरी मिलाइएको यस संस्थाले जानकारी गराएको छ[५५] ।

### ३.४.३ समुदायका अगुवा र भद्रभलादमी[५६]

परम्परागत रूपमा विवाद समाधान गर्ने संयन्त्रमा संलग्न भएका समुदायका अगुवा तथा भद्रभलादमीसँग छलफल गरिएको थियो । साँधसिमाना, मादकपदार्थ सेवन, कुलो पानी तथा वनजङ्गलसँग सम्बन्धित विवाद, बहुविवाह, बालविवाह, छुवाछुत जस्ता विवाद समाजमा विशेषगरी बढी हुने र त्यस्ता विवाद समुदायका अगुवा तथा परम्परागत रूपमा विवाद समाधान गर्ने व्यक्ति (ठालु तथा गाउँका भद्रभलादमी-पुरुष) ले मिलाउने गरेको पाइयो । सामान्यतया एक जनाले वर्षको चार वा पाँच वटा मुद्दा मिलाउने गरेका छन् । तलिउम, कार्तिकस्वामी, लाम्रा र महत गाविसका विवाद समाधानकर्ताका अनुसार ज्यान मारेको बाहेक सबै मुद्दा गाउँमा नै परम्परागत संयन्त्रले मिलाउने गरिएको छ । उनीहरू समक्ष जबर्जस्ती करणी, बहुविवाह, चोरी, कुटपिट जस्ता फौजदारी प्रकृतिका मुद्दाहरू पनि आउने गरेका, मिलेको अवस्थामा मिलाउने र नमिलेको अवस्थामा मात्र प्रहरीमा पठाउने गरिएको छ । उनीहरूले जानकारी गराए अनुसार कहिलेकाहीँ प्रहरीले समेत उनीहरूलाई विवाद मिलाउन बोलाउने गरेका छन् ।

---

५३ पारालिगल कमिटीका प्रतिनिधिसँग छलफल २०६८ असार १

५४ ऐजन


५५ महिला अधिकार मञ्चका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार १

५६ समुदायका अगुवा तथा भद्रभलादमीसँग छलफल २०६८ असार ३

### ३.५ जुम्लामा न्यायमा पहुँच: एक विश्लेषण

जुम्ला जिल्लामा आर्थिक हैसियत कमजोर रहेका, अशिक्षित समुदाय, दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकका लागि सदरमुकाम केन्द्रित औपचारिक न्याय प्रणालीबाट न्याय प्राप्त गर्न अत्यन्त कठिन रहेको छ । जिल्ला अदालत तथा प्रहरी कार्यलयमा मुद्दा तथा विवाद न्यून सङ्ख्यामा आउने गरेको पाइन्छ । औपचारिक निकायहरूले विवाद समाधान गर्दा औपचारिक प्रक्रिया अवलम्बन गर्ने र त्यसमा पर्याप्त समय र खर्च लाग्ने हुँदा प्रायः मानिसहरू अनौपचारिक संयन्त्रमा जान रुचाएको देखिन्छ । ठूलो सङ्ख्यामा जुम्लाका उत्तरदाताले (प्रश्न सोधिएकामध्ये ८६ प्रतिशत) औपचारिक न्यायिक प्रणालीबाट सेवाग्राहीले पर्याप्त सेवा लिन सफल नभएको विचार प्रकट गरेका छन् ।

चित्र ८: विद्यमान औपचारिक न्यायिक निकायबाट सेवाग्राहीले सेवा लिन सफल भएका छन् वा छैनन्




अनुसन्धान गरिएका अन्य जिल्लामा जस्तै यहाँ पनि न्यायको खोजी गर्न विशेष गरेर मध्यम वर्ग तथा सम्पन्न वर्ग अदालत जाने गरेका छन् भने विपन्न तथा सीमान्तकृत वर्ग अनौपचारिक संयन्त्रमा जाने गरेका छन् भन्ने बलियो धारणा रहेको देखिन्छ तर यो नै शतप्रतिशत मापदण्ड भने होइन किनकि सम्पन्न तथा विपन्न दुवै वर्ग औपचारिक तथा अनौपचारिक दुवै संयन्त्रतर्फ जाने गरेको पाइन्छ[५७] । सदरमुकामदेखि अत्यन्त नजिक स्थानमा बसोबास गर्ने दलित समुदायका मानिसलाई राज्य संयन्त्रका सेवाबारेमा थोरै मात्र जानकारी हुनाले उनीहरू औपचारिक न्यायिक संयन्त्रबाट निरन्तर रूपमा सीमान्तकृत हुँदै गएको देखिन्छ[५८] । धेरैजसो सानातिना विवाद (फौजदारी विवाद समेत) समुदायमा नै स्थानीयस्तरमा मिलाउने गरिएको छ । धेरैजसो मानिस अनौपचारिक क्षेत्रमा विवाद समाधान गर्न निरन्तर रूपमा जानाका कारणमा विवाद समाधान चिनिराखेका व्यक्तिबाट सहज र छिटोछरितो हुनु, निःशुल्क तथा उनीहरूबाट निष्पक्ष न्याय पाउने कुरामा विश्वास गर्नु हुन् । निःशुल्क कानुनी सेवाबारेमा मानिसलाई जानकारी तथा ज्ञानको अभावका कारण यो सेवा धेरै कम प्रयोग गरिएको देखिन्छ ।

नेपालका अन्य क्षेत्रमा जस्तै लैङ्गिकतामा आधारित अपराधले जुम्लालाई सताइरहेको देखिन्छ । विशेषगरी घरेलु हिंसाबाट पीडित महिलाले अनौपचारिक संयन्त्र समक्ष जान प्राथमिकता राखिएको पाइयो किनकि यदि उनीहरूले आफ्ना सबै घटना बताउनुपऱ्यो भने पारालिगल कमिटीका महिलासँग आफ्नो कुरा राख्न सजिलो हुने रहेछ । महिलाहरू विवाद लिएर अदालत जान नचाहनाका कारणमा आर्थिक अवस्था कमजोर हुनु, राजनीतिक पहुँच

---

५७ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३, पारालिगल कमिटीका प्रतिनिधिसँग छलफल २०६८ असार १

५८ महत गाविसमा महिला समूह र तलिउम गाविसमा दलित समूहसँग छलफल, २०६८ असार २

नहुनु र पीडित तथा साक्षी संरक्षण नहुनु रहेका छन् । यिनै कारणले जबर्जस्ती करणी जस्तो अपराधका पीडितले समेत घटनाको उजुरी गर्न अगाडि आउन सकेका छैनन्, जसले गर्दा पीडकसँग पैसाको लेनदेनमा अपराध मिलाउने गरिएको छ[५९] । जुम्लामा बहुविवाह अत्यन्त ठूलो समस्याका रूपमा रहेको छ । बहुविवाह सामान्य नागरिकका साथै सरकारी कर्मचारीमा समेत व्यापक रहेको छ[६०] । यद्यपि अदालतमा बहुविवाहका मुद्दा अत्यन्तै न्यून दर्ता भएको देखिन्छ[६१] ।

औपचारिक न्यायिक निकायहरूले लैङ्गिक तथा मानव अधिकारका सिद्धान्त अनुसरण गर्ने क्रम बिस्तारै बढ्दो छ । महिलासँग सम्बन्धित मुद्दामा लैङ्गिक संवेदनशीलता अपनाउने गरिएको र गोपनीयता कायम गर्नुपर्ने प्रकृतिका मुद्दामा गोपनीयता राख्ने गरिएको जुम्लाका औपचारिक न्यायिक निकायका कर्मचारीले बताएका छन्[६२] । उदाहरणका लागि पीडितमैत्री वातावरण बनाउनका लागि प्रहरी कार्यालयमा महिला प्रहरी आफ्नो प्रहरी पोसाकमा नबसी सामान्य पोसाकमा बस्ने गरेका छन् र पीडितलाई कोठामा छुट्टै लगेर मनोविज्ञको सेवा तथा परामर्श पनि दिने गरेका छन्[६३] । तथापि यसलाई सामान्य नागरिक विशेषगरी महिलाले अनुभूति गर्न अझै बाँकी छ, उनीहरूमा अझ पनि लैङ्गिकतामा आधारित उनीहरूका आवश्यकताप्रति प्रहरी र अदालत संवेदनशील भएको छैन भन्ने धारणा रहेको छ । सीमित संस्थागत क्षमता तथा अदालत र प्रहरीका कर्मचारीलाई पर्याप्त तालिमको अभावका कारणले गर्दा गोपनीयता, लैङ्गिक संवेदनशीलता र मानव अधिकारका सिद्धान्त जस्ता नवीन मान्यताको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन[६४] ।

### ३.६ औपचारिक तथा अनौपचारिक न्यायिक निकायबीच समन्वयको अवस्था : सबलीकरणका लागि अवसर

अध्ययनको सिलसिलामा परामर्श गरिएका मानिसहरूले जुम्लामा औपचारिक र अनौपचारिक न्यायिक निकायबीच औपचारिक समन्वय र सहकार्यको नभएको स्पष्ट रूपमा व्यक्त गरेका छन् । तथापि पारालिगल कमिटी, समुदायका अगुवा तथा भद्रभलादमी र प्रहरी कार्यालयका बीचमा अनौपचारिक रूपमा तथा आवश्यकताका आधारमा समन्वय हुने गरेको छ । पारालिगल कमिटी र समुदायका अगुवा तथा भद्रभलादमीले फौजदारी प्रकृतिका विवाद जस्तै ज्यान मारेको र जबर्जस्ती करणी आदि वा समाधान गर्न नसकेको विवाद वा जटिल प्रकृतिको विवादलाई प्रहरीमा पठाउने गरेको बताएको उदाहरण पनि छन्[६५] । यसका अतिरिक्त प्रहरी कार्यालयले पनि पारालिगल कमिटी र समुदायका अगुवा तथा भद्रभलादमीलाई विवाद समाधानका लागि गरिने छलफलमा भाग लिन बोलाउने गर्छ[६६] ।

यद्यपि औपचारिक समन्वयको संयन्त्र नभए पनि दुई संयन्त्रका बीच समन्वय सुधार भएको हेर्ने चाहना सबैको भएको पाइएको छ । अध्ययनको सिलसिलामा परामर्श गरिएका मानिसहरूले आवश्यकता अनुसार औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रका बीच समन्वय सुधार भएको हेर्ने चाहना व्यक्त गरेका थिए । यस्तो समन्वय र सहकार्य भएमा अनौपचारिक संयन्त्रले कानुनका विषयमा समेत आफूलाई भएको जानकारी परिमार्जन गर्न पाउनाका साथै आफ्नो क्षेत्राधिकारका बारेमा र कुन मुद्दा आफूले हेर्न हुने तथा कुन मुद्दालाई अदालत वा प्रहरीमा पठाउनुपर्ने बारेमा थप स्पष्टता हुने सहयोग पाउने धेरैले बताएका छन्[६७] । यसबाट पीडितलाई न्याय दिलाउन न्यायिक प्रक्रियामा सिफारिस पद्धतिको विकास भई न्याय प्राप्त गर्न सेवाग्राहीलाई सजिलो हुने र शान्ति सुरक्षा कायम गर्ने राज्यको उद्देश्य पूरा गर्न सहज वातावरण तयार हुने देखिन्छ[६८] ।

---

[५९] महिला तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार ३

[६०] जिल्लाको अध्ययनका क्रममा विभिन्न समूहसँग गाँसिएका छलफल, २०६८ असार १-४

[६१] अदालतबाट उपलब्ध गराइएको तथ्याङ्क

[६२] अदालतका कर्मचारीसँग अन्तर्वार्ता, २०६८ असार ३

[६३] महिला प्रहरी प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार ३

[६४] कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३

[६५] विभिन्न सरोकारवालासँग गरिएको अन्तर्वार्ता, २०६८ असार १ देखि ४ सम्म

[६६] कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ असार ३, पारालिगल कमिटीका प्रतिनिधिसँग छलफल, २०६८ असार १

[६७] विभिन्न सरोकारवालासँग गरिएको अन्तर्वार्ता, २०६८ असार १ देखि ४ सम्म

[६८] विभिन्न सरोकारवालासँग गरिएको अन्तर्वार्ता, कानुन कार्यान्वयन गर्ने निकायसँगको छलफल, २०६८ असार ३, पारालिगल कमिटीका प्रतिनिधिसँग छलफल २०६८ असार १

# ४. कैलाली जिल्ला

## ४.१ जिल्लाको परिवेश

नेपालको सुदूर पश्चिमाञ्चलमा अवस्थित कैलाली जिल्ला सेती अञ्चलमा पर्छ। यसको सदरमुकाम धनगढी हो। यस जिल्लाको पूर्वमा बर्दिया,उत्तरमा सुर्खेत, पश्चिममा कञ्चनपुर र डडेलधुरा जिल्ला पर्छन्। दक्षिणी सीमा भारतसँग जोडिएको यस जिल्लालाई करिब ४०.३ प्रतिशत पहाड र ५९.७ प्रतिशत तराई भूभागले ओगटेको छ। विश्व मानचित्रमा २८.२२ं देखि २९.५ं उत्तरी अक्षांश र ८०.३०ं पूर्वदेखि ८१.१८ं पूर्व देशान्तरमा रहेको यस जिल्लालाई भूउपयोगिताका हिसाबले जङ्गल क्षेत्र, कृषि क्षेत्र, चरन क्षेत्र र अन्य गरी चार क्षेत्रमा विभाजन गरिएको छ[६९]।

| बाकस ३: कैलालीको एक झलक |
|---|
| **क्षेत्रफल** ३,२३५ वर्ग कि.मि. |
| **जनसङ्ख्या** ६१६,६९७ |
| **मुख्य जातजाति धार्मिक समूह** |
| थारू ४३.७% |
| क्षेत्री १७.४% |
| ब्राह्मण १०.७% |
| **गाविस** ४२ |
| **नगरपालिका** २ |
| **निर्वाचन क्षेत्र** ६ |
| **स्रोत:** *कैलाली जिल्लाको वस्तुगत विवरण २०६२, शाखा तथ्याङ्क कार्यालय, कैलाली* |

समुद्री सतहबाट १०९ मि देखि १९५० मि उचाइमा रहेको यस जिल्लाको क्षेत्रफल ३,२६५ वर्ग माइल छ। उष्णदेखि समशीतोष्ण हावापानी रहेको कैलाली जिल्लामा प्रशस्त नदी तथा ताल रहेका छन्। यहाँका प्रमुख नदी कर्णाली, मोहना, खुटिया, पथरैया, शिवगङ्गा, कनरा, गुलरा र गोदावरी हुन् भने मुख्य ताल घोडाघोडी, जोखर, बेहडा बाबा र कोइलही हुन।

विसं २०५८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ६,१६,६९७ मध्ये पुरुषको सङ्ख्या ३,१२,३११ र महिलाको ३,०४,३८६ रहेको छ। पेसाका आधारमा हेर्ने हो भने यस जिल्लामा ७८.८ प्रतिशत मानिस कृषि,[७०] २०.२ प्रतिशत गैरकृषि पेसामा संलग्न रहेका छन्। आर्थिक रूपले सक्रिय जनसङ्ख्या ५०.१ प्रतिशत रहेको यस जिल्लाको प्रतिव्यक्ति आयु ६,८२४ र मानिसको औसत आयु ५३ वर्ष रहेको छ। साक्षरता प्रतिशत ५२.०६ रहेको कैलाली जिल्लाका प्रमुख भाषा थारू र नेपाली हुन्। द्वन्द्वकालमा माओवादी गतिविधिबाट अत्यधिक प्रभावित उक्त क्षेत्रको यो दोस्रो ठूलो जिल्ला हो, जहाँ ४२ गाविस छन्। मुख्यतः ग्रामीण यस जिल्लामा बहुसङ्ख्यक थारू समुदायका (४३.७५[७१] प्रतिशत) व्यक्ति बसोबास गर्छन्, विगतमा जसमध्ये अधिकांश बँधुवा मजदूर बन्न बाध्य पारिएका थिए। यो परम्परालाई सन् २००० मा अवैध घोषित गरिएको थियो। अधिकांश जमिन सीमित जमिन्दारका (प्रायः पहाडी मूलका गैरआवासीय) स्वामित्व र व्यापक असमानताका कारण यहाँ धेरै समुदाय गरिब र भूमिहीन छन्।

नेपालको सुदूर पश्चिमाञ्चलको व्यापारिक र प्रशासनिक केन्द्रका रूपमा विकसित यस जिल्लामा थारूहरूको बाहुल्य पाइने भए तापनि जातीय विविधता पाइन्छ। छ संसदीय क्षेत्रमा विभाजित यो जिल्ला सुदूर पश्चिमाञ्चलका अन्य पहाडी र विकट जिल्ला जोड्ने प्रमुख सहरका रूपमा विकसित भइरहेको छ।

जिल्ला सदरमुकाम धनगढी भारतीय सीमा बजार गौरीफन्टाबाट चार किमिको दूरीमा रहेको छ र यहाँको व्यापारिक सम्बध मुख्यतः भारतीय बजारसँग नै रहेको छ। अधिकांश जिल्लाझैं कैलाली पनि कृषिप्रधान जिल्ला हो, जहाँको मुख्य उब्जनी अन्नबाली हो। राजनीतिक अनिश्चितता र द्वन्द्वसिर्जित असुरक्षाका कारण शान्ति सम्झौताको बाबजुद यहाँ लगानीको वातावरण बन्न नसकेको अवस्था छ, फलस्वरूप यहाँ उच्च बेरोजगारी विद्यमान छ। कामको खोजीमा अदक्ष कामदारहरू सीमा वारपार गर्ने गर्छन्।

६९ कैलाली जिल्ला प्रोफाइल, जिल्ला विकास समिति, कैलाली २००५/०६

७० ऐजन

७१ ऐजन

संविधानसभा निर्वाचनपूर्वको संसदीय चुनावमा नेपाली कांग्रेसद्वारा प्रतिनिधित्व गरिएकामा त्यसपछि जिल्लाका सबै निर्वाचन क्षेत्र (६) मा आकर्षक नाराका साथ[७२] नेकपा(माओवादी)ले आफ्नो प्रभुत्व स्थापना गरेको थियो[७३]।

### ४.२ कैलाली जिल्लाका न्यायिक संयन्त्रहरूको एक झलक

कैलाली जिल्लामा पनि अन्य जिल्लामा जस्तै औपचारिक न्यायिक निकाय अन्तर्गत जिल्ला अदालत (एक न्यायाधीशको दरबन्दी), सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय, अञ्चल प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल कार्यालय र मालपोत कार्यालय रहेका छन्। सम्पूर्ण सरकारी कार्यालय जिल्ला सदरमुकाम धनगढीमा नै रहेका छन्। जिल्ला प्रहरी कार्यालय अन्तर्गत कैलाली जिल्लामा ३४ वटा इलाका प्रहरी कार्यालय, तीन प्रहरी चौकी, नौ वटा अस्थायी चौकी र एक सामुदायिक प्रहरी सेवा केन्द्र स्थापना भएका छन्।

सन् २००९ देखि सुरु भएको पारालिगल कमिटी हाल १० गाविसमा सञ्चालित हुनाका साथै सन् २००५ देखि सुरु भएका मध्यस्थता समितिहरू धनगढी नगरपालिका सहित तीन गाविसमा सञ्चालन भइरहेका छन्। जिल्लामा अनौपचारिक संयन्त्र अन्तर्गत परम्परागत रूपमा विवाद मिलाउने र निर्णय दिने बडघर र भलमन्सा जस्ता संयन्त्र थारू समुदायमा प्रचलनमा छन्।


### ४.३ औपचारिक न्याय : कैलालीमा कसरी कार्य सम्पादन गरिरहेको छ

निम्न भागले कैलाली जिल्लामा विवादका प्रकृति र सङ्ख्या अनि प्रभावकारिताका आधारमा औपचारिक न्यायिक संयन्त्रको अवस्था चित्रण गर्छ।

#### ४.३.१ जिल्ला अदालत

कैलाली जिल्ला अदालतमा देवानी र फौजदारी दुवै प्रकारका मुद्दा दर्ता हुने गरेका छन्। देवानीतर्फ सम्बन्धविच्छेद, अंश, नाता कायम, मोहियानी हक कायम जस्ता विवाद दर्ता भएका छन् भने फौजदारीतर्फ कुटपिट, जबर्जस्ती करणी, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, चोरी, मानव बेचबिखन, अपहरण, ठगी, सवारी ज्यान, लागूऔषध, हातहतियार जस्ता मुद्दा रहेका छन्। कैलाली जिल्ला अदालतमा आव ०६७/०६८ मा मुद्दा सङ्ख्या ७२० रहेकामा ३६१ मुद्दा फैसला भएका छन्। यिनमा फौजदारी मुद्दा ४१२ र देवानी मुद्दा ३०८ छन्।

**चित्र ९: आव २०६७।६८ मा कैलाली जिल्ला अदालतमा मुद्दाको स्थिति**




७२ हेर्नुस द राइजिङ नेपालको २०६४ फागुन १३ अङ्कमा प्रकाशित एनेकपा(माओवादी)का जिल्ला नेता उत्सवको प्रचार भाषणको रिपोर्ट

७३ निर्वाचितमध्ये दुई जना महिला थिए।

कैलाली जिल्ला अदालतमा ३५ कर्मचारीमध्ये महिला कर्मचारी दुई जना मात्र रहेका छन् । अदालतले वैतनिक वकिलको पनि व्यवस्था गरेको छ जसले अदालतले तोकिदिएको पक्षको मुद्दा निःशुल्क हेरिदिने गर्छन् तर वैतनिक वकिलको व्यवस्था छ भन्नेबारे धेरै सर्वसाधारणलाई थाहा नभएकाले यसको प्रयोग खास वर्गले मात्र गर्न सकेका छन् । विपन्न, सीमान्त वर्ग तथा महिलालाई यसका बारेमा जानकारी छैन ।

### ४.३.२ अदालत प्रेषित मेलमिलाप केन्द्र

अदालत प्रेषित मेलमिलाप केन्द्र कैलालीमा सन् २००९ देखि अस्तित्वमा छ । उक्त केन्द्रमा ३१ जना मध्यस्थकर्ता रहेकामा दुई जना मात्र महिला मात्र छन् । उक्त सुविधा प्रयोगका लागि सरोकारवालाले अदालतमा मध्यस्थताका लागि निवेदन दर्ता गर्नुपर्छ । त्यसपछि अदालतका अधिकारीले झगडिया पक्षहरूलाई मध्यस्थता प्रक्रियाबारे जानकारी गराइसकेपछि उक्त निवेदन स्वीकृतिका लागि न्यायाधीशकहाँ प्रस्तुत गर्छन्, जसलाई न्यायाधीशको स्वीकृतिपछि मेलमिलाप केन्द्रमा फैसलाका लागि पठाइन्छ । विवादित पक्षहरूलाई मध्यस्थकर्ता छान्ने सुविधा छ, जुन असफल भएमा अदालत स्वयंले छानिदिने गर्छ । कैलाली जिल्ला अदालतमा आव २०६७/६८ मा मिलापत्रका लागि आठ वटा मुद्दा मिलापत्र केन्द्रमा पठाइएकामा कुनै पनि मुद्दामा मिलापत्र हुन सकेको पाइँदैन । यस तथ्याङ्कलाई हेर्ने हो भने अदालतद्वारा गरिने मिलापत्रको कार्यान्वयन त्यत्ति सफल र प्रभावकारी भएको देखिँदैन । यसो हुनाको मुख्य कारणमा मिलापत्रबाट हुने विभिन्न प्रकारका फाइदाका बारेमा विवादित पक्षलाई जानकारी नहुनु, यससम्बन्धी सचेतना कार्यक्रम नहुनु, मेलमिलापकर्ताको दक्षता र सीपप्रति विवादित पक्ष विश्वस्त नहुनु आदि रहेका छन्[७४] ।

### ४.३.३ सरकारी वकिलको कार्यालय

कैलाली सरकारी वकिलको कार्यालयमा कर्मचारी दरबन्दी सङ्ख्या आठमध्ये छ जना पुरुष र दुई जना महिला रहेका छन् । सरकारी वकिल कार्यालयमा अपहरण, कुटपिट, आगजनी, चन्दा, जबर्जस्ती करणी, चोरी, ज्यान मार्ने उद्योग, नागरिकता, सवारी, मानव बेचबिखन, सार्वजनिक अपराध, प्रतिलिपि, लागुऔषध, बहुविवाह, हातहतियार जस्ता विविध प्रकृतिका मुद्दा दायर भएका छन् (तालिका २ हेर्नुहोस्) ।

**तालिका २: सरकारी वकिलको कार्यालयबाट दर्ता भएका मुद्दा**

| क्र.सं. | मुद्दाको नाम | ०६७।०६८मा मुद्दा परेको सङ्ख्या | बाँकी |
|---|---|---|---|
| १. | अपहरण | ८ | ५ |
| २. | कुटपिट | १ | १ |
| ३. | आगलागी | ५ | ३ |
| ४. | चन्दा | १ | १ |
| ५. | ठगी | ४ | २ |
| ६. | जबर्जस्ती करणी | ३१ | १९ |
| ७. | जबर्जस्ती करणी उद्योग | ५ | |
| ८. | साधारण चोरी | ४ | २ |
| ९. | नकबजनी चोरी | ७ | ६ |
| १०. | रहजनी चोरी | १ | |
| ११. | डाका | १२ | ५ |
| १२. | कर्तव्य ज्यान | ३३ | ११ |
| १३. | ज्यान मार्ने उद्योग | २० | ११ |

[७४] मध्यस्तकर्तासंगको अन्तर्वार्तामा आधारित, २०६८ असार १९

| | | | |
|---|---|---|---|
| १४. | किर्ते | १ | १ |
| १५. | जबर्जस्ती चोरी | ३ | २ |
| १६. | खाद्य | १५ | ७ |
| १७. | सवारी क्षतिपूर्ति | ५ | ५ |
| १८. | विद्युत् कारोबार | १ | १ |
| १९. | प्रतिलिपि | ४ | १ |
| २०. | सवारी ज्यान | ४८ | ८ |
| २१. | भवितव्य | १ | १ |
| २२. | मानव बेचबिखन | ६ | ४ |
| २३. | सार्वजनिक अपराध | १०४ | ३८ |
| २४. | लागूऔषध | ७ | ४ |
| २५. | वन | १८० | १४४ |
| २६. | बहुविवाह | ५ | २ |
| २७. | हातहतियार | ११ | १० |
| २८. | जम्मा | ५२३ | २९४ |

### ४.३.४ जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय कैलालीमा जबर्जस्ती करणी, बहुविवाह, कुटपिट, घरेलु हिंसा, हत्या, श्रीमान् श्रीमतीबीचको झगडा, आत्महत्या, बहुविवाह, खोटा चलन, लागूऔषध, तेजाब, डाका, कालोबजारी, अपहरण वा शरीर बन्धक लगायत मुद्दा दर्ता भएका पाइन्छन् । जिल्ला प्रहरी कार्यालयमा विशेषगरी फौजदारी मुद्दा जस्तै : कुटपिट, जबर्जस्ती करणी, मानव बेचबिखन, बहुविवाह र महिला हिंसा आदि मुद्दा दर्ता हुने गर्छन् तर प्रहरी कार्यालयमा राजनीतिक दबाब पर्ने, पीडितहरूलाई विभिन्न प्रकारका डर, धाक, धम्की दिने जसका कारण पीडित तथा निजका आफन्तले आफ्नो जिउज्यानको असुरक्षाका कारण बीचैमा मुद्दा छाड्नुपर्ने बाध्यता छ ।

**बाकस ४: नेपाल प्रहरी कैलालीको एक झलक**

**जम्मा प्रहरी सङ्ख्या:** ६७५
**महिला प्रहरी** २६ (३.८५%)
**प्रति व्यक्ति प्रहरी उपलब्धता** १/९१३
**प्रति महिला, महिला प्रहरी उपलब्धता:** १/१५,१६८
**दर्ता उजुरी सङ्ख्या** (२०१०/०११): ५०२
**हल गरिएका उजुरी** २१४
**हल गर्न बाँकी उजुरी** २८८

**स्रोत:** *जिल्ला प्रहरी कार्यालय कैलाली, जुलाई २०११*

जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्र सञ्चालित छ । उक्त केन्द्रमा तीन महिला प्रहरी (एक हवल्दार र दुई सिपाही) कार्यरत छन् । यहाँ महिला तथा बालबालिकालाई सुरक्षा र न्यायमा पहुँचका लागि सहयोग दिलाइन्छ । कैलालीमा यसले मुख्यतः लिङ्गमा आधारित हिंसाजन्य गतिविधिमा काम केन्द्रित गरेको छ तर यस एकाइका लागि एउटा सानो कोठा र तीन कर्मचारी मात्र भएकाले आवश्यक मानवशक्ति एवं भौतिक पूर्वाधारको कमी छ । साथै यसका गतिविधि जिल्ला सदरमुकाममा मात्र सीमित छन्[७५] ।

कैलाली जिल्ला सदरमुकाममा एक सामुदायिक प्रहरी सेवा केन्द्र छ जसमा चार पुरुष र एक महिला प्रहरी नियमित रूपले कार्यरत छन् । यसको प्रभाव भने अति नै कम भएको उत्तरदाताले बताएका छन् । यस समितिका पदाधिकारीलाई मेलमिलाप र परामर्श सीपको कमी भएको महसुस गरिएको छ[७६] ।

[७५] महिला तथा बालबालिका सेवा केन्द्रको पर्यवेक्षण भेट, धनगढी, कैलाली, २० असार २०६८
[७६] पारालिगल कमिटी सदस्य तथा मध्यस्थकर्तासँग गरिएको छलफल, धनगढी, १९ असार २०६८

### ४.३.५ जिल्ला प्रशासन कार्यालय:

कैलाली जिल्ला प्रशासन कार्यालयमा नागरिकतासम्बन्धी, सार्वजनिक अपराध, खाद्यान्नमा मिसावट, हातहतियार लगायत मुद्दाका उजुरी पर्ने गरेका छन् । जिप्रकामा दर्ता भएका मुद्दामा प्रतिवादीले कानुन व्यवसायी राखी पुर्पक्ष गर्ने गरेका छन् भने वादी, प्रतिवादीका साक्षी सरजिमिन बुझी निर्णय गर्ने गरेको पाइन्छ । जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीलाई मुद्दाको ठूलो चाप रहेको तर कानुनसम्बन्धी अधिकृत र सहायक कर्मचारीको व्यवस्था नभएका कारण जनताका लागि सेवा सुचारु र सुलभ हुन सकेको छैन ।

**तालिका ३: जिल्ला प्रशासन कार्यालयमा २०६७।६८ मा दर्ता भएका मुद्दाका प्रकार**

| क्र.स. | मुद्दाको किसिम | ०६६।०६७ | ०६७।०६८ | | |
|---|---|---|---|---|---|
| | | गत वर्ष दर्ता | यस वर्ष दर्ता | फैसला | बाँकी |
| १. | सार्वजनिक अपराध | ३८ | ६५ | ६५ | ३८ |
| २. | हातहतियार/खरखजाना | ६ | ६ | २ | १० |
| ३. | दुषित खाद्य | ५ | १० | ७ | ८ |
| | जम्मा | ४९ | ८१ | ७४ | ५६ |

### ४.४ अनौपचारिक न्याय : कैलालीमा कसरी कार्य सम्पादन गरिरहेको छ

निम्न भागले कैलाली जिल्लामा विवादका प्रकृति र सङ्ख्या अनि प्रभावकारिताका आधारमा अनौपचारिक न्यायिक संयन्त्रको अवस्था चित्रण गर्छ ।

### ४.४.१ समुदायमा आधारित पारालिगल कमिटी

सन् २००९ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा कैलाली जिल्लाका १० गाविस (गोदावरी, सहजपुर, मालाखेती, चौमाला, मसुरिया, चुहा, बलिया, धनसिंहपुर, नारायणपुर, दोधरामा)मा समुदायमा आधारित पारालिगल कमिटी गठन भएका थिए । यी कमिटीलाई हाल युनिसेफको सहयोगमा महिला तथा बालबालिका कार्यालयले सन् २०११ देखि निरन्तर सहयोग दिँदैआइरहेको छ ।

पारालिगल कमिटीमा १३ देखि १५ जना सदस्य हुने र सल्लाहकार समितिमा पाँचदेखि सात जना सदस्य रहने व्यवस्था छ । यस्ता कमिटीले ससाना प्रकृतिका विवाद समाधान गर्नाका साथै पीडितलाई आवश्यक अन्य कानुनी, स्वास्थ्य उपचार, मनोविमर्श तथा पुनःस्थापना सहयोगका लागि सम्बन्धित सङ्घसंस्थामा सिफारिस गर्ने समेत गरेका छन् ।

कुनै पनि विवादको उजुरी पारालिगल कमिटीमा परेपछि उक्त कमिटीले दुवै पक्षलाई बोलाई निवेदनमाथि छलफल गर्छ । छलफलका क्रममा पारालिगल कमिटीले दुवै पक्षलाई कानुनका बारेमा जानकारी समेत प्रदान गर्छ । छलफलबाट मिलाउन सकिने विवाद त्यही कमिटीद्वारा दुवैको सहमतिमा मिलाउने गरिन्छ । कमिटीमा समाधान हुन नसकेका विवाद महिला तथा बालबालिका कार्यालय हुँदै जिल्ला स्रोत समूह मार्फत औपचारिक न्यायिक निकायमा पुऱ्याउने कार्य हुन्छ । पीडितलाई कानुनी सहायताका लागि बार एसोसिएसन र बास स्थान आवश्यक भएमा महिला तथा बालबालिका कार्यालय सम्पर्क गरिन्छ ।

पारालिगल कमिटीले गम्भीर प्रकृतिका वा फौजदारी अपराधसम्बन्धी मुद्दाका लागि आवश्यक सल्लाह सुझाव दिने र जिल्ला स्रोत समूहको सहयोगमा प्रहरी तथा अदालत पठाउने वा कानुन व्यवसायी मार्फत बहस पैरवी गराउन सहयोग गर्ने गर्छ । विशेषगरी पारालिगल कमिटीमा श्रीमान् श्रीमतीको झगडा, लेनदेन, सम्बन्धविच्छेद, मानाचामल, अंश, घरेलु हिंसा, बहुविवाह, कुटपिट, चोरी, छुवाछुतसम्बन्धी विवाद, बोक्सीको आरोप तथा

कतिपय अवस्थामा फौजदारी प्रकृतिका विवाद जस्तै बलात्कार, चेलीबेटी बेचबिखन आदिका पीडितले निवेदन दिने गरेका छन्[७७]।

### ४.४.२ सामुदायिक मेलमिलाप केन्द्र


द एसिया फाउन्डेसनको सहयोगमा रुडुक संस्थाद्वारा सन् २००५ देखि सुरु भएको मध्यस्थता समितिहरू धनगढी नगरपालिका र गेटा, बेलादेवीपुर र श्रीपुर गरी तीन गाविसमा सञ्चालनमा रहेका छन्। युएनडिपीको सहयोगमा सेलर्ड संस्थाले नौ वटा गाविस (टीकापुर, पथरैया, धुगौली, सडेपानी, पहलमानपुर, चुहा, मसुरिया, चौमाला र मालाखेतीमा) सामुदायिक मध्यस्थता केन्द्र सन् २००९मा स्थापना गरेको छ। रुडुकको प्रतिवेदन अनुसार सन् २००५ देखि सन् २०११ सेप्टेम्बरसम्म चार वटा मध्यस्थता केन्द्रमा ३४० मुद्दा दर्ता भएका थिए। तीमध्ये ९० पुरुष र २०० महिलाका गरी २९० विवाद यी केन्द्रद्वारा सफलताका साथ समाधान गरिएका छन्। समितिले समाधान गरेका मुद्दा यस प्रकार रहेका छन् -

**तालिका ४: समुदायमा आधारित मेलमिलाप केन्द्रले मिलाएका मुद्दाका प्रकार**

| मुद्दाको प्रकार | सङ्ख्या |
|---|---|
| घरेलु हिंसा | २०० |
| जग्गासम्बन्धी | ३० |
| लेनदेन | २० |
| बाटोसम्बन्धी | २० |
| बाली नोक्सानी | १० |
| प्रेम विवाह | १० |

यी मेलमिलाप केन्द्रमा जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय, सामुदायिक प्रहरी, नगरपालिका, महिला विकास कार्यालय, माइती नेपाल र अदालतबाट पनि मुद्दा आउने गरेका छन्। पारालिगल कमिटी तथा मध्यस्थकर्ताका लागि भनेर सम्बन्धित संस्थाद्वारा सामान्य आचारसंहिता बनाउनाका साथै यस्ता कमिटीका सदस्यलाई कानुनी ज्ञानको तालिम प्रदान गरिएको छ तथापि स्पष्ट निर्देशिका वा कार्यविधि नहुँदा न्याय प्रदान गर्ने सम्बन्धमा ती समूहले आफ्नो

**चित्र १०: समुदायमा आधारित मेलमिलाप केन्द्रले मिलाएका मुद्दाको स्थिति**




[७७] महिला समूह तथा पारालिगत समूहसँग गरिएको छलफल, धनगढी, २०६८ असार १९

ज्ञानविवेकको प्रयोग गर्ने गरेको पाइन्छ । सामान्यतया मिलापत्र गराउँदा लिखित र पक्ष विपक्षको सहीछाप गराउने र सेवाग्राहीलाई न्याय प्रदान गर्ने सम्बन्धमा आफूले हेर्न नमिल्ने प्रकृतिका विवाद सम्बन्धित निकाय जस्तै जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका कार्यालयमा पठाउने गरेको देखिन्छ[७८] ।

### ४.४.३ परम्परागत न्यायिक संयन्त्र

कैलाली जिल्लामा परम्परागत रूपमा विवाद मिलाउने र निर्णय दिने कार्य बडघर, भलमन्सा, पन्चेतीबाट गर्ने गरिन्थ्यो । राना थारू समुदायमा भएका विवादमा उनीहरूकै समुदायले निर्णय दिने र मिलाउने कार्य गर्छन् । यिनीहरूले जग्गा खिचोला, लेनदेन, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसा लगायत मुद्दामा निर्णय दिने, क्षतिपूर्ति दिलाउने र मेलमिलाप गराउने गर्छन् । यिनीहरूलाई फौजदारी मुद्दा र देवानी मुद्दामा कुन मुद्दा मेलमिलाप गराउने र कुनमा मेलमिलाप गराउनु हुँदैन भन्ने सामान्य जानकारी भए तापनि यस सम्बन्धमा स्पष्ट रूपमा पूर्ण जानकारी छैन । बेलापुर गाविसका भलमन्साका अनुसार राजनीतिक दलबाट प्रायः दबाब आउने र भलमन्साको निर्णयलाई प्रभावित पार्ने काम हुने गरेको छ[७९] । भलमन्सा वा बडघरले स्थानीय राजनीतिक पार्टीको पद पनि लिएका हुन्छन्[८०] ।

भूपू गाविस अध्यक्षका अनुसार भलमन्सा विगतमा धेरै प्रजातान्त्रिक थियो । कुनै पनि विवाद सर्वप्रथम भलमन्सा समक्ष जाने गर्थ्यो र गाउँका सबै भद्रभलादमी र पाका व्यक्ति भेला भएर दुवै पक्षलाई राखी सहमतिका आधारमा न्याय प्रदान गरिन्थ्यो । राजनीतिक दलहरूले समेत भलमन्सा समक्ष विवाद लिएर जाने गर्थे तर अहिले राजनीतिक दबाब र प्रभावका कारण भलमन्साले स्वतन्त्र भएर विवाद समाधान गर्न सकिरहेका छैनन् ।

## ४.५ कैलालीमा न्यायमा पहुँच : एक विश्लेषण

### *कसले न्यायमा पहुँच पाउन सकेको छ*

राज्यका तर्फबाट प्रदान गरिने न्यायमा होस् वा अनौपचारिक क्षेत्रबाट प्रदान गरिने न्यायमा होस्, सर्वसाधारणको आर्थिक, सामाजिक र सांस्कृतिक पृष्ठभूमिले महत्वपूर्ण भूमिका खेलेको कैलाली जिल्लाको अनुसन्धानबाट स्पष्ट हुन्छ । आर्थिक रूपमा सम्पन्न र शैक्षिक रूपमा सचेत वर्गले आफूमाथि अन्याय हुनासाथ न्यायको खोजी गर्ने गरेको पाइयो भने आर्थिक रूपमा विपन्न र शैक्षिक चेतना नभएको वर्गले हिंसा वा अन्यायलाई सहेर बस्ने गरेको पाइयो ।

कैलाली जिल्लामा थारू समुदायको बाहुल्य रहेको भए तापनि यहाँ सामाजिक तथा सांस्कृतिक विविधता पाइन्छ । थारू समुदायमा आएका कुनै पनि गम्भीर प्रकृतिको फौजदारी अपराध बाहेकका विवादमा पहिला भलमन्सा समक्ष जाने र भलमन्साले गाउँका भद्रभलादमी जम्मा गरी सकेसम्म दुवै पक्षलाई राखी विवाद समाधानका लागि प्रयास गर्ने प्रचलन कायमै छ । प्रायः अदालत जाँदैनन् । थारू समुदायमा परम्परागत विवाद समाधानका लागि भलमन्सा प्रचलन रहेको भए तापनि हाल आएर यसप्रतिको विश्वास कम हुँदैगएको र भलमन्सा राजनीतिक दबाबबाट मुक्त हुन नसकिरहेको अवस्था पाइयो ।

सबै समुदायमा लैङ्गिक हिंसाबाट पीडित महिला, आर्थिक तथा सामाजिक पिछडिएका र निरक्षर व्यक्ति औपचारिक न्यायिक निकायमा कम मात्रामा जाने गरेको पाइयो । यसको कारण विद्यमान न्याय प्रणालीप्रति ज्ञान नहुनु र आर्थिक अभाव तथा लैङ्गिक हिंसामा सामाजिक लान्छना रहेको देखिन्छ । यस्ता वर्ग पारालिगल कमिटी तथा मध्यस्थता समितिमा बढी जाने गरेको देखिन्छ ।

न्यायमा पहुँच पुऱ्याउन आर्थिक रूपमा विपन्न वर्गका लागि नेपाल सरकारका तर्फबाट सञ्चालित कानुनी सहायता समिति अन्तर्गत गरिएको कानुन व्यवसायीको व्यवस्थाका बारे सर्वसाधारणलाई खासै जानकारी रहेको

---

[७८] पारालिगल समूहसँगको छलफल, धनगढी, २०६८ असार १९

[७९] भलमन्सासँग अन्तर्वार्ता, बेलापुर, २०६८ असार १९

[८०] भलमन्सासँग अन्तर्वार्ता, धनगढी, २०६८ असार २३

पाइँदैन । अदालतमा विचाराधीन मुद्दामा कानुनी प्रतिनिधित्व गराउन नसक्ने असहायका लागि निःशुल्क रूपमा कानुनी सहयोग प्रदान गर्न अदालतद्वारा वैतनिक वकिलको व्यवस्था गरिएको भए तापनि सर्वसाधारणलाई यसका बारेमा खासै थाहा भएको पाइँदैन ।

### *न्याय सम्पादन कसरी गरिन्छ*

औपचारिक न्याय प्रणालीमा लामो समय लाग्ने गर्छ । जिल्ला अदालतमा गत वर्ष दर्ता भएका ७२० मुद्दामध्ये ३६२ अझै विचाराधीन नै छन् । मुद्दा फैसला गर्न ढिला हुनाको मुख्य कारण अदालतमा एक जना मात्र न्यायाधीशको दरबन्दी हुनु हो ।

औपचारिक न्यायिक निकायमा बाहिरी दबाबका बारेमा कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल गर्दा उनीहरूले राजनीतिक र अन्य प्रकारका दबाब आउने गरेको बताए । एकजना महिलाको केसमा राजनीतिक दलका प्रतिनिधिले सम्बन्धित निकायमा गएर उक्त केस मिलाउन दबाब दिएको एउटा उदाहरण दिइएको थियो । महिला प्रायजसो आर्थिक तथा राजनीतिक शक्तिबाट कमजोर हुने भएकाले उनीहरूका मुद्दालाई अपराधी वा उनका आफन्तद्वारा राजनीतिक शक्तिद्वारा फिर्ता गर्न बाध्य पारिन्छ[८१] ।

अनुसन्धानका सहभागीले जनताको न्यायमा सहज पहुँचका लागि निम्नलिखित समस्या तथा चुनौती रहेको बताए :

- कानुन तथा अदालती कार्यविधिका बारेमा जानकारी नहुनु
- अदालती कार्यविधि झन्झटिलो, खर्चिलो र लामो समय लाग्ने हुनु
- कानुनी सहायता प्रदान गर्ने संस्था तथा बैतनिक वकिलका बारेमा जानकारी नहुनु र तिनको सेवामा विश्वासको कमी हुनु
- महिलाका लागि निःशुल्क कानुनी सहायता प्रदान गर्नका महिला वकिलको समूह स्थापना भएको जानकारी नहुनु
- पर्याप्त अधिकारको कमीले गर्दा महिला तथा बालबालिका सेवा केन्द्रको प्रभावकारिता सीमित हुनु
- न्यायिक क्षेत्रमा राजनीतिक हस्तक्षेप हुनु

अनौपचारिक संयन्त्रमा गाउँघरमा समुदायका व्यक्ति आफू बसी विवादको समाधान छिटो छरितो तरिकाबाट, दुवै पक्षलाई राखी, छलफल गराई मेलमिलाप गराउने हुँदा यस्ता निकाय स्थानीय व्यक्तिमाझ बढी लोकप्रिय र विश्वसनीय भएको छलफलका सहभागीले बताए[८२] । यसैगरी कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल गर्दा उनीहरूले अनौपचारिक निकायको सक्रियताले कामको बोझ कम भएको र जनताले सरल र सुलभ तरिकाले न्याय पाइरहेको भए तापनि उनीहरूले न्याय प्रदान गर्ने प्रक्रिया प्रणालीबद्ध र व्यवस्थित नभएको, तालिम अपूर्ण रहेको, राजनीतिक प्रभावबाट मुक्त हुन नसकेको, मानव अधिकारका सिद्धान्तलाई कहिलेकाहीँ आत्मसात् गर्न नसकेको आदि धेरै चुनौती रहेका बताए । एउटा बलात्कारसम्बन्धी मुद्दामा पारालिगल कमिटीमा राजनीतिक दबाब आएको छलफलमा सहभागीले बताए[८३] ।

## ४.६ औपचारिक तथा अनौपचारिक न्यायिक निकायबीच समन्वयको अवस्था : सबलीकरणका लागि अवसर

कैलाली जिल्लाका औपचारिक तथा अनौपचारिक विभिन्न समूहसँग गरिएको छलफलका क्रममा दुवै निकायले एक आपसमा समन्वय र सहकार्य गर्नका लागि कुनै संयन्त्र विकसित नभएको बताए । यसै क्रममा औपचारिक र

८१ कानुन कार्यन्वयन गर्ने निकायका प्रतिनिधिसँगको छलफल, धनगढी, २०६८ असार २०

८२ पारालिगल कमिटी तथा मध्यस्थकर्तासँगको छलफल

८३ ऐजन

अनौपचारिक निकायबीचमा समन्वय हुने गरेको छ वा छैन भन्ने सम्बन्धमा ४० प्रतिशतले 'छ' र ६० प्रतिशतले 'छैन' भन्ने जवाफ दिए ।

पारालिगल कमिटीलाई महिला तथा बालबालिका कार्यालयले सन् २०११ देखि निरन्तर सहयोग दिँदैआइरहेको छ । फलस्वरूप कमिटीलाई महिलाविरुद्धको हिंसा अन्त्य गर्न बनेको राष्ट्रिय कार्ययोजनामा समेत मान्यता दिइएको छ । यसको अर्थ सिद्धान्तमा पारालिगल कमिटी सरकारी संयन्त्रमा समन्वय भएका छन् जसले गर्दा मुद्दा सिफारिस गर्न सहज हुन्छ तर व्यावहारिक रूपमा यो कार्यान्वयन हुन्छ भन्नु अलि छिटो हुन्छ ।

सामान्यतया आपसी चिनाजानको सम्बन्ध वा कामको सिलसिलामा आवश्यक परेको अवस्थामा औपचारिक र अनौपचारिक निकायबीच सहकार्य र समन्वय गर्ने गरेको बताए । जिल्लामा रहेका पारालिगल कमिटी तथा सामुदायिक मध्यस्थकर्ताले विवाद समाधानको सिलसिलामा प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र तथा अन्य सङ्घसंस्थासँग पीडितलाई आवश्यक कानुनी तथा अन्य सहयोगका लागि सहकार्य तथा समन्वय गर्ने गरेको पाइयो । अनौपचारिक निकायहरूले फौजदारी प्रकृतिका मुद्दालाई सम्बन्धित औपचारिक निकायमा सिफारिस गर्ने गरेका छन् । प्रहरी कार्यालय तथा महिला बालबालिका सेवा केन्द्रले समेत लैङ्गिक तथा अन्य सामाजिक हिंसा र साना विवाद समाधानको सिलसिलामा सम्बन्धित गाविसका पारालिगल मध्यस्थकर्ता अन्य गैरसरकारी सङ्घसंस्थासँग सहकार्य र समन्वय गर्ने गरेको पारालिगल कमिटीका सदस्यले बताए । प्रहरी कार्यालयले पनि घरेलु हिंसाका मुद्दालाई मेलमिलाप गर्न पारालिगल तथा मध्यस्थकर्ताकहाँ पठाउने गरेको पारालिगल कमिटीका सदस्यले बताए । स्पष्ट कानुनी व्यवस्थाको अभावका कारण अदालतको भने अनौपचारिक न्यायिक निकायसँग प्रत्यक्ष समन्वय र सहकार्य हुन नसकेको अवस्था पाइयो ।

त्यसैगरी थारू समुदायमा प्रचलनमा रहेको भलमन्सालाई पारालिगल कमिटी सञ्चालन भएका गाविसमा समावेश गर्ने गरेको पाइयो । स्थानीय प्रहरी कार्यालय तथा महिला बालबालिका सेवा केन्द्रले समेत लैङ्गिक तथा अन्य सामाजिक हिंसा र साना विवाद समाधानको सिलसिलामा सम्बन्धित गाविसका पारालिगल कमिटी, मध्यस्थकर्ता र अन्य गैरसरकारी सङ्घसंस्थासँग सहकार्य र समन्वय गर्ने गरेको पारालिगल कमिटीका सदस्यले बताए ।

# ५. महोत्तरी जिल्ला

## ५.१ जिल्लाको परिवेश

महोत्तरी जिल्ला मध्यमाञ्चल क्षेत्रको जनकपुर अञ्चलमा पर्ने छ जिल्लामध्ये एक हो । जिल्लाको सीमा पूर्वमा धनुषा, पश्चिममा सर्लाही, उत्तरमा सिन्धुली र दक्षिणमा भारतसँग जोडिएको छ । यस जिल्लाले १,००२ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । पूर्वपश्चिम राजमार्गले यस जिल्लालाई उत्तरी र दक्षिणी भागमा विभाजन गरेको छ[८४] ।

> **बाकस ५: महोत्तरी एक झलक**
>
> **क्षेत्रफल** १,००२ व.किमि
> **जनसङ्ख्या** ५५३,४८१
> **प्रमुख जाति/धार्मिक समूह**
> यादव: १५.%३३
> मुसलमान: १३.५१%
> तराई ब्राह्मण: ६.५५%
> हिन्दू: ८४%
> **गाविस** ७७
> **नगरपालिका** १
> **निर्वाचन क्षेत्र** ६
>
> **स्रोत:** *महोत्तरी जिल्लाको वस्तुगत विवरण, २०६५, शाखा तथ्याङ्क कार्यालय, महोत्तरी*

जिल्लाको जनसङ्ख्या ५,५३,४८१ छ, जसमध्ये २,८७,९०५ जना पुरुष र २,६५,५७६ जना महिला रहेका छन् । कुल तथ्याङ्कको जम्मा ३.९८% (२२,०४६) मानिस सहरी क्षेत्र (जलेश्वर नगरपालिका)मा बसोबास गर्छन् भने ९६.०२% ग्रामीण बासिन्दा हुन् । धर्मको हिसाबले कुरा गर्दा महोत्तरीमा अधिकांश मानिस हिन्दू (८४%) छन्, १३.५% इस्लाम र बाँकी बौद्ध, किराँत, जैन, इसाई, शिख र बहाई धर्मावलम्बी छन् । जिल्लामा ९२ जातजातिको बसोबास छ । सन् २००१ को जनगणना अनुसार जिल्लाको प्रमुख जाति यादव (१५.३३%), मुसलमान (१३.५१%) र तराई ब्राह्मण (६.५५%) हुन्[८५] ।

जिल्लामा जीवन निर्वाहको प्रमुख स्रोत कृषि हो । खेतीयोग्य उर्वर भूमि, विद्युत् उपलब्धता, सुगम भौगोलिक अवस्था, वनजङ्गल, नदीनाला तथा खुला भारतीय सिमाना जस्ता विकासका अवसर तथा सम्भावना भए पनि स्रोतसाधनको समुचित सदुपयोग हुन नसकेकाले राष्ट्रिय परिवेशमा तराईको पिछडिएको क्षेत्रका रूपमा यस जिल्लालाई हेरिन्छ ।

सतहत्तर गाविस र जलेश्वर नगरपालिका[८६] बीच बाँडिएको यस जिल्लाका प्रायःजसो सरकारी, न्यायिक र प्रशासनिक संयन्त्र जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित छन् तर हालै बर्दिवासमा पनि कम सङ्ख्यामा भए तापनि क्षेत्रीय कार्यालय स्थापित छन् । जिल्ला वन, जिल्ला खानेपानी वितरण, भूसंरक्षण र ट्राफिक प्रहरी कार्यालय बर्दिवासबाट सञ्चालित छन् भने अन्य सरकारी निकाय जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिविस कार्यालय, जिल्ला प्रहरी कार्यालय जलेश्वरमा छन् । धेरैजसो गाविस सचिव सुरक्षाका कारणले कार्यसम्पादन जिल्ला सदरमुकामबाटै गर्छन् । महोत्तरीमा धेरै गैरसरकारी संस्था दर्ता भएका छन् जसमध्ये अधिकांश जिल्ला सदरमुकाममा छन् ।

छ चुनावक्षेत्रमा विभाजित महोत्तरीमा सन् २००८ को संविधानसभाको चुनावमा मधेसी जनअधिकार फोरम नेपाल, तराई-मधेस लोकतान्त्रिक पार्टी र जनमोर्चा नेपालले क्रमश : ३, २ र १ सीटमा वर्चस्व स्थापित गरेका थिए[८७] तर यसभन्दा अगाडिको संसदीय चुनाव (सन् १९९९) मा नेपाली कांग्रेसले सबै क्षेत्रमा विजय हासिल गरेको थियो[८८] ।

## ५.२ महोत्तरी जिल्लाका न्यायिक संयन्त्रहरूको एक झलक

जिल्लामा न्यायिक निकाय र संयन्त्रहरू (औपचारिक र अर्धन्यायिक प्रकृतिका)[८९] जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायत महिला तथा बालबाालिका सेवा केन्द्र, जिल्ला न्यायाधिवक्ताको कार्यालय,

---

८४ महोत्तरी जिल्लाको वस्तुगत विवरण, २०६५, शाखा तथ्याङ्क कार्यालय, महोत्तरी
८५ ऐजन
८६ ऐजन
८७ राष्ट्रिय निर्वाचन आयोग
८८ राष्ट्रिय निर्वाचन आयोग
८९ अर्धन्यायिक निकायहरू राज्यका प्रशासनिक अङ्ग हुन् जसलाई निश्चित न्यायिक अधिकार प्रत्यायोजन गरिएको हुन्छ ।

भूमिसुधार कार्यालय, जिल्ला मालपोत कार्यालय र जिल्ला वन कार्यालय हुन् । इलाका प्रहरी कार्यालयहरू विभिन्न स्थान जस्तै गौशाला, बर्दिवास र लोहारपट्टीमा स्थापना गरिएका छन् भने अन्य स्थानको पहुँच प्रहरीचौकीहरूमा मात्र छ । साथै सशस्त्र प्रहरी कार्यालयहरूले माइस्थान र पर्सा पतैली गाविसबाट सेवा प्रदान गर्छन् ।


अनौपचारिक न्यायिक निकायका रूपमा २५ गाविसमा मध्यस्थ समिति[९०] र छ गाविसमा पारालिगल कमिटी[९१] रहेका छन् । त्यस्तै मुसलमान समुदायमा विवाद समाधान गर्ने आफ्नै संयन्त्र अर्थात् मौलवी/मौलानाहरू रहेका छन् । अन्य कतिपय जातिमा आफ्नै परम्परागत निकाय पनि रहेका छन् । यहाँ गाउँमा हुने सानातिना विवाद गाउँकै भलादमीले समाधान गर्ने गरेको पाइन्छ ।

## ५.३ औपचारिक न्यायः महोत्तरीमा कसरी कार्य सम्पादन गरिरहेको छ[९२]

### ५.३.१ जिल्ला अदालत

महोत्तरी जिल्ला अदालतमा मुद्दाको चाप बढी नै रहेको छ जसमा देवानी प्रकृतिका मुद्दाको हिस्सा ठूलो छ । आव २०६७/०६८ मा ३,०२१ मुद्दाको लगत कायम भई कारबाहीको प्रकियामा रहेको देखिन्छ । यस अदालतमा ८० प्रतिशत देवानी मुद्दा रहेका छन् भने २० प्रतिशत मुद्दा फौजदारी रहेका छन् । देवानी मुद्दामध्ये १,०७९ मुद्दाको फैसला भएको र बाँकी १,२३१ मुद्दा चलिरहेका अवस्थामा छन् । चार सय १० वटा दुनियाँवादी फौजदारी मुद्दामध्ये १३२ फछ्र्योट भइसकेका छन् भने २७८ बाँकी रहेका छन् । एक सय ५२ वटा सरकारवादी फौजदारी मुद्दामध्ये ४७ वटा फछ्र्योट भई १०५ वटा बाँकी रहेका छन् । कुल देवानी मुद्दाको लगभग ३५ प्रतिशत लेनदेन मुद्दा रहेका छन् । घरेलु हिंसासम्बन्धी मुद्दा कुनै पनि परेको देखिँदैन । अदालतमा हाल तीन जना न्यायाधीश कार्यरत छन्[९३] । प्रायःजसो अदालतबाट मुद्दाहरूको फैसला एकदेखि डेढ वर्षभित्र हुने गरेको देखिन्छ[९४] भने अनौपचारिक निकायबाट तीन चार दिनभित्र नै विवाद समाधान गरिने गरेको पाइन्छ[९५] ।

चित्र ११: महोत्तरी जिल्ला अदालतमा रहेका मुद्दाको स्थिति




[९०] डिएफआइडी/इएसपीको सहयोगमा यी गाविसमा सामुदायिक (मेलमिलाप) मध्यस्थ समिति स्थापना गरिएका छन्– बर्दिवास, पशुपतिनगर, औरही, सोनामाइथान, मेघनाथ गोहना, श्रीपुर, राम ओपालपुर, साढा, इक्डाराबेला, अंकार, दम्हीमाडी, सुगाभवानीपट्टि, मटिहानी र पिप्राः मधेस सामुदायिक मेलमिलाप परियोजनाका प्रतिनिधिसँगको अन्तर्वार्ता, जाइकाको सहयोगमा यी गाविसमा सामुदायिक (मेलमिलाप) मध्यस्थ समिति स्थापना गरिएका छन्– महोत्तरी, बेलगाछी, गौरीवास, रतौली, महादैया, तपनपुर, गौसाला, किसाननगर, माइस्थान र लक्ष्मीनिया, अनुसन्धानको तथ्य रुजु बैठक, जलेश्वर, २०६८ चैत १५

[९१] ६ गाविसमा पारालिगल कमिटी गठन गरिएका छन् । ती गाविस सनौल, सिमरदही, हरिपुर, हरिणमरी, खयरबन्नी, रघुनाथपुर हुन् । मध्यस्थता र पारालिगल समूहसँग छलफल (२०६८ असार ३०)

[९२] यस शोधमा विस्तृत रूपमा जिल्लाका यी पाँच मुख्य अङ्गबारे अध्ययन गरिएको छ ।

[९३] जिल्ला अदालतका प्रतिनिधिसँगको अन्तर्वार्ता, २०६८ असार २८

[९४] ऐजन

[९५] पारालिगल तथा मध्यस्थ समूहका प्रतिनिधिसँगको छलफल, २०६८ असार ३०


### ५.३.२ अदालत प्रेषित मेलमिलाप

अदालत प्रेषित मेलमिलाप केन्द्र महोत्तरीमा २०६७ चैत्र ०९ मा स्थापना गरिएको हो । स्थापना मितिदेखि २०६८ असार ३१ सम्म अंशबन्डाका १९ वटा मुद्दा यस केन्द्रमा दर्ता गरिएका थिए । तीमध्ये तीन वटा हल गरिएका थिए, आठ वटा जिल्ला अदालतमा पुनःविचारका लागि पठाइएका थिए भने बाँकी आठ वटा नयाँ आव २०६७/६८ मा मध्यस्थता प्रक्रियाका लागि स्थानान्तरण भएका थिए[९६] ।

### ५.३.३ जिल्ला प्रशासन कार्यालय

महोत्तरी जिल्ला प्रशासन कार्यालयमा वार्षिक लगभग २०० मुद्दा आउने गरेका र प्रायशः सम्पूर्ण विवादको समाधान सोही आवम नै हुने गरेको छ । अनुसन्धानका समयमा जिप्रकामा दर्ता गरिएका उजुरीमध्ये प्रायः सार्वजानिक अपराध जस्तै सार्वजानिक सम्पत्तिको क्षति, ज्यानको खतरा अनि सार्वजानिक स्थल जस्तै बजार, अस्पताल र विद्यालयमा ध्वनि प्रदूषण (७२%), हातहतियार तथा खरखजाना (१३%) साथै न्यून गुणस्तरका सामान (६%)[९७] थिए । जिप्रकामा कालाबजारी र महिलाविरुद्ध हिंसाका उजुरी पनि उल्लिखित थिए । समग्रमा प्रशासनमा मुद्दाको छिटो समाधान हुने गरेको भए तापनि न्यायका मान्य सिद्धान्त प्रयोग भने विरलै हुने गरेको देखिन्छ[९८] ।

चित्र १२: जिल्ला प्रशासन कार्यालय महोत्तरीमा दर्ता भएका मुद्दाको स्थिति




### ५.३.४ जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय महोत्तरीमा हातहतियार तथा खरखजाना, डकैती, हत्या, भौतिक आक्रमण, घरेलुहिंसा, श्रीमान्-श्रीमतीबीच विवाद, आत्महत्या, अपहरणसम्बधी उजुरी दर्ता हुने गर्छन् । अनुसन्धानका समयमा जिल्लामा कुल ५५१ प्रहरी कार्यरत थिए जसमध्ये १५ जना महिला प्रहरी थिए[९९] ।

अनुसन्धानका क्रममा प्रहरी कार्यालयका एक प्रतिनिधिले आफ्नो कार्यालयले सबै पीडितका लागि उजुरीपत्र लेख्ने र दर्ता गर्ने सुविधा मिलाएको बताए जसले गर्दा कार्यालयले तिनमा थप अनुसन्धानका कारबाही गर्न सक्छ । यो सुविधाको उपलब्धताका बाबजुद पीडितहरू अभियुक्त र राजनीतिक दलका डर र धम्कीका कारण उजुरी दर्ता गर्न अनिच्छुक देखिन्छन्[१००] ।

---

९६ अदालत प्रेषित मेलमिलाप महोत्तरीबाट प्राप्त जानकारी

९७ जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट प्राप्त जानकारी, ३० असार २०६८

९८ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग समूह छलफल, जलेश्वर (२०६८ असार २९)

९९ जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रतिनिधिसँग अन्तर्वार्ता, २८ असार २०६८

१०० कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग समूह छलफल, जलेश्वर, ३० असार २०६८

### ५.३.५ महिला तथा बालबालिका सेवा केन्द्र

महोत्तरी जिल्लामा २०६० सालमा नै महिला बालबालिका सेवा केन्द्र स्थापना भएको थियो। सो केन्द्रमा घरेलु हिंसासँग सम्बन्धित करिब ५५/६० वटा मुद्दा वार्षिक रूपमा पर्ने गरेको र सबै विवादमा मिलापत्र गराउने गरिएको पाइन्छ[१०१]। पीडितको बयान गराउने काम महिला तथा बालबालिका सेवा केन्द्रले गर्छ तर केन्द्रलाई मुद्दा चलाउने अधिकार नभएकाले मुद्दा चलाउनुपर्ने अवस्थामा मुद्दा शाखामा पठाउने गर्छ। दुई महिला प्रहरी दरबन्दी रहेको एककोठे साँघुरो कार्यालयमा भौतिक पूर्वाधारका रूपमा एक टेबल, दुई दराज, एक कुर्सी र एक बेन्च मात्र रहेका छन्। दराजमाथि फाइलहरू मुठा बाँधेर राखिएको देख्न सकिन्छ।

महिला हिंसासँग सम्बन्धित मुद्दा र विशेषगरी घरेलु हिंसामा सामान्यतया तीन चार दिनमा नै मिलापत्र हुने गरेको देखिन्छ। महिला तथा बालबालिका सेवा केन्द्रमा सहमति वा मिलापत्र गराउँदा मिलापत्रको कागज गराउने गरिएको पाइन्छ। केन्द्रमा २०६७ सालमा जबर्जस्ती करणीको सात वटा उजुरी[१०२] परेका र ती सबै मुद्दा अहिले जिल्ला अदालतमा चलिरहेको अध्ययनका क्रममा जानकारी गराइएको थियो[१०३]।

## ५.४ अनौपचारिक न्याय : महोत्तरीमा कसरी कार्य सम्पादन गरिरहेको छ

### ५.४.१ सामुदायिक मध्यस्थता केन्द्र

महोत्तरीमा मध्यस्थता समूहहरू २५ गाविसमा गठन गरिएका छन्। यी समूह १५ गाविसमा डिएफआइडी/इएसपीको सहयोगमा मधेसी समुदाय मध्यस्थता परियोजना अन्तर्गत गठित छन्[१०४]। जाइका नेपालको सहयोगमा १० गाविसमा यी समूह शान्तिका लागि सामुदायिक मेलमिलाप र सद्भाव कार्यक्रम अन्तर्गत गठित छन्[१०५]। विवाद समाधानमा कानुनविज्ञ नभई मध्यस्थता प्रक्रियाको तालिम लिएकाहरू सहभागी हुन्छन्। यी समूहका अगाडि आउने अधिकांश उजुरी जग्गाको साँधसिमाना, कुटपिट, लेनदेन, महिलाविरुद्धको हिंसा, पारिवारिक झैँझगडा (उदारणका लागि सासूबुहारीबीचको झगडा), अंशबन्डा, बालीनाली, चरन, गाली-बेइज्जतीसँग जोडिएका छन्। मध्यस्थकर्ताका अनुसार उजुरीहरूको छिनोफानो सामान्यतया तीन चार दिनमा हुने गर्छ। यस प्रक्रियामा पीडितहरू विवादलगत्तै मध्यस्थकर्ताको सम्पर्कमा आउने र त्यसपछि लिखित निवेदन अनुसार संवादका आधारमा दुवै पक्षबीच मध्यस्थता गरिन्छ[१०६]। कुनै मुद्दामा समाधानमा पुग्न सकिएन भने मध्यस्थकर्ताले नै झगडियाका नाममा निर्णय लिने गर्छ। यो प्रक्रियाबाट छिनोफानो गरिएको मुद्दालाई अदालती प्रक्रियामा लाने गरिएको छैन र सोही मुद्दा मध्यस्थताका लागि पुनः उठान गर्ने गरिएको छैन[१०७]।

यी मध्यस्थता समूहले अत्यन्तै सक्रिय र प्रभावकारी रूपमा विवादको समाधान गर्ने गरेको पाइन्छ[१०८]। उदाहरणका लागि डामही गाविसको मध्यस्थ समूहमा डेढ वर्षमा ३६ वटा निवेदन परेकामा १८ (५०%) वटा विवाद समाधान गरिएको देखिन्छ। सोही अवधिमा सर्पलो गाविसको मध्यस्थ समूहले ८८% र पिप्रा गाविसको मध्यस्थ समितिमा परेका १२५ वटा विवादमा १०० (८०%) वटालाई मिलाइएको जानकारीमा आएको थियो। त्यसैगरी साढा गाविसको मध्यस्थता समूहमा ४० वटा विवाद आएकामध्ये २५ (६२.५%) वटा विवाद मिलाइसकिएको तथा मेघनाथ गरुडा गाविसका मध्यस्थ समितिमा डेढ वर्षमा ६४ वटा विवाद परेकामा ४० (६२.५%) वटामा मिलापत्र भएको जानकारी गराइएको थियो।

### ५.४.२ पारालिगल कमिटी

अनुसन्धानका समयमा महोत्तरी जिल्लामा पारालिगल कमिटीहरू भर्खरै मात्र गठन भएकाले यस्ता समितिमार्फत

[१०१] महिला बालबालिका सेवा केन्द्र महोत्तरीका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ असार ३०
[१०२] ऐजन
[१०३] ऐजन
[१०४] मधेसी समुदाय मध्यस्थता परियोजनाका मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, जलेश्वर, २०६८ असार ३०
[१०५] अनुसन्धान प्रमाणीकरण भेला, जलेश्वर, ३० असार २०६८
[१०६] मधेसी समुदाय मध्यस्थता परियोजनाका प्रतिनिधिसँग अन्तर्वार्ता, जलेश्वर, २०६८ असार ३०
[१०७] ऐजन
[१०८] पारालिगल कमिटी र सामुदायिक मध्यस्थ केन्द्रसँगको समूह छलफल,जलेश्वर, २०६८ असार ३०

खासै विवाद हेरिएको वा विवाद मिलाइएको पाइँदैन[१०९] । जिल्लाका छ गाविस (सिमरदही, सनौल, खयरबन्नी, रघुनाथपर, हरिणमरि र हरिपुर) मा पारालिगल कमिटी स्थापना गर्ने लक्ष्य रहेकामा पाँच वटा गाविसमा कमिटी स्थापना भइसकेका छन् । हाल उक्त पारालिगल कमिटीका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् । समितिले सानातिना विवादमा मिलापत्र गराउने र फौजदारी प्रकृतिका मुद्दा प्रहरी या अदालतमा पठाउने भन्ने लक्ष्य लिएको जानकारी प्राप्त भएको थियो[११०] ।

### ५.४.३ मुसलमान समुदायको न्याय प्रणाली

महोत्तरी जिल्लामा ठूलो सङ्ख्यामा मुसलमान समुदायको बसोबास रहेको छ । मुसलमान समुदायमा विवाद समाधान गर्ने आफ्नै परम्परागत पद्धति रहेका छन् जुन धर्मग्रन्थ कुरानमा आधारित छ । यस समुदायमा सामान्यतया विवाद समाधानका लागि सर्वप्रथम समुदायका भद्रभलादमी समक्ष जाने र त्यहाँ न्याय प्राप्त गर्न नसकेका अवस्थामा मौलवी समक्ष जाने परम्परागत प्रचलन रहेको पाइन्छ[१११] । मौलवी/हाजी समक्ष झैझगडा, कुटपिट, तलाक जस्ता विवाद आउने गरेका देखिन्छन् ।

यस्ता संयन्त्रमा सेवाग्राहीको सहजै पहुँच रहने गरेको छ[११२] । समुदायमा मौलवीले गर्ने निर्णयमा न्यायको पूर्ण प्रत्याभूति गरिने विश्वास मौलवीहरूमा रहेको छ तर मुसलमान महिलाहरूसँग गरिएको छलफलमा उनीहरूले आफ्नो समुदायमा घरेलु हिंसाका घटना मौलवी समक्ष राख्दा पुनः पीडित हुनुपर्ने हो कि भन्ने भयले निरन्तर आक्रान्त अवस्थामा रहेको बताए[११३] । तलाक लगायत विवादमा मौलवीले गरेको फैसलालाई अदालतले पनि मान्यता दिनुपर्छ भन्ने केही मुसलमान नेताको धारणा रहेको बुझियो[११४] तर कतिपयले बढ्दो रूपमा उक्त निर्णयप्रक्रियाका निश्चित मापदण्डलाई लत्याउँदै सम्बन्धविच्छेदका सम्बन्धमा आफू व्यक्तिगत रूपमै प्रस्तुत नभई फोनबाटै 'तलाक' माग्ने गरेका छन्[११५] ।

#### घटना अध्ययन २: महोत्तरीमा न्यायको खोजी

नसरुल्लाह (नाम परिवर्तन) नामकी एक महिलाले महोत्तरी जिल्ला अदालतमा अंशबन्डा खारेज गर्न मुद्दा दायर गरिन् । उनको समुदायमा स्थानीयस्तरमै मौलवी धर्मगुरूले अधिकांश विवादको छिनोफानो गर्छन् भने अदालत अन्तिम विकल्प हुने गर्छ ।

नसरुल्लाहका श्रीमान् कामका लागि भारत गएको छ महिनापछि एडस रोगबाट सङ्क्रमित भई घर फर्किएका थिए । नसरुल्लाहको परिवारले उनका श्रीमान्लाई प्रभावमा परी पैतृक सम्पत्ति अंशबन्डा गरिदिए । नसरुल्लाहको परिवारमा हकवालाहरूबीच अंशबन्डा गर्ने यथेष्ट पैतृक सम्पत्ति भए तापनि उनको भागमा जम्मा दुई कट्ठा मात्र दिइयो, जुन असाध्यै कम थियो । उनका परिवारका सदस्यहरूले उनको श्रीमान्को औषधोपचारमा धेरै सम्पत्ति खर्च भएका कारण यस्तो परिस्थिति आएको तर्क गरे ।

विवाद समाधानका लागि नसरुल्लाहले पटक पटक मौलवी समक्ष गएको र उनका परिवारका सदस्यले मेलमिलाप गर्न सहमति जनाए पनि जिम्मेवारी पूरा गरेनन् । मौलवीको सल्लाह अनुसार उनले अदालतमा मुद्दा हालिन् साथै अदालतबाट राम्रो सहयोग प्राप्त गरेको अभिव्यक्ति दिइन् ।

---

१०९ पारालिगल कमिटी र सामुदायिक मध्यस्थ केन्द्रसँगको समूह छलफल, जलेश्वर, २०६८ असार ३०
११० ऐजन
१११ मुसलमान धर्मगुरू (मौलवी) सँगको मुख्य जानिफकार अन्तर्वार्ता, जलेश्वर, २०६८ असार ३०
११२ ऐजन
११३ मुसलमान महिलासँग गरिएको समूह छलफल, कोलुवाबागिया गाविस, २०६८ असार २९
११४ (मौलवी)सँगको मुख्य जानिफकार अन्तर्वार्ता, जलेश्वर, २०६८ असार ३०
११५ युवा समूहसँगको समूह छलफल, जलेश्वर, २०६८ असार २९

### ५.४.४ समाजका अगुवा

महोत्तरी जिल्लामा अनौपचारिक न्यायिक संयन्त्रका रूपमा विभिन्न जातीय समूहका प्रमुख वा भद्रभलादमी कार्यरत छन् । दलित समुदायमा स्थानीय सानासाना विवाद भद्रभलादमी बसेर मिलाउने गरिएको छ । भद्रभलादमीले बहुविवाह तथा बोक्साबोक्सीको आरोपसम्बन्धी विवाद पनि गाउँमा नै मिलाउने गरेका छन् । महोत्तरी जिल्लाको सुगा भवानीपट्टि गाविस वडा नं १ दलित बस्तीमा गरिएको छलफलमा दलित समुदायमा विशेष गरेर दाइजो, घरेलु हिंसा, छुवाछुतजस्ता विवाद हुने गरेको र त्यस्ता विवाद माइजन (समाजका अगुवा) ले मिलाउने गर्छन्[११६] । यस्ता अनौपचारिक संयन्त्रले सामान्यतया दुई तीन दिनमा नै विवाद मिलाउने गरेका छन् । नमिलेको अवस्थामा अदालत पठाउने गरिएको वा पक्षहरू अदालत जाने गरेका छन् ।

यो प्रतिवेदन लेख्दासम्म त्यहाँ महिला अगुवा नभएको पाइयो साथै समाजका अगुवाले गर्ने निर्णय प्रक्रियामा महिलालाई समावेश गरिँदैन । कुनै महिला पीडित भएको अवस्थामा निजको श्रीमान्लाई भद्रभलादमीको पञ्चेती मा उपस्थित हुन दिइन्छ तर पीडितलाई उपस्थित हुन दिइँदैन । श्रीमान् श्रीमतीबीचको झगडा छ भने पनि श्रीमतीलाई पञ्चेतीमा उपस्थित हुन दिइँदैन । भद्रभलादमीले गरेको निर्णय लिखित रूपमा तयार गरिने र उक्त निर्णयमा सहमत गराउनका लागि धाकधम्की प्रयोग पनि हुने गरेको महिलाले बताए । कतिपय घरेलु हिंसासँग सम्बन्धित घटनामा भने भद्रभलादमीले मिलाएपछि पुनः हिंसा हुने गरेको र त्यस्तो अवस्थामा पुनः सोही प्रक्रिया अवलम्बन गर्ने गरिएको छ[११७] ।

## ५.५ महोत्तरीमा न्यायमा पहुँचः एक विश्लेषण

विभिन्न समूहसँगको छलफल तथा विशेष जानिफकारसँगको अन्तर्वार्ताबाट राज्यको न्यायिक निकायमा जाति तथा वर्गका आधारमा विभेदपूर्ण व्यवहार नहुने गरेको स्पष्ट हुन्छ । अदालत तथा जिल्ला प्रशासन कार्यालय लगायतका औपचारिक न्यायिक निकाय सदरमुकाममा अवस्थित छन् जसले गर्दा विकट क्षेत्रमा बसोबास गर्ने गरिब जनतालाई अदालती प्रक्रियाबाट न्याय प्राप्त गर्न गाह्रो देखिन्छ[११८] । विद्यमान न्याय प्रणालीबाट सेवाग्राही सेवा लिन सफल भएका छन् वा छैनन् भन्ने सवालमा ६० प्रतिशत उत्तरदाताले सेवाग्राहीले सहज रूपमा न्याय प्राप्त गर्न नसकेको जवाफ दिए भने ४० प्रतिशत उत्तरदाताले सेवाग्राहीले सहजै न्याय प्राप्त गर्न सकेको बताए ।

यद्यपि अनौपचारिक संयन्त्रबाट सानातिना विवाद मिलाउने प्रक्रियाले केही हदसम्म न्यायमा पहुँच सुनिश्चित गर्ने तथा सानातिना विवाद भएका मानिसलाई अदालत जानुपर्दैन तर महोत्तरीमा औपचारिक न्याय सेवा लिन नसक्नाका मुख्य कारणमा अशिक्षा, न्यायसम्बन्धी अनभिज्ञता, झन्झटिलो र लामो न्यायिक प्रक्रिया तथा ग्रामीण भेगमा बस्ने गरिबीको रेखामुनिका जनतालाई अधिकार र कर्तव्यबारे थाहा नहुनु आदि रहेको अध्ययनले देखाएको छ[११९] । अन्य जिल्लामा जस्तै विशेषगरी हुनेखाने वर्ग, पढेलेखेका मध्यमवर्गीय मान्छेहरू अदालत वा सम्बन्धित निकायमा जाने गरेका र आर्थिक अवस्था कमजोर भएका, अशिक्षित, ग्रामीण भेगमा बसोवास गर्ने, राजनीतिक पहुँच नभएका व्यक्ति अनौपचारिक निकायमा जाने गरेका हुन्छन्[१२०] ।

जिल्लामा आर्थिक रूपमा पछि परेका वर्गलाई औपचारिक न्याय प्रणाली पहुँचयोग्य बनाउन गरिएको पहलकदमी प्रभावकारी हुन सकेको छैन । जिल्लामा कानुनी सहायता परियोजना भए पनि उक्त परियोजनाबाट कति मुद्दामा प्रतिनिधित्व गरेको छ भन्ने जानकारी छैन । वैतनिक वकिलका तर्फबाट छ महिनामा छ सात वटा मुद्दामा मात्र कानुनी प्रतिनिधित्व भएको देखिन्छ[१२१] । कानुनी सहायता समितिमार्फत दिइने निःशुल्क कानुनी सहायताका सम्बन्धमा विद्यमान कानुन अनुसार गरिब (वार्षिक रु चालिस हजारभन्दा कम आय भएको) तथा आर्थिक-

११६ सुगा भवानीपट्टी गाविस, वडा नं १ का दलित महिलासँग समूह छलफल, २०६८ असार २९
११७ ऐजन
११८ युवा समूहसँगको समूह छलफल, जलेश्वर, २०६८ असार २८
११९ महोत्तरीका विभिन्न समूहसँगको समूह छलफल र विभिन्न मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, २०६८ असार २८-३१
१२० महोत्तरीका विभिन्न समूहसँगको समूह छलफल र विभिन्न मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, २०६८ असार २८-३१
१२१ वैतनिक वकिलसँगको मुख्य जानिफकार अन्तर्वार्ता, जलेश्वर, २०६८ असार ३०

सामाजिक रूपमा पछाडि परेको वर्गको पहिचान गर्न कठिन भएको जानकारी प्राप्त भएको थियो[१२२]।[१२३] जिल्लामा यस किसिमको नि:शुल्क कानुनी सहायता उपलब्ध छ भन्ने कुराको जानकारी सेवाग्राहीलाई नहुनु पनि ठूलो समस्याका रूपमा रहेको छ[१२४] ।

महोत्तरीमा महिलाविरुद्धको घरेलु हिंसा एउटा ठूलो सुरक्षा र न्यायको समस्या भएको बताइयो । घरेलु हिंसाका पीडित महिलाले घर, परिवार समाजका कारण वा विद्यमान सामाजिक वातावरणका कारण सहज रूपमा उजुरी गर्न सक्ने अवस्था छैन[१२५] । हिंसाबाट पीडित महिलाले पुरुष कर्मचारी भएका न्यायिक निकायमा आफ्ना कुरा स्पष्ट राख्न नसक्ने अवस्था छ[१२६] । अन्तर्वार्ताका क्रममा महिलाहरूले कहिल्यै अदालत नगएको बताए[१२७] । प्रहरी सेवामा अपर्याप्त साधन र सीमित कर्मचारी र क्षमताका कारण राज्यले महिलाविरुद्धको हिंसालाई प्रभावकारी रूपमा सम्बोधन गर्न नसकेको बताइयो । साथसाथै परम्परागत विवाद समाधान संयन्त्रमा महिलाको आवाजलाई बेवास्ता गरिन्छ[१२८] । अझ विशेषगरी मुसलमान समुदायका महिलाले समुदायका पुरुष अग्रजमाझ लिङ्गमा आधारित हिंसाका बारेमा उजुरी गरेमा पुन: पीडित हुनुपर्ने भय अभिव्यक्त गरे[१२९] ।

## ५.६. औपचारिक तथा अनौपचारिक न्यायिक निकायबीच समन्वयको अवस्था : सबलीकरणका लागि अवसर

महोत्तरी जिल्लामा औपचारिक र अनौपचारिक न्याय क्षेत्रका उत्तरदाताका अनुसार यी दुवै क्षेत्रबीच समन्वय र सहकार्य निश्चित गर्ने कुनै पनि औपचारिक संयन्त्र अस्तित्वमा छैन तर त्यहाँ यी क्षेत्रलाई जोड्ने र समन्वय गर्ने केही तदर्थ प्रयास विद्यमान छन् । उदारणका लागि अदालत प्रेषित मध्यस्थताका क्रममा समुदायका अगुवा र मौलवी/हाजीलाई छलफल र सरसल्लाहका लागि आमन्त्रित गरिन्छ[१३०] । समन्वय प्रयासको अर्को उदाहरण डिफआइडी/इएसपीद्वारा सहयोगप्राप्त मधेस सामुदायिक मध्यस्थता परियोजना हो जसमा औपचारिक न्यायिक अङ्ग र तिनका प्रतिनिधि जस्तै न्यायाधीश, प्रमुख जिल्ला अधिकारी (प्रजिअ), जिल्ला प्रहरी कार्यालय, जिल्ला विकास समिति, जिल्ला महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि र सामुदायिक मध्यस्थकर्ताबीचमा कार्यशालाहरू सञ्चालन गरिन्छ[१३१] ।

यी दुवै उदाहरण बाहेक व्यवस्थित समन्वय एउटा प्राथमिकता हो या वास्तविकता हो भन्नेबारे एकदमै कम प्रमाण थियो । यसका बाबजुद उत्तरदाताहरूले यी दुवै न्यायिक संयन्त्रबीच निरन्तर संवाद र सहकार्यको आवश्यकता प्रमुख रूपमा औंल्याए[१३२] । यस्ता प्रयासले अनौपचारिक अङ्गहरूलाई कानुनबारे राम्रो जानकारी राख्न, नयाँ कानुनी सूचना प्राप्त गर्न तथा औपचारिक अङ्गहरूमा मुद्दाको भार नगर्न, सिफारिस पद्धतिलाई सुधार्न र सबलीकरण गर्न सकोस् । मौलवीले वर्तमान कानुन र कानुनी व्यवस्थाका बारेमा तालिम प्राप्त गर्न इच्छुक रहेको अभिव्यक्ति दिए[१३३] ।

१२२ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग समूह छलफल, जलेश्वर, २०६८ असार ३०

१२३ अनुसन्धान प्रमाणीकरण भेला २०६८ चैत १५ मा बार एसोसिएसन महोत्तरीका अध्यक्षले गाविस कार्यालयको सिफारिस पत्रबिना आउनेलाई पनि नि:शुल्क कानुनी सेवा दिने गरिएको बताए ।

१२४ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग समूह छलफल, जलेश्वर, २०६८ असार ३०

१२५ युवा समूहसँगको समूह छलफल, जलेश्वर, २०६८ असार २८

१२६ सुगा भवानीपट्टी गाविस, वडा नं १ का दलित महिलासँग समूह छलफल, २०६८ असार २९

१२७ मुसलमान महिलासँग गरिएको समूह छलफल, कोलुवाबागिया गाविस, २०६८ असार २९

१२८ सुगा भवानीपट्टी गाविस, वडा नं १ का दलित महिलासँग समूह छलफल, २०६८ असार २९ र मुसलमान महिलासँग गरिएको समूह छलफल, कोलुवाबागिया गाविस, २०६८ असार २९

१२९ मुसलमान महिलासँग गरिएको समूह छलफल, कोलुवाबागिया गाविस, २०६८ असार २९

१३० जिल्ला अदालत महोत्तरीका मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, २०६८ असार २८

१३१ मधेसी समुदाय मध्यस्थता परियोजनाका मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, जलेश्वर, २०६८ असार ३०

१३२ कानुन कार्यान्वयन गर्ने निकायका मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता र छलफल, जलेश्वर, २०६८ असार ३०

१३३ ऐजन

# ६. पाँचथर जिल्ला

## ६.१ जिल्लाको परिवेश

पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने पाँचथर जिल्ला नेपालका पहाडी जिल्लामध्येको एक हो। पूर्वमा भारतको सिक्किम र दार्जिलिङ, पश्चिममा तेह्रथुम र धनकुटा जिल्ला, उत्तरमा ताप्लेजुङ र दक्षिणमा इलाम एवम् मोरङ जिल्लासँग यसको सिमाना जोडिएको छ। यस जिल्लाको क्षेत्रफल १,२४१ वर्ग किमि छ।

विसं २०५८ को जनगणना अनुसार जिल्लाको कुल जनसङ्ख्या २,०२,०५६ रहेको छ, जसमध्ये महिलाको जनसङ्ख्या १,०३,०१४ र पुरूषको ९९,०४२ रहेको छ। जिल्लाका प्रमुख जातजातिमा लिम्बूको जनसङ्ख्या ४०.३३ प्रतिशत रहेको छ भने अन्यमा राई १३.९४, ब्राम्हण १२.५२, क्षेत्री १०.६५, तामाङ ६.८२ र दलित ५.५३ प्रतिशत रहेका छन्। पुरातनकालमा लिम्बूवानको खास किसिमका महत्वपूर्ण निर्णय तथा सभासम्मेलन गरिने स्थानका रूपमा फिदिम रहेको थियो भन्ने मान्यताका आधारमा जिल्लाको सदरमुकाम फिदिमलाई वर्तमान समयमा लिम्बूवानको पौराणिक तथा धार्मिकस्थलका रूपमा दाबी गरिएको छ। धार्मिक सहिष्णुता रहेको यस जिल्लामा किराँत धर्मावलम्बी ५३.५, हिन्दू ३४.२ तथा बौद्ध धर्मावलम्बी ११.३३ प्रतिशत रहेका छन्[१३४]।

**बाकस ६: पाँचथरको एक झलक**

**क्षेत्रफल** १,२४१ वर्ग किमि
**जनसङ्ख्या** २,०२,०५६
**मुख्य जातजाति**
लिम्बु ४०.३३%
राई १३.९४%
ब्राह्मण १२.५२%
क्षेत्री १०.६५%
**मुख्य धार्मिक समूह**
किराँत ५३.५%
हिन्दू ३४.२%
बौद्ध ११.३३%
**गाविस** ४१
**निर्वाचन क्षेत्र** २

**स्रोत:** *पाँचथर जिल्लाको वस्तुगत विवरण २०६५, शाखा तथ्यांक कार्यालय पाँचथर*

जिल्लामा युवा जनसङ्ख्याको बसाइँसराइ अत्यधिक रहेको छ। विशेषगरी यहाँका युवा वैदेशिक रोजगारीका लगि भारत, साउदी अरब, मलेसिया, दक्षिण कोरिया, बहराइन, कुवेत, हङकङ, कतार, संयुक्त अरब इमिरेट्स र जापान जाने गरेका छन्। मुख्य आर्थिक पेसा कृषि रहेको यस जिल्लामा ८७.४९ प्रतिशत जनता कृषिमै निर्भर रहेका छन्। एक सय ३५ वटा सामुदायिक वन रहेको पाँचथर सामुदायिक वन कार्यक्रम सफल भएको जिल्लाका रूपमा चिनिन्छ।

जिल्लामा जडिबुटी जस्तै चिराइतो, बोजो, अम्लिसो, अलैंची, मालिङ्गो[१३५], चिया तथा लोक्ता उत्पादन गरिन्छ। यस्ता जडिबुटीजन्य उत्पादन विदेश निर्यात गर्ने गरिन्छ। पाँचथर यस भेगका पहाडी जिल्लाहरूको व्यापारिक केन्द्रका रूपमा विकसित भएको छ भने यो अन्य पहाडी जिल्लाको मुख्य सम्पर्क जिल्ला पनि हो।

जिल्लामा एकचालीस गाउँ विकास समिति रहेका छन्[१३६]। साक्षर जनसङ्ख्या ५१.२४ प्रतिशत[१३७] रहेको पाँचथर जिल्लामा सरकारी र निजी दुवै गरी ३३ वटा उच्च माध्यमिक विद्यालय, ६५ वटा माध्यमिक विद्यालय, ८३ वटा निम्नमाध्यमिक विद्यालय र ३२२ वटा प्राथमिकस्तरका विद्यालय रहेका छन्।

जिल्लालाई दुई निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। संविधानसभा निर्वाचन २०६४ मा नेपाली कांग्रेस र नेकपा(एमाले) एक एक निर्वाचन क्षेत्रमा निर्वाचित भएका थिए[१३८]। विसं २०५६ मा भएको संसदीय निर्वाचनमा एमाले एक निर्वाचन क्षेत्र र बाँकी सबै निर्वाचन क्षेत्रमा नेपाली कांग्रेस निर्वाचित भएको थियो[१३९]।

१३४ पाँचथर जिल्लाको वस्तुगत विवरण २०६५, शाखा तथ्याङ्क कार्यालय पाँचथर
१३५ नेपालमा उत्पादन गरिने स्थानीय जडिबुटी
१३६ सरकारले फिदिमलाई नगरपालिका घोषणा गरेको भए तापनि यो प्रतिवेदन लेखनको समयसम्म यो निर्णय कार्यान्वयन भएको थिएन।
१३७ ऐजन
१३८ निर्वाचन आयोग नेपाल, http://www.election.gov.np/reports/CAResults/reportBody.php
१३९ निर्वाचन आयोग नेपाल, http://www.election.gov.np/EN/toptwo.html

## ६.२ पाँचथर जिल्लाका न्यायिक संयन्त्रहरूको एक झलक

जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिप्रका, सशस्त्र प्रहरी बलको कार्यालय र मालपोत कार्यालय लगायत जिल्लास्तरका सबैजसो कार्यालय जिल्ला सदरमुकाम फिदिममा रहेका छन् ।


अनौपचारिक संयन्त्र अन्तर्गत यस जिल्लामा सन् २००३ देखि सुरू भएको पारालिगल सेवा हाल सबै ४१ गाविसमा सुरू भइसकेको छ । सामुदायिक मध्यस्थता सेवा केन्द्र नामक एक संस्था पनि जिल्लामा छ तथापि यो प्रतिवेदन लेखनको समयमा यो सञ्चालनमा थिएन । यहाँ परम्परागत रूपमा लिम्बू समुदायबीच अग्रजको सभाः पञ्च भलादमी र चुम्लुङद्वारा विवाद समाधान गर्ने प्रचलन रहेको भए तापनि त्यस्ता परम्परागत विवाद समाधानका संयन्त्रहरू हाल सञ्चालनमा नरहेको जानकारी गराइएको थियो ।

## ६.३ औपचारिक न्यायः पाँचथरमा कसरी कार्य सम्पादन गरिरहेको छ

### ६.३.१ जिल्ला अदालत

पाँचथर जिल्ला अदालतमा सबै प्रकारका मुद्दा जस्तै कर्तव्य ज्यान, कुटपिट, बहुविवाह, सम्बन्धविच्छेद, बालविवाह, हातहतियार, मानव बेचबिखन, चोरी, लागूऔषध र मादकपदार्थ आदि दर्ता भएका छन् । जिल्ला अदालतमा आव २०६७/६८ मा देवानी र फौजदारी गरी कुल ४०३ वटा मुद्दा दर्ता भएकामा २४८ (६२ प्रतिशत) वटा मुद्दा फैसला भएका छन् भने १५५ (३८ प्रतिशत) वटा मुद्दा फैसला हुन बाँकी रहेको देखिन्छ[१४०] । अदालतमा मुद्दाको दर्ता प्रकियालगायत सम्पूर्ण कार्य प्रकियागत रूपमा नै हुने गरेका छन्[१४१] । महिला, बालबालिका तथा वृद्धका मुद्दा प्राथमिकतामा राख्ने प्रचलन रहेको छ[१४२] ।

चित्र १३: आव २०६७/६८ मा जिल्ला अदालत पाँचथरमा रहेका मुद्दाको स्थिति




### ६.३.२ अदालत प्रेषित मेलमिलाप

पाँचथर जिल्ला अदालतद्वारा अदालत प्रेषित मध्यस्थता केन्द्रमा देवानी मुद्दा र न्यून मात्रामा फौजदारी मुद्दा जस्तै कुटपिट र लुटपिटका मुद्दा सिफारिस गरिएको देखिन्छ । आव २०६६/६७ मा पाँचथर जिल्ला अदालतबाट नौ वटा मुद्दा मेलमिलापका लागि सिफारिस भएकामा सबै सफल भएको छ भने आव २०६७/६८ मा १० वटा विवाद मेलमिलापका लागि सिफारिस भएकामा हालसम्म (यो प्रतिवेदन लेखन गर्दा) कुनै पनि विवाद समाधान हुन नसकेको स्थिति छ[१४३] । जिल्लामा मध्यस्थता केन्द्रमा जम्मा नौ जनाले मात्र मेलमिलापकर्ताको आधारभूत

[१४०] जिल्ला अदालत पाँचथर, २०६८ जेठ २७
[१४१] जिल्ला अदालतका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ जेठ २७
[१४२] ऐजन
[१४३] अदालत प्रेषित मेलमिलाप केन्द्र पाँचथर फिदिम, २०६८ असार १

तालिम लिएको पाइयो, जसमा दुई जना महिला र सात जना पुरुष रहेका छन् । मेलमिलाप केन्द्रमा तालिमप्राप्त कर्मचारीको अभाव रहनाका साथै केन्द्रले गर्ने काम तथा यसको उपयोगिताबारे सर्वसाधारणलाई खासै जानकारी नभएको पाइयो[१४४] ।

### ६.३.३ जिल्ला प्रशासन कार्यालय

यस कार्यालयमा सार्वजनिक अपराध, अवैध हातहतियार तथा खरखजाना, लेनदेन र नागरिकतासम्बन्धी विवाद रहेका छन् । जिप्रकामा कुनै पनि प्रकृतिको मुद्दामा कानुन व्यवसायी राखिने गरेको पाइँदैन र यस्ता मुद्दामा कानुन व्यवसायीको सल्लाह लिने प्रचलन समेत धेरै कम छ । अर्कातर्फ मुद्दामा राजनीतिक दबाब र प्रभाव उच्च रहेको छ[१४५] । जिप्रकाबाट मुद्दा मिलाउने प्रक्रियामा कानुन व्यवसायी नराखी विवाद मिलाउने भएकाले यस निकायद्वारा दिइने न्याय प्रभावित हुन सक्ने कुरा अन्तरर्वार्ता दिने व्यक्तिहरूले औँल्याएका थिए ।

### ६.३.४ जिल्ला प्रहरी कार्यालय

पाँचथर जिल्लाभरिको जनसङ्ख्या २,०२,०५६ लाई सेवा प्रदान गर्न ३० वटा प्रहरी कार्यालय जिल्ला प्रहरी कार्यालय मातहतमा छन् । यी प्रहरी कार्यालयमध्ये छ वटा इलाका प्रहरी कार्यालय, १५ प्रहरीचौकी, सात वटा अस्थायी प्रहरीचौकी र एक वटा सामुदायिक प्रहरी सेवा केन्द्र रहेका छन् । जिल्लाका कुल ४१ गाविसमध्ये ११ वटा गाविसमा प्रहरीचौकी छैन । जिल्लामा शान्ति र सुरक्षा कायम गर्न करिब ३३४ प्रहरी कर्मचारी खटाइएको छ । तीमध्ये प्रहरी जवानदेखि हवल्दारसम्मका आठ महिला प्रहरी छन् । करिब ८७ प्रहरी कर्मचारी जिल्ला प्रहरी कार्यालय फिदिम र बाँकी २९ वटा प्रहरीचौकीमा खटाइएको छ[१४६] ।

**बाकस ७: पाँचथरमा नेपाल प्रहरी**

**जम्मा प्रहरी सङ्ख्या** ३३४
**महिला प्रहरी** ८ (२५)
**प्रति प्रहरी नागरिकसङ्ख्या** १: ५९४
**प्रति महिला प्रहरी महिला नागरिक सङ्ख्या** १: १३,०५९
**आव.** २०६७/६८ मा दर्ता भएका **मुद्दा** ९२

**स्रोत:** *जिल्ला प्रहरी कार्यालयक पाँचथर, २०६८ जेठ २७*

कुटपिट, अपहरण, ठगी, आगजनी, लुटपाट, मानव बेचबिखन, कर्तव्य ज्यान, बहुविवाह, गोबध, लागूऔषध, नागरिकता, जबर्जस्ती करणी र गर्भपतन लगायत विभिन्न प्रकारका फौजदारी घटनाबारे जाहेरी दर्ता पाँचथर जिप्रकामा हुने गरेका छन् । जिल्ला प्रहरी कार्यालयमा पनि राजनीतिक दबाब आउनु सामान्य भैसकेको बताइएको थियो[१४७] । अर्कातिर प्रहरी कार्यालयको वातावरण पनि मानव अधिकारमैत्री नभएको पाइयो किनभने अनुसन्धान अवलोकनका क्रममा प्रहरीले अभियुक्तलाई भौतिक हिंसा (कुटपिट) गरेको प्रत्यक्ष देखिएको थियो[१४८] ।

---

१४४ महिला समूह र पारालिगलसँग छलफल, २०६८ जेठ २८
१४५ ऐजन
१४६ जिल्ला प्रहरी कार्यालय पाँचथर, २०६८ जेठ २७
१४७ जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रतिनिधिसँग अर्न्तवार्ता, २०६८ जेठ २७
१४८ जिल्ला प्रहरी कार्यालयको अवलोकन, २०६८ जेठ २७

**घटना अध्ययन ३: पाँचथरमा न्यायिक निकायमा राजनीतिक हस्तक्षेप**

पाँचथर निवासी सुभाष लिम्बूले २०६२ सालमा धनकुमारी लिम्बूसँग विवाह गरेका थिए । विवाहको केही वर्षसम्म पनि सन्तानको जन्म हुन नसकेपछि सुभाष वा धनकुमारीको कुनै स्वास्थ्य परीक्षण समेत नगरी धनकुमारीले सन्तान सुख दिन सकिन भन्दै सुवासले दोस्रो विवाह गरे ।

यसरी श्रीमान्ले दोस्रो विवाह गरेपछि धनकुमारीले श्रीमान् तथा उनकी दोस्रो श्रीमतीका विरूद्धमा जाहेरी दर्ता गरिन् र प्रहरीले दुवैलाई पक्राउ गरी ल्यायो तर राजनीतिक दबाबका कारण सो जाहेरी फिर्ता लिनुपरेको धनकुमारीले बताइन् । धनकुमारीलाई श्रीमान्ले नागरिकता बनाइदिने र अंश दिने भन्ने सर्तमा धनकुमारीलाई सहमत गराई उक्त मुद्दा फिर्ता लिन बाध्य गराइयो । मुद्दा फिर्तापछि धनकुमारीले न नागरिकता पाइन्, न अंश । उनले श्रीमान्को विरुद्धमा कुनै कारवाही नै गराउन सकिनन् किनभने राजनीतिक दबाबका कारणले उनले प्रहरीमा अर्को उजुरी दिन सकिनन्।

**स्रोतः** सेवाग्राहीसँग अन्तर्वार्ता, २०६८ जेठ २९

### ६.३.५ महिला बालबालिका सेवा केन्द्र–जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्र रहेको छ । अन्य जिल्लामा जस्तै महिलाविरुद्धको हिंसासम्बन्धी मुद्दा र बालबालिकासँग सम्बन्धित सवाल हेर्ने अधिकार यस केन्द्रको भए तापनि मुद्दाको कार्यविधि प्रहरी कार्यालयको मुद्दा फाँटबाट हुने गरेको छ । विवादित पक्षबीच मेलमिलाप गराउने लक्ष्य यस केन्द्रको छ । महिला सेलमा केवल एक जना महिला प्रहरी सहायक निरीक्षक र एक जना महिला प्रहरी जवान खटाइएको छ तर आफूहरूले कुनै पनि दक्षता अभिवृद्धिसम्बन्धी उपयुक्त तालीम समेत नपाएको उनीहरूले बताए[१४९] । आफूहरूलाई महिला बालबालिका कार्यालयले सञ्चालन गरेको घरेलु हिंसा सेवा केन्द्रबारे थोरै जानकारी भएको उनीहरूले बताए । केन्द्रमा निवेदन दर्ता गर्ने, पीडितलाई परामर्श दिने तथा अभियुक्तसँग बयान लिने छुट्टै कोठाको व्यवस्था छैन । बजेट, भौतिक संरचना, दक्ष जनशक्ति तथा सीपको अभावका कारण महिला बालबालिका सेवा केन्द्रले घरेलु हिंसाका पीडितलाई पर्याप्त सेवा प्रभावकारी ढङ्गले प्रदान गर्न सकेको छैन ।

### ६.३.६ महिला तथा बालबालिका कार्यालयद्वारा सञ्चालित घरेलु हिंसा सेवा केन्द्र

पाँचथर जिल्लामा २०६७ सालमा घरेलु हिंसा तथा यौनजन्य दुर्व्यवहारबाट पीडित महिलाका लागि अल्पकालीन सुरक्षित आश्रय सहितको जिल्ला सेवा केन्द्र स्थापना भएको थियो । यस सेवा केन्द्रमा आव २०६७/६८ मा दर्ता भएका जम्मा ३२ उजुरीमध्ये २७ वटा (८४प्रतिशत) प्रहरीमा र पाँच वटा (१६ प्रतिशत) अदालतमा अदालत प्रेषित मेलमिलाप मार्फत मिलापत्र गरिएको थियो । दुई वटा सम्पर्कमा नआएको तथ्याङ्क रहेको छ[१५०] । यस्तै आव २०६८/६९ मा परेका १० उजुरीमध्ये तीन वटा अदालतबाट फैसला भएको, एउटा मुद्दामा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्ने आदेश भएको र बाँकी परामर्शद्वारा मिलापत्र गरिएको छ[१५१] । अनुसन्धानका समयमा सेवा केन्द्रले आर्थिक वर्षको अन्त्यतिर केन्द्रका लागि विनियोजित बजेट रू १२ लाखको कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सङ्घर्ष गरिरहेको बताएको थियो[१५२] । ढिलो गरी बजेट निकासा भएकाले आर्थिक वर्षको अन्त्य हुनुअघि नै बजेट खर्च गरिसक्नका लागि पाँचथर सेवा केन्द्रले रू १२ लाख बजेट जिल्लाका अन्य छ वटा इलाकास्तरीय सेवा केन्द्रलाई समेत बाँड्नुपरेको थियो ।

१४९ महिला तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधिसँग अन्तर्वार्ता २०६८ जेठ २७

१५० घरेलु हिंसा सेवा केन्द पाँचथर फिदिम, जेठ २०६८

१५१ ऐजन

१५२ महिला बालबालिका कार्यालयका प्रतिनिधिसँग अर्न्तवार्ता, २०६८ जेठ २८

### ६.३.७ सामुदायिक प्रहरी सेवा केन्द्र

पाँचथर जिल्लामा गठन भएको सामुदायिक प्रहरी सेवा केन्द्र एक जना प्रहरी कर्मचारी र सत्र सदस्यीय सामुदायिक समितिद्वारा सञ्चालित छ। सेवा केन्द्र नागरिकको नेतृत्वमा रहेको भए तापनि यस प्रतिवेदन लेखनको समयसम्म यसले एउटा पनि मुद्दा हेरेको थिएन। यस्तो अवस्था न्यून बजेटका कारणले भएको धारणा छ[१५३]। थप आर्थिक स्रोतका साथै सामुदायिक प्रहरी सेवा केन्द्रका पदाधिकारीलाई मेलमिलाप र परामर्श सीपको तालिम प्रदान गर्न सकिएमा यसले सामुदायिक सुरक्षा कार्यमा प्रभावकारी ढङ्गबाट अगाडि बढ्न सक्ने केन्द्रका प्रतिनिधिको धारणा छ।


## ६.४ अनौपचारिक न्यायः पाँचथरमा कसरी कार्य सम्पादन भैरहेको छ

### ६.४.१ पारालिगल कमिटी

पाँचथर जिल्लाका सबै गाविसमा महिला पारालिगल कमिटी सक्रिय रहेका छन्। पारालिगलले विभिन्न किसिमका विवाद जस्तै घरेलु हिंसा, दाइजोसँग जोडिएको हिंसा, बाटोघाटो, बालीनाली र कुटपिट आदि निःशुल्क रूपमा हेर्ने र मिलाउने गर्छन्।

कमिटीका सदस्यहरूले तीन चरणमा गरी जम्मा २२ दिनको तालिम लिएका छन्, यो पहिलाको १८ दिनबाट बढेको हो। पीडितलाई कानुनी सहयोग र आवास उपलब्ध गराउन जिल्ला बार एसोसिएसन र सेवा केन्द्र जस्ता संस्थासँग समन्वय गर्ने गरेको कमिटीका सदस्यले बताए। त्यसैगरी फौजदारी प्रकृतिका विवाद जस्तै बलात्कार, चेलीबेटी बेचबिखनजस्ता मुद्दालाई औपचारिक प्रणालीमा पठाउने वा लैजाने गरेको पाइयो[१५४]।

चित्र १४: पारालिगल कमिटीले २००९ देखि २०११ सम्म हेरेका मुद्दाको विवरण




| | दर्ता | मेलमिलाप गरिएको | सिफारिस गरिएको |
|---|---|---|---|
| २००९ | २९३ | २८६ | ६ |
| २०१० | ३८३ | ३६३ | २० |
| २०११ | ४५१ | ४१७ | ३४ |

माथि चित्रको तथ्याङ्कले तीन वर्षमा पारालिगल कमिटी पाँचथरमा दर्ता भएका मुद्दाको अवस्था देखाएको छ। धेरै मात्रामा मेलमिलाप गरिएको मुद्दाको सङ्ख्याले पारालिगल सक्रिय रूपमा मुद्दा मिलाउन काम गरिरहेको देखाउँछ जसमा २००९ मा ८७ प्रतिशत, २०१० मा ९४ प्रतिशत र २०११ मा ९२ प्रतिशत मुद्दा मिलाएको देखिन्छ। पारालिगल कमिटीले औपचारिक निकाय जस्तै अदालत, प्रहरीमा मुद्दालाई आवश्यकता अनुसार सिफारिस गरेर यी निकायबाट पनि पीडितलाई न्यायमा पहुँच प्राप्त गर्न सहजीकरण गरिरहेको छ।

---

[१५३] सामुदायिक प्रहरी सेवा केन्द्रका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ जेठ २८

[१५४] महिला समूह तथा पारालिगत समूहसँग गरिएको छलफल, २०६८ जेठ २७

### ६.४.२ परम्परागत न्यायिक संयन्त्र (लिम्बू समुदाय)

विभिन्न औपचारिक तथा अनौपचारिक न्याय प्रदायक, समुदायका मानिस र महिला समूहका अनुसार चुम्लुङ र पञ्चभलादमी जस्ता परम्परागत न्यायिक संयन्त्र हाल व्यावहारिक रूपमा छैनन्। तथापि यदि उनीहरूको समुदायमा विवाद भयो भने गाउँलेसँग सल्लाह लिने चलन छ[१५५]। राजनीतिक दलहरूसँग गरिएको छलफलमा सहभागीले लिम्बू समुदायमा परम्परागत विधिबाट विवाद समाधान गर्ने परिपाटी कमजोर भएको बताए। यसको कारण उनीहरूका अनुसार पारालिगल कमिटीको प्रयोग बढ्नु, विवाद समाधानमा महिला समूहहरूको सहभागिता बढ्नु, स्थानीय शान्ति समूह र राजनीतिक दलहरूको प्रभावका साथै जनसङ्ख्यामा जातीय विविधता हुनु[१५६]।

### ६.५ पाँचथरमा न्यायमा पहुँचः एक विश्लेषण

भौगोलिक रूपमा विकट तथा पहाडी भूभाग र राज्यका सबै न्यायिक निकाय सदरमुकाममा नै केन्द्रित भए तापनि पाँचथर जिल्लामा औपचारिक निकायमा उजुरीको सङ्ख्या भने उच्च नै देखिन्छ। न्यायमा सबैको पहुँच हुनुपर्छ भन्ने मान्यता भए पनि औपचारिक न्याय प्रणाली विशेषगरी जिल्ला अदालतमा निकै लामो कार्यविधिले गर्दा पहुँच सीमित भएका घटनाले देखाउँछ। औपचारिक न्याय लामो समय लाग्ने र खर्चिलो भएको जनताले बताएका छन्। यो धारणालाई जिल्ला अदालतमा ३८ प्रतिशत मुद्दा फैसला हुन बाँकी रहेको तथ्याङ्कले सहयोग गरेको छ जसले अदालतले उचित समयभित्र न्याय प्रदान गर्न नसकेको देखाउँछ।

त्यसैगरी पाँचथरमा जिप्रकालाई धेरैले छिटो र प्रभावकारी विवाद समाधान गर्ने सरकारी निकायका[१५७] रूपमा स्वीकार गरेको भए तापनि कानुन व्यवसायी नराखी विवाद मिलाउने भएकाले कानुनी प्रक्रियालाई बेवास्ता गरेको र कतिपय अवस्थामा राजनीतिक दलहरूको दबाबका लागि सहज भएको देखिन्छ। त्यसैगरी जिप्रकाको मुद्दा फाँटमा कार्यरत कर्मचारीलाई कुनै पनि प्रकारको तालिम नभएको र उनीहरूलाई मानव अधिकारका कुनै पनि सिद्धान्तका बारेमा जानकारी नभएको देखिन्छ। जिप्रकाको कार्यालय सहयोगी पदमा रहेका कर्मचारीलाई निजको जिम्मेवारीभन्दा बाहिर नागरिकता बनाउने कार्यमा समेत खटाउने गरिएको छ। यो कुरा र जिप्रकामा दर्ता हुने मुद्दामा कानुनी प्रतिनिधित्व नहुनाको अर्थ न्यायको खोजी गर्दा सेवाग्राहीले पर्याप्त समस्याको सामना गर्नुपरेको छ।

जिल्ला सरकारी वकिलका अनुसार जिल्ला अदालतमा अधिकांश मुद्दा धनी तथा मध्यम वर्ग र जिल्ला सदरमुकाम नजिक बसोबास गर्ने मानिसले दर्ता गरेका छन्। फौजदारी प्रकृतिका मुद्दा बाहेक गरिब तथा सीमान्तकृत जनताले धेरै कम गम्भीर मुद्दा अदालतमा ल्याउने गरेको बताइएको थियो[१५८]। यसको मुख्य कारण चेतनाको कमी, गरिबी र सदरमुकाम केन्द्रित संयन्त्रहरूको विरुद्धमा भौगोलिक विकटता हो। यद्यपि सडक र यातायातको सुविधा क्रमशः सुधार हुँदै गए पनि लिम्बा, च्याङथापू जस्ता विकट (फिदिम पुग्न दुई दिन हिँडनुपर्ने) गाउँमा बस्ने मानिसहरू मुद्दा धेरै गम्भीर नभएसम्म यदाकदा मात्र राज्य संयन्त्रमा जान्छन्[१५९]।

पाँचथरमा कानुनी सहयोग न्यून मात्रामा सञ्चालनमा रहेको छ। कानुनी सहयोग ऐन २०५२ का अनुसार कानुनी सहयोग वकिलहरूको सूची तयार गर्न र कसले कानुनी सहयोग पाउँछ भन्नेबारे निर्णय गर्न पाँचथरमा कानुनी सहयोग समिति हुनुपर्छ। कानुनी सहयोग वकिलहरूलाई उनीहरूको सेवाका लागि पारिश्रमिक प्रदान गर्ने जिम्मेवारी समेत जिल्ला समितिको हो। यद्यपि सरकारले समितिलाई पर्याप्त बजेट उपलब्ध गराएको देखिँदैन। पाँचथरमा कानुनी सहयोग वकिलहरूले आव २०६६/६७ देखि पारिश्रमिक पाएका छैनन्[१६०]। तथापि केही वकिलले जिल्ला स्रोत समूहको सदस्यको हैसियतले पारालिगल कमिटीको सिफारिसमा कानुनी सहयोग प्रदान गरिरहेका छन्। जिल्लामा गैरसरकारीस्तरमा निःशुल्क कानुनी सहयोग तथा परामर्श सेवा प्रदान गर्ने कुनै पनि संस्था कार्यरत छैनन्। राज्यको

१५५ राजनीतिक दलसँग गरिएको छलफल, २०६८ जेठ २७
१५६ ऐजन
१५७ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ जेठ २६
१५८ जिल्ला सरकारी वकिलसँग अन्तर्वार्ता, २०६८ जेठ २६
१५९ ऐजन
१६० कानुनी सहयोग समितिका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ जेठ २९

कानुनी सहायता समिति मार्फत गरिएको निःशुल्क कानुनी सेवाबारेमा ग्रामीण समुदायलाई जानकारी तथा चेतना छैन र यसले गर्दा पीडितहरू शुल्कका कारणले वकिलको सल्लाह लिन चाहँदैनन्[१६१]।

अनौपचारिक निकायहरू ग्रामीण क्षेत्रमा बसोबास गर्नेका लागि उपयुक्त छ भनी आफ्नो प्राथमिकता अनौपचारिक निकायहरू हो भनी बताउने सेवाग्राहीले आर्थिक र समय मुख्य कारण बताएका छन् । जनताले स्थानीयस्तरमा अनौपचारिक संयन्त्रबाट छिटो र सस्तोमा न्याय प्राप्त गर्न सकेको कुरा औपचारिक न्यायिक निकायका प्रतिनिधिले स्वीकार गरेका छन् । पारालिगल कमिटीले प्रदान गर्ने न्यायसम्बन्धी सेवामा सुधार आएको, दुवै पक्षको कुरा सुन्ने गरेको, महिलासम्बन्धी विवादमा संवेदनशीलता अपनाउने गरेको र मानव अधिकारका सिद्धान्तहरूको अनुसरण गर्ने गरेका जस्ता कुराले गर्दा सर्वसाधारण वर्ग विशेषगरी महिलाको न्यायमा पहुँच बढ्न सकेको सेवाग्राहीले बताएका छन् । पाँचथरको हकमा सबै गाविसमा पारालिगल कमिटी रहेका हुनाले विवादित पक्षहरूलाई न्यायको खोजी गर्न धेरै सजिलो भएको छ । पारालिगल कमिटीले पाँचथरमा औपचारिक निकायको कार्यबोझलाई समेत कम गर्न सहयोग गरेको छ[१६२], तथापि यस भनाइलाई पुष्टि गर्ने थोरै तथ्याङ्क उपलब्ध छ ।

यद्यपि यस अनुसन्धानमा पारालिगल कमिटीले पाँचथरमा गरेको कामलाई स्थानीय जनसमुदायले सरहाना गरेको पाइयो, यसको स्थायित्व, प्रभावकारिता र जिल्लाभरि एकरूपताका बारेमा मिश्रित प्रतिक्रिया रहेको छ । पर्याप्त आर्थिक सहयोग, अनौपचारिक निकायका लागि मार्गनिर्देशिकाको अभाव र कमिटी सदस्यहरूको योग्यतामा विविधता मुख्य सरोकारका विषय भएको पाइयो[१६३] । कमिटीका सदस्यहरूसँग मानव अधिकारका सिद्धान्त र मेलमिलाप सीपका बारेमा आधारभूत ज्ञान मात्र भएको हुनाले यस अनुसन्धानले पारालिगलको कार्यशैली परम्परागत न्यायिक संयन्त्रभन्दा धेरै फरक नभएको पत्ता लगायो । पारालिगल कमिटीका केही सदस्यले आफ्ना श्रीमान् तथा घरपरिवारबाट पर्याप्त सहयोग र समय नपाएको पनि बताएका छन् । यस प्रकारको घरपरिवारको दबाब र असहयोग एवम् पारिश्रमिकको अभावले गर्दा पाँचथरमा पारालिगल कमिटीको कार्यमा नकारात्मक प्रभाव परेको देखिन्छ[१६४] ।

## ६.६ औपचारिक तथा अनौपचारिक न्यायिक निकायबीच समन्वयको अवस्था : सबलीकरणका लागि अवसर

सामान्यतया राज्यस्तरका न्यायिक निकाय र पारालिगल कमिटी बीचमा न्यून मात्रामा अन्तर्क्रिया र समन्वय हुने गरेको छ । फरक फरक संयन्त्रले प्रदान गर्ने काम, सेवा र जिम्मेवारीका बारेमा जनचेतनाको कमी रहेको छ । समन्वयको कमीको परिणामस्वरूप पाँचथरमा औपचारिक र अनौपचारिक क्षेत्रबीच एकअर्काको कामप्रति सम्मानको कमी रहेको छ[१६५] ।

पाँचथरमा सीमित सहकार्यका केही उदाहरण छन् । पाँचथर जिल्ला न्याय क्षेत्र समन्वय समिति[१६६] को मासिक रूपमा बैठक बस्ने गरेको छ । यो वर्ष समितिले पारालिगल कमिटी पाँचथरका एक जना सदस्यलाई नागरिक समाजको प्रतिनिधिका रूपमा छनोट गरेको छ । तथापि न्याय क्षेत्र समन्वय समितिको बैठक न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि औपचारिक तथा अनौपचारिक न्यायिक संयन्त्रहरूबीच समन्वय स्थापना गर्न प्रभावकारी हुन सकेको छैन । प्रहरीले कहिलेकाहीँ पारालिगल कमिटीहरूसँग छलफल गर्ने गरेका छन्[१६७] तर यस्ता छलफल औपचारिक नीतिगत आधारमा नभई व्यक्तिगत चाहनाका आधारमा हुने

१६१ ऐजन
१६२ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ जेठ २६
१६३ पारालिगल कमिटिका सदस्यसँग अन्तर्वार्ता, २०६८ जेठ २६
१६४ ऐजन
१६५ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ जेठ २६
१६६ न्याय क्षेत्र समन्वय समितिको गठन जिल्ला अदालत नियम अनुसार न्याय प्रभावकारी तथा अर्थपूर्ण रूपले प्रदान गर्नका लागि भएको हो ।
१६७ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ जेठ २६

गरेका छन् । त्यसैगरी पारालिगल कमिटीले पनि आफ्नो कामको सिलसिलामा औपचारिक निकायहरूसँग बैठक आयोजना गर्ने गरेका छन्[१६८] ।

स्थानीय महिला समूहसँग गरिएको छलफल र नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधिसँग गरिएको अन्तर्वार्तामा उनीहरूले महिला बालबालिका कार्यालयबाट सञ्चालित घरेलु हिंसाबाट पीडितका लागि सेवा केन्द्र धेरै एक्लिएको बताएका थिए । यस केन्द्रले घरेलु हिंसाका क्षेत्रमा काम गर्ने अन्य गैरसरकारी संस्थासँग सहकार्य नगर्ने र गैरसरकारी संस्थाले पनि यस केन्द्रसँग सहकार्य गर्न आवश्यक नठानेको अवस्था रहेको उत्तरदाताले बताएका छन्[१६९] । यस प्रकारको समन्वयले पाँचथरमा बसोबास गर्ने आर्थिक स्रोत कमजोर भएकाहरूका लागि सेवा सबल बनाउन सहयोग पुग्ने प्रस्ताव आएको थियो । यस अनुसन्धानमा पत्ता लागेका कुरालाई जाँच गर्न आयोजना गरिएको बैठकमा महिला तथा बालबालिका अधिकृतले समन्वय वृद्धि भएको बताउनुभयो ।

१६८ ऐजन

१६९ महिला समूह तथा पारालिगल कमिटीसँग छलफल, २०६८ जेठ २६

# ७. सुनसरी जिल्ला

## ७.१ जिल्लाको परिवेश

सुनसरी जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोसी अञ्चलमा अवस्थित छ। यसको सिमाना दक्षिणमा भारतको विहार राज्य, पूर्वमा मोरङ, पश्चिममा उदयपुर र सप्तरी र उत्तरमा धनकुटासँग जोडिएको छ। यस जिल्लाले १,२५७ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ[१७०] र पूर्वपश्चिम राजमार्गले जिल्लालाई उत्तरी र दक्षिणी भागमा विभाजन गरेको छ।

जिल्लाको जनसङ्ख्या ६,२५,६३३ छ जसमध्ये ३,१५,५३० पुरुष र ३,१०,१०३ महिला रहेका छन्[१७१]। जिल्लाको जनसङ्ख्यामा हिन्दू ७७.०९%, इस्लाम ११.०६% र किराँत धर्मावलम्बी ६.७३% छन्। यी बाहेक थोरै सङ्ख्यामा बौद्ध, इसाई, जैन, शिख र अन्य धर्मावलम्बी जिल्लामा रहेका छन्। विसं २०५८ को जनगणना अनुसार सुनसरीमा विभिन्न ९८ जातजातिको बसोबास रहेको छ। जिल्लाका प्रमुख जातजाति थारू (१४%), मुसलमान (११.०६%), क्षेत्री (८.३८%) र ब्राम्हण (७.९३%) हुन्[१७२]।

**बाकस ८: सुनसरीको एक झलक**

**क्षेत्रफल** १,२५७ वर्ग किमि
**जनसङ्ख्या** ६,२५,६३३
**मुख्य जातजाति**
थारू १४%
मुसलमान ११.०६%
क्षेत्री ८.३८%
पहाडी ब्राह्मण ७.९३%
**मुख्य धार्मिक समूह**
हिन्दू ७७.०९%
मुसलमान ११.०६%
किराँत ६.७३%
**गाविस** ४९
**नगरपालिका** ३
**निर्वाचन क्षेत्र** ६

**स्रोत:** *सुनसरी जिल्लाको वस्तुगत विवरण २०६२, शाखा तथ्याङ्क कार्यालय इनरुवा सुनसरी*

सुनसरी जिल्लामा जीवन निर्वाहको प्रमुख स्रोत कृषि हो। यहाँका प्रमुख बाली धान, गहुँ, मकै, उखु र जुट हुन्[१७३]। जिल्लामा दक्षिण दुहबीबाट उत्तर धरानसम्म औद्योगिक क्षेत्र फैलिएको छ। यहाँका मुख्य उद्योग जुट, खानेतेल, स्न्याक्स, खाद्यान्न, साबुन, प्लास्टिक र निर्माण सामग्री हुन्।

विसं २०६६ भदौ २ गते कोसी नदीको बाँध भत्किएर आएको बाढीले १० गाविसमा प्रभाव पार्‍यो र ७०,००० मानिसलाई उनीहरूको घरबाट विस्थापित बनायो। यी मानिस छ महिनासम्म विस्थापित मानिसका केन्द्रमा बसोबास गरे[१७४]। बाढीले पूर्वपश्चिम राजमार्ग, विद्यालय र स्वास्थ्यचौकीहरू जस्ता भौतिक संरचना पनि क्षति गर्‍यो। धेरैजसो क्षति भएका भौतिक संरचना अझैसम्म पनि पुन:निर्माण गर्न सकिएको छैन।

जिल्लामा तीन नगरपालिका इनरुवा, इटहरी र धरान तथा ४९ गाविस रहेका छन्। सम्पूर्ण सरकारी कार्यालय सदरमुकाम इनरुवामा नै रहेका छन्। जिल्लामा छ निर्वाचन क्षेत्र छन्। संविधानसभा निर्वाचन २०६४ मा मधेसी जनअधिकार फोरम नेपाल तीन निर्वाचन क्षेत्र, नेकपा (एमाले) दुई निर्वाचन क्षेत्र र नेकपा (माओवादी) एक निर्वाचन क्षेत्रमा निर्वाचित भएका छन्[१७५]। विसं २०५६ मा भएको संसदीय निर्वाचनमा एमाले दुवै निर्वाचन क्षेत्रमा निर्वाचित भएको थियो[१७६]।

## ७.२ सुनसरी जिल्लाका न्यायिक संयन्त्रहरूको एक झलक

जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, सशस्त्र प्रहरी बल कार्यालय, महिला बालबालिका कार्यालय र मालपोत कार्यालय लगायत सम्पूर्ण सरकारी कार्यालय सदरमुकाम इनरुवामा रहेका छन्। जिल्ला प्रहरी कार्यालयको मातहतमा ११ वटा इलाका प्रहरी कार्यालय, दुई वटा

---

१७० सुनसरी जिल्लाको वस्तुगत विवरण २०६२, शाखा तथ्याङ्क कार्यालय इनरुवा सुनसरी
१७१ ऐजन
१७२ ऐजन
१७३ ऐजन
१७४ UN OCHA Situation Report No. 4 available in website http://www.searo.who.int/LinkFiles/Sunsari_Flooding_Report No4. pdf
१७५ निर्वाचन आयोग नेपाल, http://www.election.gov.np/reports/CAResults/reportBody.php
१७६ निर्वाचन आयोग नेपाल, http://www.election.gov.np/EN/toptwo.html

वडा प्रहरी कार्यालय, दुई वटा सीमा प्रहरीचौकी, १५ वटा प्रहरीचौकी र २० वटा अस्थायी प्रहरीचौकी छन् । त्यसैगरी सात जना प्रहरी कर्मचारी सहितको एक वटा सामुदायिक प्रहरी तथा छ वटा नेपाल प्रहरी अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्र रहेका छन् र प्रत्येक केन्द्रमा छ जना महिला प्रहरी कार्यरत छन्[१७७] । त्यसैगरी एक वटा क्षेत्रीय कारागार, एक वटा सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्प पनि छन् । जिल्ला अदालतमा तीन जना न्यायाधीश रहेका छन् ।

जिल्लामा विभिन्न पारालिगल समिति गठन भई कार्यरत रहेका छन् । विसं २०५६ मा कानुन अनुसन्धान तथा स्रोत विकास केन्द्र नामक गैरसरकारी संस्थाले सुनसरी जिल्लाका १५ गाविसमा पारालिगल कार्यक्रम सुरुआत गरेको थियो । विसं २०६२ मा थप १३ गाविसमा पारालिगल कार्यक्रम विस्तार गरियो । विसं २०६४ मा युनिसेफ/डिएफआइडीको सहयोगमा पारालिगल कमिटी गठन भई हाल जिल्लाका ३५ वटा गाविस र तीन नगरपालिकामा कार्यरत रहेका छन् । अब जिल्लाका १४ गाविसमा पारालिगल कार्यक्रम सञ्चालन हुन बाँकी छ[१७८] । मुसलमान समुदायमा धर्मगुरु मौलानाहरूले विवाद मिलाउने गरेका छन् । अन्य समुदायमा समाजका अगुवा/भद्रभलादमीले पनि स्थानीय विवाद मिलाउने गरेका छन्[१७९] ।

## ७.३. औपचारिक न्यायः सुनसरीमा कसरी कार्य सम्पादन भैरहेको छ ?

सुनसरी जिल्लामा औपचारिक न्यायिक संयन्त्रहरूको न्याय प्रदान गर्ने सन्दर्भमा विवरण, मुद्दाका सङ्ख्या, किसिम र न्याय प्रदायकका रूपमा उनीहरूबारे अनुभूत गरिएको प्रभावकारिताबारे निम्न खण्डमा उल्लेख गरिएको छ ।

### ७.३.१. जिल्ला अदालत

सुनसरी जिल्ला अदालतको आफ्नै भवन रहेको छ । अदालतको परिसरभित्र बार एसोसिएसन र मेलमिलाप केन्द्र छुट्टाछुट्टै भवनमा रहेका छन् । बार एसोसिएसनमा कानुनी सहायता समिति र महिला वकिलका लागि महिला शाखा तथा अदालतमा वैतनिक वकिलको व्यवस्था रहेको छ । अदालतमा बाल इजलास तथा बालमैत्री कक्षाको व्यवस्था गरिनाका साथसाथै बाल मनोविमर्शदाता समेत व्यवस्था गरिएको छ । कानुन बमोजिम बन्द इजलासमा हेरिनुपर्ने मुद्दा बन्द इजलासमा नै सुनुवाइ हुने गरेको छ । अदालतमा तीन वटा बेन्च रहेका छन् र सबै बेन्चमा भिन्नै फाँट तोकिएको छ । तोकिएको बेन्चबाट मुद्दाको अन्तिम फैसलासम्म गर्ने गरिएको र छुट्टाछुट्टै फाँटका लागि छुट्टै कोठाको व्यवस्था गरिएको छ[१८०] ।

जिल्ला अदालतमा सम्बन्धविच्छेद, मानाचामल, जग्गा खिचोला, अंशबन्डा, लेनदेन, कुटपिट, लुटपिट, जबर्जस्ती करणी, लागूऔषध, डाका, चोरी, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, घरेलु हिंसा, परीक्षामा अनियमितता, मानव बेचबिखन तथा ओसारपसार, सवारी ज्यान लगायत मुद्दा पर्ने गरेका देखिन्छन्[१८१] । आव २०६७/६८ मा दर्ता भएको १,१३८ र गत वर्षको सरिआएका ७६४ गरी जम्मा १,९०२ देवानी मुद्दा थिए । तीमध्ये १,००२ मुद्दा फैसला भएका र ९०० मुद्दा फैसला हुन बाँकी रहेका थिए[१८२] । फौजदारी मुद्दातर्फ १,१५५ आव २०६७/६८ मा दर्ता भएका र गत वर्षको सरिआएका ४९४ गरी जम्मा १,६४९ मुद्दा थिए । उक्त मुद्दामध्ये ९२० मुद्दा फैसला भएको थियो भने ७२९ मुद्दा फैसला हुन् बाँकी थियो । यसका अतिरिक्त आव २०६७/६८ मा दुई वटा बन्दीप्रत्यक्षीकरण रिट दर्ता भएकामा दुवैमा फैसला भएको र २० वटा निषेधाज्ञा दर्ता भएकामा पाँच वटामा फैसला भई १५ वटा बाँकी रहेका थिए[१८३] ।

### ७.३.२. अदालत प्रेषित मेलमिलाप केन्द्र

जिल्ला अदालत परिसरभत्र रहेको सुनसरी जिल्ला बार एसोसिएसनको छुट्टै भवनमा मेलमिलाप केन्द्र स्थापना गरिएको छ । केन्द्रले अदालतद्वारा प्रेषित मुद्दामा तोकिएको मेलमिलापकर्ता मार्फत मेलमिलाप गराउने र

---

१७७ जिल्ला प्रहरी कार्यालय सुनसरी
१७८ परालिगल कमिटीका प्रतिनिधिसँग अन्तर्वार्ता (२०६८ भदौ ४ गते)
१७९ सुनसरीको स्थलगत अध्ययन, २०६८ भदौ २ देखि ६
१८० जिल्ला अदालत अवलोकन (२०६८ भदौ ५)
१८१ जिल्ला अदालतका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ भदौं ५
१८२ जिल्ला अदालत सुनसरीबाट उपलब्ध तथ्याङ्क, २०६८ भदौं ५
१८३ ऐजन

मेलमिलाप हुन नसकेका मुद्दा पुनः अदालतमा फिर्ता पठाउने गर्छ[१८४] । जिल्लामा १४ जना कानुन व्यवसायी, छ जना सामाजिक कार्यकर्ता र चार जना सरकारी कर्मचारी गरी जम्मा २४ जनाले मेलमिलापसम्बन्धी तालिम लिई अदालत प्रेषित मेलमिलाप केन्द्रमा काम गरिरहेका छन् ।

प्रहरी, सरकारी कर्मचारी, राजनीतिक दलका जिल्लास्तरीय नेता, गाविस सचिव, नेपाल प्रहरी महिला बालबालिका सेवा केन्द्रका कर्मचारी, तथा घरेलु हिंसासम्बन्धी उजुरी हेर्ने विभिन्न सङ्घसंस्थाका पदाधिकारी र कर्मचारीलाई मेलमिलापसम्बन्धी तालिम र कानुनी विषयमा साक्षरताका कार्यक्रम अति आवश्यक रहेको प्रतिनिधिले बताएका छन् । आव २०६६/६७ मा ३९ वटा मुद्दा मेलमिलापका लागि पठाइएकामा १३ वटा मुद्दा मिलापत्र मार्फत समाधान भएको छ[१८५] ।

### ७.३.३. जिल्ला प्रशासन कार्यालय

जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराधका मुद्दा चलाउने गरेको छ । नागरिकतासम्बन्धी, पैसा लेनदेन, घरेलु हिंसा, कुटपिट, लुटपाट, जग्गाको साँधसिमाना मिचेको र लागूऔषध आदि लगायत मुद्दाका ठाडो उजुरी जिल्ला प्रशासन कार्यालयमा पर्ने गरेको छ । प्रत्येक हप्तामा आठदेखि १० वटासम्म यस्ता उजुरी जिल्ला प्रशासन कार्यालयमा आउने गरेका छन्[१८६] । जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिका अनुसार कार्यालयमा मुद्दा हेर्नका लागि प्रशासनिक कर्मचारी पर्याप्त सङ्ख्यामा भए पनि कानुनी ज्ञान भएका कर्मचारीको सङ्ख्या कम छ[१८७] । जिल्ला प्रशासन कार्यालयका कर्मचारीले कानुनी पृष्ठभूमि नभई अनुभवका आधारमा मुद्दा हेर्ने गरेका छन्[१८८] । यसो भए तापनि जिल्ला प्रशासन कार्यालयले गरेका निर्णयमाथि पुनरावेदन नपर्ने गरेको बताइएको थियो[१८९] ।

### ७.३.४. जिल्ला प्रहरी कार्यालय

प्रहरी कार्यालयमा डाका, कर्तव्यज्यान, ज्यान मार्ने उद्योग, गर्भपतन, भवितव्य, गोबध, आत्महत्या, आगो लगाएको, औजार, हातहतियार, दुर्घटनामा मृत्यु, चोरी, ठगी, खोटाचलन, लागूऔषध, कालोबजारी, प्रतिलिपिअधिकार, चन्दा असुली, केही सार्वजनिक अपराध, नागरिकतासम्बन्धी, कुटपिट अङ्गभङ्ग, मानव बेचबिखन, बहुविवाह, जबर्जस्ती करणी, अपहरण, परीक्षामा अनियमितता र बोक्सीको आरोप लगायत मुद्दा आउने गरेको बताइएको छ[१९०] ।

जिल्ला प्रहरी कार्यालय अन्तर्गत ७७० जनाको दरबन्दी रहेको र केही प्रहरी कर्मचारी काजमा पनि कार्यरत रहेका छन्[१९१] । आव २०६७/६८ मा जिल्ला प्रहरी कार्यालयमा ७७० मुद्दा दर्ता भएका थिए जसमा आत्महत्या र भवितव्य मुद्दा समेत थिए[१९२] ।

#### *सामुदायिक प्रहरी सेवा केन्द्र*

सार्वजनिक शान्ति सुरक्षाका लागि नागरिक समेतको सहभागिता रहने अवधारणामा आधारित सामुदायिक प्रहरी सेवा केन्द्रमा जम्मा सात जना प्रहरी कार्यरत छन्[१९३] ।

#### *महिला तथा बालबालिका सेवा केन्द्र*

सुनसरी जिल्लामा पाँच इलाका प्रहरी र एक जिल्ला प्रहरी कार्यालयमा गरी छ वटा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना गरिएका छन् । प्रत्येक केन्द्रमा छ जना महिला प्रहरीको दरबन्दी भए तापनि सबैजसो केन्द्रमा

---

१८४ अदालत प्रेषित मेलमिलाप केन्दका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ भदौ ५
१८५ ऐजन
१८६ जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ भदौ ६ गते
१८७ ऐजन
१८८ ऐजन
१८९ ऐजन
१९० जिल्ला प्रहरी कार्यालय सुनसरी, २०६८ भदौ ५
१९१ ऐजन
१९२ ऐजन
१९३ ऐजन

सबै पदपूर्ति भएका छैनन् । यी केन्द्रले ठाडो उजुरीका आधारमा महिला तथा बालबालिकासम्बन्धी हिंसाका विवाद हेर्ने गर्छन् ।

जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रले लैङ्गिक हिंसा र घरेलु हिंसाका उजुरी धेरै आउने गरेको बताएको छ तर यदि मुद्दा चलाउनुपर्ने भएमा प्रक्रिया अघि बढाउने जिम्मेवारी मुद्दा शाखाको हुन्छ । मुद्दा शाखामा तालिमप्राप्त महिला प्रहरी कर्मचारीको व्यवस्था नभएका कारण मुद्दाले प्रायः प्राथमिकता नपाउने तथा कमजोर हुने गरेको यस अनुसन्धानमा नागरिक समाजका उत्तरदाताले बताएका छन् । यस जिल्लास्तरीय महिला तथा बालबालिका सेवा केन्द्रमा पाँच जना तल्लोस्तरका महिला प्रहरी (एक असई, दुई हवल्दार र दुई जवान) लाई खटाइएको छ । केन्द्रका लागि एउटा छुट्टै कोठा भए तापनि भौतिक सुविधा केही पनि उपलब्ध छैन । प्रहरी, महिला बन्दी र उनीहरूका गार्ड पनि एउटै कोठामा बस्नुपर्ने कारणले कोठा एकदमै साँघुरो रहेको देखिन्छ[१९४] ।

फौजदारी मुद्दा, उदाहरणका लागि कुटपिट, जबर्जस्ती करणी, मानव बेचबिखन, बहुविवाह र महिला पीडित भएका अन्य मुद्दामा राजनीतिक दबाब र धम्की आउने कारणले प्रायः बीचैमा मुद्दा छाड्ने गरेको प्रहरी कर्मचारीले बताए[१९५] ।

## ७.४. अनौपचारिक न्यायः सुनसरीमा कसरी कार्य सम्पादन भैरहेको छ

जिल्लामा अनौपचारिक न्यायिक संयन्त्रहरूको न्याय प्रदान गर्ने सन्दर्भमा विवरण, मुद्दा प्राप्त गर्ने तथा मिलाउने प्रक्रिया, प्राप्त हुने मुद्दाका प्रकार र न्याय प्रदायक अथवा सकजकर्ताका रूपमा उनीहरूबारे अनुभूत गरिएको प्रभावकारिताबारे निम्न खण्डमा उल्लेख गरिएको छ-

### ७.४.१. पारालिगल कमिटी[१९६]

हाल जिल्लाका ३५ गाविस र तीन नगरपालिकामा पारालिगल कमिटी कार्यरत रहेको छ । पारालिगल कमिटीका सदस्यहरूले कमिटीमा दर्ता हुन आएका विवादहरू मेलमिलापका माध्यमद्वारा समाधान गर्ने गरेका छन् । यस कमिटीका सदस्यहरूले पारालिगलको १८ दिनको तालिम लिएका छन् जसमा आधारभूत कानुनी ज्ञानका साथै मेलमिलाप सीप समेटिएको हुन्छ । पारालिगल कमिटीले विवाद समाधान गर्दा आवश्यकता अनुसार समुदायका बुद्धिजीवी, पाका व्यक्ति, प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र तथा राजनीतिक नेताहरूसँग समन्वय गर्छ । तथापि प्रायः राजनीतिक दबाबका कारणले विवाद समाधान प्रक्रिया लम्बिने तथा विवादित पक्षले अनावश्यक झन्झट बेहोर्नुपर्ने समस्या पनि आउने गरेका छन् ।

१९४ जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधिसँग अन्तर्वार्ता तथा केन्द्रको अवलोकन, २०६८ भदौ ६

१९५ ऐजन

१९६ पारालिगल समूहसँग जल्पापुरमा लक्षित समूह छलफल (२०६८ भदौ २) र पारालिगल कमिटी अध्यक्षसँग अन्तर्वार्ता, २०६८ भदौ ४ गते

### घटना अध्ययन ४: राजनीतिक दबाबले न्यायमा पहुँच पाउनबाट रोक्छ

सुनसरी जिल्लामा बसोबास गर्दै आएकी निर्मला (नाम परिवर्तन) हाल आफ्ना दुई छोराछोरी र श्रीमान्बाट छुट्टै बसोबास गर्दै आइरहेकी छन् । निर्मलाका श्रीमान् ताप्लेजुङ जिल्लाको एक सरकारी विद्यालयका प्रधानाध्यापक हुन् । निर्मलाको विवाह सात वर्षअघि भएको थियो र उनी उनका श्रीमान्की दोस्री श्रीमती हुन् । निर्मलाको विवाहको समयमा उनका श्रीमान् र पहिलो श्रीमतीबीच छोडपत्र भई छुट्टाछुट्टै बसोबास गर्दै आएको भनिएको थियो । विवाह भएको दुई वर्षसम्म निर्मला र उनका श्रीमान्बीच राम्रो सम्बन्ध भई सँगसँगै बसेका थिए । दुई वर्षपछि जब निर्मलाले छोरीको जन्म दिइन्, त्यसपछि उनी उनका श्रीमान् र सासूको कुटपिट र हिंसाको विषय बनिन् । जब निर्मलाले दोस्री छोरीको जन्म दिइन्, उनीमाथिको कुटपिट र हिंसा अझ बढदै गयो । दुई वर्षअघि निर्मलालाई उनका श्रीमान्ले छोरी सहित घरबाट निकालिदिए र छुट्टै घरमा पठाए । त्यस समयदेखि उनी र उनका छोरीलाई उनका श्रीमान्ले खानलाउन, पैसा लगायत कुनै सहयोग दिएनन् । त्यस समयदेखि नै उनका श्रीमान् र पहिलो श्रीमतीबीच पुनः मिलन भई सँगसँगै बस्न सुरु गरे । निर्मलाले पारालिगल कमिटीमा उजुरी गरिन् तर कमिटीले उनको मुद्दा मिलाउन सकेन । त्यसपछि कमिटीले निर्मलालाई न्याय दिलाउनका लागि स्थानीय बुद्धिजीवी, महिला समूह, विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग छलफल आयोजना गऱ्यो तर उनका श्रीमान् एक राजनीतिक पार्टीमा सम्बद्ध भएका कारण उक्त पार्टीले उनका श्रीमान्को पक्ष लियो र अन्य पार्टीका प्रतिनिधिले निर्मलाको पक्ष लिएपछि सो मुद्दामा राजनीतीकरण हुन पुग्यो । यो प्रयास असफल भएपछि निर्मलाले श्रीमान्का विरुद्ध महिला तथा बालबालिका सेवा केन्द्र, जिप्रका र जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन् तर पनि निर्मलाका श्रीमान् आबद्ध भएको राजनीतिक पार्टीको दबाबका कारण उनका श्रीमान्लाई छलफलमा उपस्थित गराउन कुनै पनि कार्यालय सफल भएनन् । यो मुद्दा आजका मितिसम्म पनि निरन्तर छ।

**स्रोत:** पीडित महिलासँग अन्तर्वार्ता (२०६८ भदौ ३)

पारालिगल कमिटीमा आउने धेरैजसो मुद्दामा घरेलु हिंसा, सम्पत्ति विवाद, सम्बन्धविच्छेद, बहुविवाह, बालविवाह, मानाचामल, जबर्जस्ती करणी, कुटपिट, मानव बेचबिखन, बोक्सीको आरोप र तलाक[१९७] (मुसलमान जातिमा) आदि छन् ।

पारालिगल कमिटीलाई सहयोग गर्न १४ जना सदस्य सहितको जिल्ला स्रोत समूह रहेको छ, जसमा चार जना महिला सदस्य छन् । यस समूहका सदस्यमा समुदायका चार जना बुद्धिजीवी, आठ जना वकिल र एक जना महिला तथा बालबालिका कार्यालयबाट छन् । समुदायका चार जना बुद्धिजीवीमा एक जना दलित समुदायकी महिला, एक जना मधेसी समुदायकी महिला र एक जना पारालिगल कमिटीका जिल्ला अध्यक्ष समेत पर्छन् । जिल्ला स्रोत समूहले पारालिगल कमिटी सदस्यहरूलाई तालिम सहजीकरण गर्ने तथा पारालिगल कमिटी सदस्यहरूलाई कानुनी सल्लाह प्रदान गर्ने गर्छ ।

[१९७] मुसलमान कानुन अनुसार सम्बन्धविच्छेद

**घटना अध्ययन ५: पारालिगल कमिटीका सदस्यहरूले सुरक्षा चुनौतीको सामना गर्नुपर्छ**

सुनसरी जिल्लामा पारालिगल कमिटीका सदस्यहरूले काम गर्दा धेरै चुनौती सामना गरिराखेका छन् । धेरै ठाउँमा पारालिगल कमिटीमाथि पारालिगल मन नपराउने समुदायका सदस्यहरूले हमला गरिरहेका छन् । पारालिगलमा सहभागी नहुनाका लागि परिवार तथा समुदायका सदस्यहरूले धम्की दिने गरेको समिति सदस्यले बताए । पाँच वर्ष अगाडि सुनसरीको एउटा गाउँमा अत्याधिक जुवा खेलेको विरुद्धमा प्रहरीमा उजुरी गरेको निहुँमा पारालिगल कमिटीका सबै सदस्यलाई कुटिएको थियो । प्रहरीले पारालिगलले जुवाबारेमा उजुरी गरेको कुरा गाउँलेलाई भनिदिएपछि गाउँले मिलेर पारालिगलमाथि साङ्घातिक आक्रमण गरेका थिए।

**स्रोत:** पारालिगल कमिटी अध्यक्षसँग अन्तवार्ता २०६८ भदौ ४ गते

### ७.४.२. परम्परागत न्यायिक संयन्त्र

जिल्लामा मुसलमान समुदायमा विवाद मिलाउने र निर्णय दिने कार्य धर्म गुरू मौलवी र मौलानाहरूले गर्ने गरेका छन् । यस्ता धर्मगुरूहरूले प्रायजसो इस्लामी कानुनका आधारमा विवाद मिलाउने गरेका छन्[१९८] । यी धर्मगुरूले तलाक (सम्बन्धविच्छेद), घरेलु हिंसा, पैसा लेनदेन, कुटपिट जस्ता विवादमा निर्णय दिने, क्षतिपूर्ति दिलाउने र मेलमिलाप गराउने गर्छन्[१९९] । यस्ता धर्मगुरूलाई उनीहरूले हेर्ने सवालका बारेमा राज्यको कानुनका विषयमा स्पष्ट जानकारी छैन[२००] । मुसलमान समुदाय पितृसत्तात्मक हुने भएकाले विवाद समाधान तथा निर्णय प्रक्रियामा महिलाको सहभागिता हुँदैन । तथापि महिलाहरू धर्मगुरूकहाँ नगई अदालत जान पारिवारिक तथा सामाजिक परम्पराले गर्दा हिचकिचाउँछन्[२०१] ।

मुसलमान समुदायका यी संयन्त्रको अलावा सुनसरीका धेरै गाविस तथा समुदायमा समुदायका बुद्धिजीवी तथा भद्रभलादमी र राजनीतिक पार्टीका स्थानीय नेताहरूले पनि विवाद मिलाउने प्रचलन रहेको छ । विवादित पक्षहरू प्रायजसो विवाद लिएर सर्वप्रथम यी नेताकहाँ जाने गर्छन् । यदि विवाद सानो र देवानी प्रकृतिको छ भने समुदायका बुद्धिजीवी तथा भद्रभलादमीले दुवै पक्षलाई एकै ठाउँमा बोलाएर विवाद समाधान गर्न पहल गर्छन्[२०२] । यदि विवाद जटिल वा फौजदारी प्रकृतिको छ भने समुदायका बुद्धिजीवी तथा भद्रभलादमीले विवादित पक्षहरूलाई प्रहरी वा औपचारिक न्यायिक संयन्त्रमा पाठाउने गरेका छन्[२०३] । घरेलु हिंसा जस्ता महिलाले ल्याएका विवाद सामान्यतया स्थानीय पारालिगल कमिटीमा पठाउने गरिएको छ[२०४] ।

## ७.५. सुनसरीमा न्यायमा पहुँच: एक विश्लेषण

### *कसले न्यायमा पहुँच पाउन सकेको छ*

सुनसरी जिल्लामा जातजाति, धार्मिक आस्थाका साथसाथै आर्थिक पृष्ठभूमिका आधारमा विविधता रहेको छ[२०५] । राज्यका औपचारिक न्यायिक प्रणालीको प्रयोग गर्न धेरै खर्च लाग्ने भएकाले धेरैजसो कमजोर आर्थिक अवस्था भएका, अशिक्षित र सीमान्तकृत मानिस सबै विवाद समाधान गर्न अनौपचारिक संयन्त्र प्रयोग गर्ने गर्छन् । धनी तथा कम सीमान्तकृत मानिस पनि प्राय:जसो पहिलो निकायमा रूपमा अनौपचारिक संयन्त्रको प्रयोग गर्छन्[२०६] । अनौपचारिक संयन्त्रबाट तत्कालै, बिनापैसा र बिनाझन्झट विवाद समाधान गर्न सहयोग पुग्छ भन्ने आशयले

१९८ मुसलमान धार्मिक नेतासँग अन्तर्वार्ता, २०६८ भदौ ६
१९९ ऐजन
२०० ऐजन
२०१ पारालिगल समूहसँग जल्पापुरमा लक्षित समूह छलफल, २०६८ भदौ २
२०२ सुनसरीमा गरिएको स्थलगत अनुसन्धान, २०६८ भदौ
२०३ ऐजन
२०४ ऐजन
२०५ सुनसरी जिल्लाको वस्तुगत विवरण २०६२, शाखा तथ्याङ्क कार्यालय इनरुवा सुनसरी
२०६ सुनसरीमा गरिएको स्थलगत अनुसन्धान, २०६८ भदौ

मानिसहरूले यी अनौपचारिक संयन्त्रको प्रयोग गर्ने गरेका छन्[२०७]। उत्तरदाताहरूले बताए अनुसार शक्ति, पैसा र पहुँचका आधारमा मुद्दालाई आफ्नो पक्षमा पार्न सकिन्छ भनेर औपचारिक निकायमा प्रायः धनी र शक्तिशाली विशेषगरी राजनीतिक पहुँचवाला मानिस जाने गरेका छन्[२०८]।

धेरैजसो सरकारवादी फौजदारी मुद्दामा जाहेरवाला पीडित र साक्षीलाई प्रतिवादी, उसका परिवार तथा राजनीतिक दलबाट धम्की आउँछ। यस्तो अवस्थामा प्रायजसो पीडित तथा साक्षी आफ्नो मुद्दालाई कमजोर बनाउन बयान फेर्न बाध्य हुन्छन्, जसले गर्दा फिर्ता हुने गर्छ[२०९]।

धरैजसो विपन्न, अशिक्षित र तल्लो जातिका वर्गभित्र पर्ने व्यक्ति अन्याय परेको अवस्थामा पनि न्यायालयमा जाने गरेको पाइँदैन। त्यसैगरी घरेलु हिंसाबाट पीडित महिला पनि अदालत जाने गरेको पाइँदैन[२१०]। कतिपय अवस्थामा सर्वसाधारण मानिसलाई अदालतमा जानुपर्ने विषयका बारेमा जानकारी हुँदैन र भए तापनि बढी खर्च हुने, बढी समय लाग्ने कारणले जान रुचाउँदैनन्[२११]। पारालिगल समूहसँग सजिलै सम्पर्क हुने, सबै महिला भएकाले सजिलैसित आफ्नो कुरा राख्न सकिने र सेवा स्थानीय, छिटो तथा निःशुल्क भएकाले धेरै महिला पारालिगल कमिटीमा जाने गरेका छन्।

कमजोर आर्थिक अवस्था, के के सेवा उपलब्ध छन् र कसरी तिनको उपयोग गर्ने भन्नेबारे चेतनाको कमी र भौगोलिक विकटता लगायत अन्य कारणले गर्दा सरकारी न्यायिक सेवामा धेरैले पहुँच पाउन सकेका छैनन्। सुनसरी विकट पहाडी क्षेत्रदेखि समथर तराईको भूभाग तथा भारतीय सिमानासम्म जोडिएको जिल्ला हो। यसको सदरमुकाम इनरुवा केही दक्षिणतर्फ छ, जुन भौगोलिक जटिलताका कारण उत्तरी पहाडी गाविसमा बसोबास गर्ने जनताका लागि कठिन छ। न्यायमा पहुँचका लागि आर्थिक कठिनाइलाई सम्बोधन गर्न अदालतमा वैतनिक वकिलको व्यवस्था र बार एसोसिएसनमा निःशुल्क कानुनी सहायता सेवा आवश्यक पर्ने जनताका लागि उपलब्ध छ[२१२] तर धेरै मानिस विषेशगरी सीमान्तकृत समूहका मानिसलाई यी सेवाबारेमा कुनै जानकारी छैन[२१३]।

अर्धन्यायिक निकाय जस्तै जिल्ला प्रशासन कार्यालयमा मुद्दाको सुनुवाइ हुँदा इजलास कायम नगरिने, कानुन व्यवसायीको प्रतिनिधित्व नहुने तथा नगराइने र अदालतमा जस्तो कार्यविधि नअपनाइने गरेकाले भ्रष्टाचार र हस्तक्षेप हुने गरेको कुरा उत्तरदाताहरूबाट साझा गुनासो आएको थियो।

### *न्याय कसरी दिइन्छ*

सरकारी न्यायिक सेवा धेरै समय लाग्ने छ। कतिपय देवानी तथा फौजदारी दुवै मुद्दामा कार्यविधिगत जटिलता र ढिलासुस्तीका कारणले महिनौँसम्म म्याद तामेल नहुने गर्छ। धेरै उत्तरदाताको विश्वास छ कि न्यायिक निकायहरू विशेषगरी अर्धन्यायिक निकाय जस्तै जिल्ला प्रशासन कार्यालयमा विवादित पक्षहरूको प्रभावले न्याय प्रदान गर्ने काम प्रभावित हुन्छ। कतिपय अवस्थामा वर्षौं समयसम्म पनि कतिपय मुद्दाको किनारा नहुने गरेको छ। दक्ष कर्मचारीको अभाव, न्याय प्रदायक संस्थाको कार्यालयसम्म आउनलाई कतिपय सेवाग्राहीलाई भौगोलिक विकटता र न्याय प्रदान गर्ने कार्यविधिले गर्दा न्याय प्रदान गर्न ढिलाइ भइरहेको छ[२१४]।

अनौपचारिक संयन्त्रहरू गरिब र सीमान्तकृत जनताका लागि एक मात्र स्रोत भए तापनि यिनीहरूमा धेरै राजनीतिक र सामाजिक दबाब आउने विश्वास गरिएको हुनाले धेरै जना अझ पनि यिनीहरूको प्रभावकारिताका

२०७ ऐजन
२०८ ऐजन
२०९ मुदा नं. ३१९२ जक. मुद्दा २०६८/८/७
२१० ऐजन
२११ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ भदौ ५
२१२ ऐजन
२१३ ऐजन
२१४ जिल्ला अदालतका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ भदौ ५ र कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ भदौ ५

बारेमा निःसन्देह हुन सकेका छैनन् (घटना अध्ययन १ र २ हेर्नुहोस्)[२१५] । विभिन्न जातीय पृष्ठभूमि तथा आर्थिक अवस्था भएका महिलाहरू न्याय तथा विवाद समाधानका लागि पारालिगल कमिटीहरूमा जाने गर्छन् । केही पारालिगल कमिटीलाई घर भाँड्न सहयोग गरेको तथा आफ्नो अधिकारको दाबी गर्न महिलालाई सशक्त बनाई सामुदायिक सहिष्णुता बिगारेको आरोप लाग्ने गरेको छ । पारालिगलका कमिटीका सदस्यहरूले उनीहरूलाई समुदायका सदस्यहरूले मौखिक तथा कतिपय अवस्थामा भौतिक रूपमा हिंसा गर्ने गरेको बताएका छन् । यसका साथै कमिटीका सदस्यहरूले स्वयमसेवीका रूपमा काम गर्ने हुनाले उनीहरू आफैँमाथि थप बोझ सिर्जना हुने तथा पनि घर परिवारबाट हिंसा हुने गरेको छ ।

## ७.६ औपचारिक तथा अनौपचारिक न्यायिक निकायबीच समन्वयको अवस्था : सबलीकरणका लागि अवसर

अनौपचारिक र औपचारिक निकायका बीचमा सहकार्य तथा समन्वयका लागि कुनै निश्चित कानुन छैन तापनि सुनसरी जिल्लामा पारालिगल कमिटीहरूले विवाद समाधानका सिलसिलामा अन्य गाविसका पारालिगल कमिटी तथा प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र तथा अन्य सङ्घसंस्थासँग सहकार्य र समन्वय गर्ने गरेका छन् । तथापि औपचारिक निकाय विशेषगरी अदालतसँग विवाद समाधानका लागि कहिले पनि समन्वय गर्न सकेका छैनन्[२१६] ।

समूह छलफलका धेरैजसो सहभागीले अनौपचारिक संयन्त्रहरूको सञ्चालनलाई व्यवस्थित गर्न कानुन तथा कार्यविधि आवश्यक भएको बताएका थिए । यस्तो कानुनले स्थानीयस्तरमा न्यायमा पहुँच सुनिश्चित गर्न अनौपचारिक संयन्त्रले खेलेको भूमिकालाई स्वीकार गर्नुपर्छ[२१७] । औपचारिक र अनौपचारिक निकायहरूबीचमा समन्वय हुने गरेको छ वा छैन भन्ने प्रश्नमा अनुसन्धानका क्रममा परामर्श गरिएका धेरैजसो मानिसले प्रहरीको महिला तथा बालाबलिक सेवा केन्द्र र इलाका प्रहरी कार्यालयबाट बेला बेलामा विवाद झगडाका बारेमा छलफल गर्न पारालिगल कमिटी, समाजका व्यक्ति र राजनीतिक दलका स्थानीय नेताहरूलाई बोलाउने गरेको तर जिल्ला अदालतसँग कुनै किसिमको समन्वय सहकार्य नभएको बताएका थिए[२१८] ।

यद्यपि नेपाल प्रहरीलाई सरकारी मुद्दासम्बन्धी ऐन २०१७ मा उल्लिखित मुद्दा बाहेक अन्य मुद्दा हेर्ने र दर्ता गर्ने अधिकार छैन तर ५० प्रतिशतभन्दा बढी उनीहरूको काम ससाना देवानी प्रकृतिका मुद्दा (पशु चौपायाले अरूको बाली खाएको, कुलोको विषयमा छिमेकीबीचको झगडा, पारिवारिक झगडा आदि) मिलाउनमा गइरहेको देखिन्छ । यस्ता मुद्दा देवानी प्रकृतिका हुने भएकाले सिधै प्रहरीकहाँ आउदैनन् तर नेपाल प्रहरी ऐनले प्रहरीलाई प्रमुख जिल्ला अधिकारीको मातहतमा राखेको हुनाले यस्ता ससाना मुद्दा प्रमुख जिल्ला अधिकारीकामा जान्छन् र प्रमुख जिल्ला अधिकारीले ती मुद्दालाई प्रहरीमा पठाउँछन् । त्यसपछि प्रहरीले मुद्दा मिलाउनका लागि मुद्दाका दुवै पक्षलाई सँगसँगै प्रहरी कार्यालयमा ल्याउन पर्याप्त समय खर्च गर्नुपर्छ[२१९] । केही वर्षदेखि यस्ता मुद्दा बढेका हुनाले प्रहरीले अहिले छुट्टै उजुरी अनुसन्धान सेल स्थापना गरेको छ जहाँ देवानी मुद्दाहरू मेलमिलापका लागि छुट्टयाउने गरिन्छ । जिल्ला प्रहरी कार्यालय सुनसरीका एकजना वरिष्ठ अधिकृतका अनुसार नेपाल प्रहरी राज्यको यस्तो निकाय हो जसले अन्यले नसकेर वा नचाहेर नगर्ने सबै काम गर्ने गर्छ[२२०] ।

मुद्दाको प्रकृति अनुसार नेपाल प्रहरीले मुद्दाहरूलाई अन्य औपचारिक तथा अनौपचारिक निकायमा सिफारिस गरी पठाउने गरेको छ । जब दुई महिलाबीचको मुद्दा आउँछ, मुद्दाको सवाल वा प्रकृति जे भए पनि उनीहरूले महिला तथा बालबालिका कार्यालयमा सहयोगका लागि पठाउने गरेका छन् । श्रीमान् र श्रीमतीबीचको कुनै

---

२१५ कानुन कार्यान्वयन गर्ने निकायका प्रतिनिधिसँग छलफल, २०६८ भदौ ५

२१६ पारालिगल कमिटी अध्यक्षसँग अन्तवार्ता, २०६८ भदौ ४ गते

२१७ सुनसरीमा गरिएको स्थलगत अनुसन्धान, २०६८ भदौ

२१८ ऐजन

२१९ जिल्ला प्रहरी कार्यालयका प्रतिनिधिसँग अन्तर्वार्ता, २०६८ फागुन १५

२२० ऐजन

पनि सानो भगडालाई महिला तथा बालबालिका कार्यालयमा पठाउने गरिएको छ[२२१] । महिला तथा बालबालिका कार्यालयले पनि महिलाको सवालमा परिवार, श्रीमान् र श्रीमती र समुदाय संलग्न हिंसा (जस्तै बोक्सीको आरोप) लाई प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयमा पठाउने गरिएको छ, जहाँबाट मुद्दा अगाडि बढाइन्छ । तथापि महिला तथा बालबालिका अधिकृतका अनुसार यस्तो समन्वयको प्रभावकारिता नेपाल प्रहरीका वरिष्ठ अधिकृतमा धेरै निर्भर गर्छ । यदि प्रहरी वरिष्ठ उपरीक्षकले यस्ता सवाललाई बुझ्छन् भने उनले महिलाको मुद्दा गम्भीर ढङ्गले हेरिएको सुनिश्चित गर्छन्[२२२] ।

प्रहरी र महिला तथा बालबालिका कार्यालय दुवैले यदि मुद्दा फौजदारी प्रकृतिका छन् भने तिनलाई अदालतमा पठाउँछन् । तथापि अदालत प्रेषित मेलमिलाप केन्द्र बाहेक अदालतले पारालिगल वा अन्य मेलमिलापकर्ताकामा मुद्दा वा विवाद पठाएको कुनै उदाहरण छैन । सुनसरीमा अदालत प्रेषित मेलमिलापको प्रयोग बढ्दै गएको बताइएको छ[२२३] ।

### घटना अध्ययन ६: बलात्कारको मुद्दामा न्यायको खोजी

सुनसरी जिल्लाको बराह क्षेत्रमा बसोबास गर्दै आएकी १८ वर्षकी सरस्वती (नाम परिवर्तन)ले कमजोर आर्थिक अवस्थाका कारण सानै उमेरमा विवाह गर्नुपर्‍यो । यद्यपि उनको विवाहित जीवन सुखद हुन सकेन । सरस्वतीले आफ्ना श्रीमान् पहिले नै विवाहित रहेको र अघिल्ली श्रीमतीले छाडेर गएका कुरा आफ्नो विवाहपछि मात्र थाहा पाइन । यसरी आफूलाई ढाँटेको कुरा थाहा पाएर सरस्वतीले “किन मलाई झुक्याएको” भन्न थालेपछि उनलाई श्रीमान् तथा घरपरिवारका अन्य सदस्यले समेत मिलेर कुटपिट गर्न सुरु गरे । तिनले विवाह भएको वर्ष दिन नपुग्दै उनलाई घरबाट निकालिदिए । त्यसपछि एक दिन सरस्वतीको अपहरण भयो र उनलाई कसैले आफ्नो ठाउँबाट अपहरण गरी काठमाडौँसम्म ल्याएर बलात्कार गरी बाटामा छाडिदियो । उनी काठमाडौँको गौशाला प्रहरीमा गई आफ्नो घटनाको कुरा निवेदन गरेर प्रहरीका साथमा घर फर्किन सफल भइन् ।

यस घटनामा आफूलाई अपहरण गर्ने र बलात्कार गर्ने मानिसले नकाब लगाएका कारण सरस्वतीले स्पष्टसँग मान्छे चिन्न सकिनन् तर अपहरण हुनुअघि उनका श्रीमान्का आफन्तले फोन गरेर भेटन बोलाएका आधारमा अपहरण तथा बलात्कारमा उनकै श्रीमान्को संलग्नता रहेको उनले आशङ्का गरिन् । उनले आफ्ना श्रीमान्विरुद्ध जाहेरी दिइन् । स्थानीय भद्रभलादमी, पारालिगल कमिटीका सदस्य, राजनीतिक दल तथा प्रहरी बसेर छलफल गरी यस घटनालाई स्थानीयस्तरमा नै मिलाउन पहल गरे । छलफलमा सरस्वतीका श्रीमान्ले अब उप्रान्त सरस्वतीलाई दुःख नदिने, नागरिकता बनाइदिने र अंश दिने भनी सहमति गरे । तथापि उक्त सहमति व्यवहारमा लागू भएन । उनका श्रीमान्सम्बद्ध राजनीतिक दलको दबाबका कारण यस्तो जघन्य अपराधको मुद्दा न प्रहरी वा अदालतमा दर्ता हुन सक्यो न उनका अपराधीले सजाय नै पाए।

**स्रोत:** महिला सेवाग्राहीसँग अन्तर्वार्ता, २०६८ भदौ ४

[२२१] ऐजन
[२२२] महिला तथा बालबालिका अधिकृतसँग अन्तर्वार्ता, २०६८ फागुन १५
[२२३] ऐजन

## ८. समग्र विश्लेषण: सरोकारका बुँदा

निम्न भागले बाँके, जुम्ला, कैलाली, महोत्तरी, पाँचथर र सुनसरी जिल्लाका दुवै औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रहरूको समीक्षापछि निकालिएका सरोकारका ९ बुँदामाथि प्रकाश पार्छ। यो समीक्षा चारवर्षीय परियोजनाको एउटा पाटो हो। साथै तलको विश्लेषण परियोजनाका आगामी गतिविधि र अनुसन्धानका लागि सुरुआती कदम हुनेछन्।

यस जिल्ला समीक्षाका निश्चित चासोहरू न्यायिक सुधारका लागि औपचारिक र अनौपचारिक न्यायिक सम्पादन गर्ने अङ्गहरूबीच समन्वय र सहकार्यका खातिर स्थापित संयन्त्र या तिनको अभावसँग सम्बन्धित छन्। सम्भव भएसम्म उक्त सन्दर्भलाई सरोकारका सबै बुँदामा प्रमुखताका साथ उल्लेख गरिएको छ।

- **समन्वय: व्यक्तिगत, कहिलेकाहीं आवश्यकतामा आधारित तर प्रणालीगतरूपमा अभाव**

  औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रबीच व्यवस्थित समन्वयका बारेमा कमै प्रमाण उपलब्ध छन् या छैनन् भन्दा अत्युक्ति नहोला। यी निकायबीच सहकार्य र सेतु कायम गर्ने केही तदर्थ प्रयास भए तापनि ती व्यक्तिगत तहमा सीमित छन्। उदाहरणका लागि जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षकले पारालिगल कमिटीका सदस्यहरूलाई आफ्नो कार्यालयमा सहज पहुँचको व्यवस्था गरिदिए, साथै उनीहरूलाई सघाउन उत्सुक थिए। उच्च तहको यस्तो सहयोगले यौन र लैङ्गिक हिंसाविरुद्ध प्रहरी जस्तो औपचारिक निकायमा दर्ता हुने उजुरी वृद्धिका लागि मार्गप्रशस्त गर्छ। समन्वयको अभावमा प्रक्रियागत र अन्य झन्झटका कारण उक्त हिंसाविरुद्ध दायर उजुरी सङ्ख्या घटने गर्छ। प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रको पारालिगल कमिटी र घरेलु हिंसाविरुद्ध कार्यरत महिला समूहहरूसँग हुने व्यवस्थित समन्वयका बारेमा केही प्रमाण छन्। लिङ्गमा आधारित हिंसाविरुद्धका उजुरीका सम्बन्धमा अङ्गीकार गरिएको सिफारिस पद्धति प्रहरी महिला तथा बालबालिका सेवा केन्द्रको उजुरीको भार कम गर्ने र त्यस्ता विवाद हेर्ने महिला अधिकारीको अभावलाई ध्यानमा राखी लिएको कदम जस्तो देखिन्छ। तापनि अनुसन्धानका क्रममा के प्रस्ट रूपमा उजागर भयो भने जिल्ला अदालत र अनौपचारिक संयन्त्र, केही प्रभावकारी परम्परागत संयन्त्रका खण्डमा बाहेक व्यवस्थित रूपमा समन्वय स्थापित गर्न असफल छन्। उदाहरणका लागि: मुसलमान समुदायबाट सिफारिस भइआउने विवादका सम्बन्धमा अदालत प्रेषित मध्यस्थकर्ताले मौलवीसँग सहकार्य गर्ने गरेको पाइयो।

  अनुसन्धानका क्रममा यी छ वटै जिल्लामा एउटै पनि महिला न्यायाधीश, प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी वा न्यायाधिवक्ता भेटिएनन्। अनि पाँचथरजस्ता जिल्लामा प्रति १३,०५९ महिलाका लागि एक जना महिला प्रहरी खटिएका छन्। सीमित आर्थिक स्रोत, अपर्याप्त पूर्वाधार, नगण्य तालिमप्राप्त साथै लैङ्गिक संवेदशीलताका बारेमा जानकारी भएका कर्मचारीका कारण औपचारिक निकाय विशेषगरी अदालत र प्रहरी सङ्गठनले प्रखर रूपमा क्षमता-समस्या सामना गरिरहेका छन्। वास्तवमा किन राज्यका अङ्गहरू लिङ्गमा आधारित मुद्दाहरूलाई सम्बोधन गर्ने सवालमा पछाडि छन् या किन उनीहरू बढ्दो तवरमा ती समस्यालाई निराकरण गर्न अनौपचारिक न्यायिक संयन्त्र र महिला समूहहरूमा निर्भर छन् भन्ने सन्दर्भमा प्रहरी बलमा ज्वलन्त रूपमा देखिने लैङ्गिक असमानता एक मात्र उदाहरण हो।

- **गैर-अदालती प्रक्रियाद्वारा न्यायको खोजी**

  अनुसन्धान गरिएका सबै जिल्लामा अर्धन्यायिक निकाय जस्तै जिल्ला प्रशासन कार्यालयमा फौजदारी र देवानी दुवै किसिमका मुद्दाको ओइरो लाग्ने गरेको छ। मानिसहरूमा ससाना विवाद (जस्तै: सार्वजनिक अपराध, नागरिकता, साँध-सिमाना मिचाइ, भौतिक आक्रमण र लागूऔषध कारोबार) समाधानका लागि सहज पहुँच भएका मानिने नागरिक संयन्त्रहरूमा जाने बढ्दो प्रचलन छ। यद्यपि सबैभन्दा बढी उजुरी प्रहरीसमक्ष दर्ता हुने गरेका छन्। अर्धन्यायिक निकायहरूमा बढ्दो उजुरीको चापका कारण र यी निकायमा कानुनी तालिमप्राप्त कर्मचारीको अभावका कारण प्रशासनिक कर्मचारीको स्व-विवेक वा अनुभवमा आधारित निर्णयले चासो

बढाएका छन् । साथै यी निकायमा बाह्य हस्तक्षेप, विशेषगरी राजनीतिक दलबाट हुने गरेको देखिन्छ । यस्ता जोखिम चिन्ताजनक छन्; यसकारण जिल्ला प्रशासन कार्यालयलाई कर्मचारीलाई कानुनी तालिमका साथै अन्य अनौपचारिक निकायसँगको सुदृढ र व्यवस्थित समन्वय मार्फत अझ बढी सशक्त बनाउन सकिन्छ । जिल्ला न्यायिक क्षेत्र समन्वय समितिले एउटा सम्भावित आधार प्रदान गर्न सक्छ जसबाट अर्धन्यायिक निकाय, प्रहरी र न्यायालयले क्षमताको सबलीकरण, सिफारिस पद्धतिको सबलीकरण, जिम्मेवारीको अनुगमन र कानुनी मापदण्डको पालना सुनिश्चित गर्न सक्छन् ।

- **औपचारिक र अनौपचारिक न्यायिक संयन्त्र दलीय राजनीतिको प्रभाव वा हस्तक्षेपबाट अछुतो नरहेको अवस्था**

  सबै जिल्लाभर सम्पूर्ण न्यायिक संयन्त्रले न्यायसम्पादनमा हस्तक्षेप वा बाह्य दवाब अबरोधका रूपमा रहेको बताए । विशेषगरी न्यायमा दलीय राजनीतिक हस्तक्षेप र चलखेल सबै जिल्लामा व्याप्त छ । जिल्ला प्रशासन कार्यालय जस्ता अर्धन्यायिक निकाय लगायतका औपचारिक संयन्त्र लामो समयदेखि प्रभावबाट सङ्क्रमित भएको विदितै छ; तर बाँके र कैलालीका थारू भलमन्सा र बडघर जस्ता परम्परागत संरचनामा पनि दलीय राजनीतिको दबाबका कारण समुदायको यी निकायका निर्णयप्रतिको सम्मान घट्दो छ । पारालिगल कमिटीहरूले पनि राजनीतिक दबाब प्रमुख बाधक रहेको निरन्तर उल्लेख गरे । अझ महिलाले दायर गर्ने उजुरीका सम्बन्धमा राजनीतिक दबाब व्यापकस्तरमा रहेको अनुसन्धानबाट उजागर भयो । यस्तो हुनामा प्रशस्त प्रमाण नभए तापनि महिलाहरूको राजनीतिक पहुँच पुरुषको भन्दा कम भएको र पुरुष प्रतिवादीले सजिलै चलखेल गर्ने सामर्थ्य राख्ने हुँदा या सम्पूर्ण सदस्य महिला रहेका सफल पारालिगल कमिटीद्वारा सामुदायिक शक्ति समीकरण र समाजमा महिलाले न्याय प्राप्त गर्ने तरिकामा गरिएको आधारभूत परिवर्तन विरुद्धका प्रतिक्रिया जिम्मेवार हुन सक्छन् ।

- **औपचारिक न्यायिक निकायमा पहुँचको अभावमा महिला र मध्यस्थता समूहहरूद्वारा महिलाका लागि न्यायिक सहजीकरण**

  महिलाहरू व्यापकस्तरमा (दातृ निकायद्वारा आर्थिक सहयोगप्राप्त) अनौपचारिक न्यायिक संयन्त्र प्रयोग गर्न रुचाउँछन् । विशेषगरी घरेलु हिंसा, दाइजोसम्बन्धी हिंसा र जबर्जस्ती करणी जस्ता यौन र लिङ्गमा आधारित हिंसाका मुद्दाको छिनोफानोका लागि पारालिगल कमिटी र सामुदायिक मध्यस्थता केन्द्रमा अधिक भर पर्ने सबै जिल्लाका महिलाले बताए । सबैभन्दा उल्लेखनीय पक्ष कैलाली सामुदायिक मध्यस्थता केन्द्रमा २००५ देखि २०११ सम्ममा दर्ता गरिएका मुद्दा २९० थिए जसमध्ये २०० (६९%) महिलाले दर्ता गराएका घरेलु हिंसामा आधारित थिए । यो स्थितिको विकास हुनामा चार मुख्य चासो: कम खर्च, द्रुत न्यायिक सम्पादन, सङ्कोचमा कमी र समितिमा महिला मात्रको उपस्थिति हुन् जसले गर्दा महँगो, जटिल र पुरुषको बाहुल्य रहेका औपचारिक न्यायिक संयन्त्रभन्दा यी संयन्त्रमा महिलाको सहज पहुँच पुग्न सकेको छ ।

  सबै जिल्लामा प्राय: सबै समुदायका महिलाहरू परम्परागत न्याय प्रणाली तथा अदालत र प्रहरी जस्ता औपचारिक निकायको सहयोग लिन अनिच्छुक देखिन्छन् । आर्थिक र समयको बोझ बाहेक पुरुषको बोलवाला भएका र लैङ्गिक रूपमा असंवेदनशील संरचना, व्यवस्था र प्रवृत्तिका कारण यी निकाय महिलाका लागि अनाकर्षक छन् । महोत्तरी, कैलाली र बाँके जिल्लाका परम्परागत न्याय प्रणालीमा महिलाहरूलाई न्याय पाउने प्रक्रियाबाट वञ्चित गरिन्छ । अति विषम उदाहरणका रूपमा महोत्तरीका दलित महिलाका प्रत्यक्ष सरोकारका मुद्दामा पनि पुरूषको प्रतिनिधित्व हुनुलाई लिन सकिन्छ ।

- **पारालिगल कमिटी: जति बढी स्थापित भयो, उति नै बढी हस्तक्षेप र हिंसाको जोखिममा छन्**

  जुन जिल्लामा पारालिगल कमिटीहरू लामो समयदेखि स्थापित छन् (उदाहरण सुनसरी) र नागरिक समाजको एक भागका रूपमा आफ्नो सशक्त र सक्रिय उपस्थिति जनाएका छन्, त्यहाँ उनीहरूले आफ्नो कर्तव्य निर्वाह र अनौपचारिक न्यायसम्पादनका दौरानमा ठूलो अवरोध खेप्नुपरेको बताए । अवरोधका रूपमा कमिटी

सदस्यहरूलाई कार्यसञ्चालनका क्रममा बढ्दो डरधम्की सहितको राजनीतिक हस्तक्षेपका साथै समुदायका असन्तुष्ट सदस्यबाट निश्चित विवाद (प्रायशः यौन र लिङ्गमा आधारित हिंसा) को छिनोफानोका क्रममा तारो बन्ने र हिंसाको सिकार हुने गरेका छन् ।

साथै पारिवारिक कर्तव्य र कमिटीमा बेतलबी तर गहन जिम्मेवारीबीचको असामञ्जस्यतालाई लिएर आफ्ना केही सदस्यमाथि घरभित्रै भौतिक र शाब्दिक दुर्व्यवहारका घटना हुने गरेको विवरण प्रायः सबै जिल्लाका पारालिगल कमिटीहरूले दिएका थिए । केहीका लागि पारालिगलले उनीहरूको आफ्नै घरेलु हिंसाको कष्ट बढाएका छन् । परिवर्तन हुँदै गरेको लैङ्गिक भूमिकाविरुद्धको यस्तो प्रतिक्रिया साथै यसले घरपरिवार र समुदायभित्रको लैङ्गिक सम्बन्धमा पार्ने प्रभाव, दीर्घकालीन र सकारात्मक शक्ति स्थानान्तरणका लागि अल्पकालीन असहजता भए तापनि चिन्ताजनक छ । यस्ता जोखिमलाई अनुगमन र सम्बोधन गर्नु आवश्यक छ; तर पहिल्यै नै अत्यधिक जिम्मेवारीबाट थिचिएको राज्यले समग्रमा अनौपचारिक न्यायका सकारात्मक हस्तक्षेपका अनपेक्षित परिणामलाई यथोचित समाधान गर्नेमा शङ्का छ ।

- **अनौपचारिक न्यायिक समूह र युवाको घट्दो सम्मानका कारण केही जनजातीय परम्परागत न्यायिक संयन्त्र खस्कँदो अवस्थामा छन्**

  केही जिल्लामा परम्परागत न्यायिक संयन्त्रहरू खस्कँदो अवस्थामा रहेको प्रमाण भेटिएको छ । पाँचथरमा पारालिगल, महिला समूह र राजनीतिक दलका गतिविधिका कारण लिम्बूहरूको परम्परागत निसाफ पद्धतिको लोकप्रियतामा ह्रास आएको छ । त्यसैगरी बाँकेमा थारूहरूको बडघर नामक निकायप्रति युवाको सम्मान राजनीतिक संलग्नताका साथै पारालिगल र मध्यस्थता समूहहरूको सापेक्षिक प्रभावकारिताले गर्दा कमी आउँदैछ तर अन्य समुदायभन्दा फरक इस्लामी कानुन र कुरान अनुरूप चल्ने मुसलमान न्यायप्रणाली भने समयको परीक्षामा खरो उत्रिएको छ । आफ्नै न्यायिक परम्परा कार्यान्वयन गर्न इच्छुक जातीय समुदायलाई प्रवर्द्धन गर्ने जातीयतामा आधारित सङ्घीयता चाहने देशको बदलिँदो गतिशीलतालाई अनुसन्धानले स्थापित गर्न सकेन तापनि सुनसरीमा खम्बुवान र लिम्बूवानका युवा समूहहरू आफ्ना सामुदायिक तनाबहरूको छिनोफानो गर्न उद्दत रहेको प्रस्ट देखिन्थ्यो ।

- **भौगोलिक विकटता र भौतिक पूर्वाधारको अभावका कारण हिमाली र उच्च पहाडी जिल्लामा अनौपचारिक संयन्त्रको बढ्दो प्रयोग**

  जुम्ला र पाँचथरमा अधिकांश समुदायबाट राज्यका न्यायिक संयन्त्रहरू भौगोलिक रूपमा टाढा भएकाले अनौपचारिक क्षेत्रको प्रयोग उच्च छ । सबै जिल्लामा भौगोलिक विकटता र औपचारिक न्यायमाथिको पहुँचको सम्बन्ध बारम्बार औँल्याइए तापनि केही जिल्लामा खास समस्या थियो । उदाहरणका लागि, ज्यान मार्ने मुद्दा अदालतमा सिफारिस गर्ने बाहेकका फौजदारी लगायत सबै मुद्दालाई अनौपचारिक क्षेत्र अन्तर्गत व्यवहार गरिने उत्तरदाताहरूको बयान थियो । नेपाल सरकार, दातृ निकाय र यस परियोजनाले जिल्लाको यस्तो विशिष्ट परिवेशलाई मनन गर्नु आवश्यक छ जसले औपचारिक र अनौपचारिक निकायबीच समन्वय र अनुगमनको आवश्यकता उजागर गर्छ । यो परियोजना उक्त समस्याको सुहाउँदो हलका लागि अत्यन्त सचेत छ ।

- **अदालत प्रेषित मध्यस्थता: निष्प्रभावी वा अहिले नै भन्न अलि छिटो हुने**

  कागजमा अत्यधिक भारले थिचिएको अदालती व्यवस्था र न्यून रूपमा नियन्त्रित मध्यस्थता क्षेत्रका लागि अदालत प्रेषित मध्यस्थता अति उत्तम समाधानका रूपमा रहेको देखिन्छ । यसमा अदालतले ससाना दिवानी मुद्दा राज्यबाट तालिमप्राप्त र दर्ता भएका मध्यस्थकर्ता (अधिवक्ता, शिक्षक, सामाजिक कार्यकर्ता) रहेका राज्यको मध्यस्थता संयन्त्रलाई सिफारिस गर्छ । सैद्धान्तिक रूपमा राज्यको उक्त प्रक्रियामा ठूलो जिम्मेवारी भए तापनि व्यवहारतः नजिकबाट निगरानी भएको पाइएको छैन । उदाहरणार्थ, मध्यस्थकर्ताले प्रतिमध्यस्थता बैठक रु ५०० पाउँछन् जसका कारण उनीहरू चाँडो र प्रभावकारी तवरबाट विवाद मिलाउन उद्दत छैनन् । साथै अदालत प्रेषित मध्यस्थता केन्द्रमा मध्यस्थकर्ताको नियुक्ति पाएका वकिलको स्वार्थ बाझिँदा

(उदाहरणका लागि शुल्क गुम्ने हुँदा) कमै मात्र झगडिया पक्षबीचको विवाद मिलानको सिफारिस गर्छन् । यस्तो प्रवृत्तिसँग परिचित न्यायाधीशहरू उक्त संयन्त्रमा मुद्दा पठाउन अनिच्छुक देखिन्छन् । वास्तवमै छ जिल्लाका अदालत प्रेषित मध्यस्थता केन्द्रमध्ये तीन वटाको सफलता दर शून्य छ भने सुनसरीमा सबैभन्दा बढी अर्थात् ३३% सफलता छ । वरिष्ठ न्यायिक अधिकारीहरूले अदालत प्रेषित मध्यस्थता केन्द्र स्थापनापछि अदालती प्रक्रियाभन्दा बाहिर गई बढ्दो रूपमा मुद्दाको छिनोफानो भएको हवाला दिँदै उक्त संयन्त्र निष्प्रभावी रहेको बलियो तर्क दिए । समस्याहरू प्रस्टै भए तापनि मध्यस्थता ऐन २०१० जारी भएको भर्खर दुई वर्ष मात्र भएकाले अहिले नै निष्कर्षमा पुग्न यथेष्ट प्रमाणको कमी छ ।

- **कानुनी सहायता: आर्थिक रूपमा सीमान्तकृतहरूको औपचारिक न्यायमा पहुँचको सुधारका लागि राज्य संयन्त्र सङ्घर्षरत रहेको छ**

  आर्थिक रूपमा सीमान्तकृतहरूको औपचारिक अदालती व्यवस्थामा पहुँच बढाउनका लागि भएका अभ्यास त्यति सफल देखिँदैनन् । कानुनी सहायता ऐन २०५२ ले प्रत्येक जिल्लाका कानुनी सहायता समितिलाई वकिलहरूको सूची तयार पार्न, उनीहरूलाई वेतन दिन र सहायताका लागि उपयुक्त व्यक्ति छनोट गर्न अख्तियारी प्रदान गरेको छ तर कानुनी सहायता सेवाहरू अत्यधिक सङ्कुचित रहने र समय-समयमा मुस्किलले सञ्चालनमा आउने गरेको पाइएको छ । उदाहरणका लागि पाँचथरमा सरकारले समितिलाई आवश्यक रकम विनियोजन नगरेको साथै वकिलहरूलाई सन् २००९ देखि तलब नदिएको देखिएको छ । साथै कानुनी सहायतासम्बन्धी सिफारिस पद्धतिमा वार्षिक आयसम्बन्धी सम्बन्धित गाविसको प्रमाणीकरण पत्रको आवश्यकता पर्ने लगायत अनाकर्षक र समय-खर्चिलो प्रावधान छन् ।

  राज्य व्यवस्था तदर्थवादी र बुझ्निनसक्नु छ साथै पारालिगल कमिटी जस्ता अनौपचारिक संयन्त्रहरू सेवाग्राहीलाई राज्यका कानुनी सहायता व्यवस्थामा पहुँच या ती व्यवस्थाको बुझाइमा प्रणालीगत सहयोग प्रदान गर्ने सामर्थ्य राख्छन् भन्ने विश्वासिलो प्रमाण छैन । केही हदसम्म कानुनी सहायता दिने राष्ट्रियस्तरका गैसस (एडभोकेसी फोरम, ल्याक, सेलर्ड र एफडब्लुएलडी) भए पनि तिनीहरू जिल्ला सदरमुकाममा अवस्थित भएकाले ग्रामीण समुदायहरूलाई पहुँचमा असहज भएको छ । राज्यले व्यवस्था गरिदिएको निःशुल्क कानुनी सहायताको उपलब्धताका बारेमा लामो समयदेखिको चेतना अभावले गर्दा व्यक्तिगत वकिल नियुक्त गर्ने आर्थिक हैसियतबाट वञ्चित मानिसहरू अदालत जान निरुत्साहित छन् ।

# ९. निष्कर्ष तथा आगामी चरण

यो अनुसन्धानबाट सङ्कलन गरिएका तथ्यहरू भावी कार्य (यो परियोजना तथा अन्य दुवैका लागि) महत्वपूर्ण आधार हुन्छ । विशेषगरी दुई वटा पत्ता लागेका कुरा महत्वपूर्ण छन्, जसलाई गहन अनुसन्धान तथा विश्लेषण आवश्यक हुन्छ ।

पहिलो, औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रबीच समन्वय भएका छन् तर यी केही तदर्थ प्रयास र व्यक्तिगत तहमा सीमित छन्, व्यवस्थित रूपमा छैनन् । यो पत्ता लागेको कुराले औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रबीच समन्वयमा कमी छ भन्ने परियोजना साझेदार संस्थाहरूको पहिलाको अनुमानलाई पुष्टि गर्छ । अनुसन्धानका उत्तरदाताहरूले यी दुई संयन्त्रबीच बृहत् समन्वयले न्यायमा पहुँच वृद्धि गर्न सहयोग पुग्ने बताएका छन् ।

यस परियोजनाले उक्त तथ्यलाई आधाररेखा तथ्यका रूपमा राख्दै आउँदा वर्षहरूमा जिल्ला तथा काठमाडौँमा औपचारिक तथा अनौपचारिक निकायबीचको समन्वयलाई नजिकबाट नियाल्न आवश्यक छ । यस सम्बन्धमा देशको सङ्घीय संरचनाका असर पनि बुझ्न आवश्यक हुन्छ । अझ थप अन्य क्षेत्रका सिकाइ तथा असल अभ्यासलाई मनन गर्दै कुन तह र कस्तो स्वरूपको समन्वय न्याय क्षेत्रमा विकास गरिनुपर्छ भन्ने कुरा पनि बुझ्न आवश्यक छ । यस परियोजना अन्तर्गत औपचारिक तथा अनौपचारिक न्यायकर्ताहरूबीचमा सञ्चालन हुने नियमित संवादले यस्ता गम्भीर सवालमा छलफल गर्न सुरक्षित स्थान तयार गर्ने तथा कार्यगत समाधानको विकास तथा कार्यान्वयन गर्ने उद्देश्य लिएको छ ।

दोस्रो, परियोजना सञ्चालन भएका सबै जिल्लामा सबैका लागि पहुँचयोग्य तथा जवाफदेही न्यायका लागि राजनीतिक हस्तक्षेप एक प्रमुख समस्या रहेको यस अनुसन्धानले उजागर गरेको छ । यो कुनै आश्चर्यको विषय होइन । इन्टरनेसनल अलर्ट र अन्य संस्थाले विगतमा गरेका अनुसन्धानले पनि यो सवाल उठाएका थिए । तथापि औपचारिक तथा अनौपचारिक दुवै न्यायिक संयन्त्र राजनीतिक हस्तक्षेपबाट सङ्क्रमित भएको यस अनुसन्धानले औँल्याएको छ ।

यद्यपि राजनीतिक हस्तक्षेप एक समस्याका रूपमा मनन गरिए पनि हस्तक्षेप कसरी हुन्छ, कोबाट हुन्छ र के कस्ता मुद्दामा तथा संयन्त्रमा हुन्छ भन्नेबारेमा बृहत् बुझाइ हुनु अत्यावश्यक छ । सन् २०१२ मा इन्टरनेसनल अलर्टले यी प्रश्नका बारेमा खोजी गर्नका लागि अनुसन्धान गर्नेछ । यस परियोजना अन्तर्गत यो सवालका र यसको सम्भावित समाधानबारेमा छलफल गर्न जिल्ला र केन्द्रीय तहमा संवाद कार्यक्रम सञ्चालन गरिने छ । पहिचान भएका समाधानहरूलाई साझेदार संस्थाहरूले आयोजना गर्ने नियमित पैरवी कार्यक्रममा समावेश गर्नेछन् ।

# अनुसूची १: जिल्ला अनुसन्धान पद्धति

## उद्देश्य

**निम्न उद्देश्य लिएर छ वटा जिल्लामा अध्ययन गरिएको थियो:**

- जिल्लामा कार्यरत रहेका औपचारिक तथा अनौपचारिक न्यायिक संयन्त्रका बारेमा जानकारी लिने र के कस्ता आर्थिक अवस्था भएका मानिसले कुन कुन संयन्त्रबाट सेवा लिइरहेका छन्, थाहा पाउने ।
- औपचारिक तथा अनौपचारिक न्यायिक संयन्त्रहरूका बीच समन्वय र सहकार्य बढाई एकीकृत न्याय सेवाको विकास गर्नका लागि चुनौती तथा अवसर पत्ता लगाउने ।
- अनौपचारिक न्यायिक संयन्त्रहरूमा कार्यरत व्यक्तिका लागि थप तालिमको आवश्यकताका बारेमा जानकारी लिने ।
- परियोजनाका लागि आधाररेखा (Baseline) तयार गर्ने ।

**अनुसन्धानका लागि मुख्य मार्गदर्शक प्रश्न:**

- न्यायलाई कसरी लिइएको वा बुझिएको छ ? के यो बुझाइ समूह समूहबीच भिन्न छन् ? कसरी ?
- स्थानीयस्तरमा मुख्य मुख्य न्यायिक आवश्यकता के के छन् ? समूह समूहबीच यी आवश्यकता भिन्न छन् ? कसरी
- जिल्लामा हाल कुन कुन औपचारिक र अनौपचारिक न्यायिक संयन्त्र मानिसहरूका लागि उपलब्ध छन् ? यी संयन्त्र न्याय प्रदान गर्न कत्तिको प्रभावकारी छन् ? यिनीहरूका प्रभावकारिता वृद्धि गर्न के के मुख्य चुनौती रहेका छन् ?
- औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रहरूबीच हाल के कस्तो समन्वय सहकार्य तथा छलफल हुने गरेको छ ?
- अनौपचारिक र औपचारिक न्याय संयन्त्रहरूबीच छलफल र सहकार्य समन्वय बढाउनलाई के कस्ता अवसर छन् ?
- कस्तो आर्थिक, सामाजिक पृष्ठभूमिका मानिस वा समूहहरू औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रहरूमा जाने गरेका छन् र के उद्देश्यका लागि ? के न्याय प्रदायकहरूले मानिसहरूको उमेर, लिङ्ग, जातजाति, आर्थिक अवस्था आदिका आधारमा भिन्न भिन्न व्यवहार गर्ने गरेका छन् ?
- औपचारिक न्याय प्रणालीको प्रभावकारिता सुधार गर्न के के मुख्य चुनौती रहेका छन् ?
- मानिसहरू पहिला बढी मात्रामा औपचारिक संयन्त्रमा जान चाहन्छन् कि अनौपचारिक संयन्त्रमा ? र किन ?
- न्यायसम्बन्धी मामला सम्बोधन गर्न स्थानीयस्तरमा समुदायमा आधारित पारालिगल, मध्यस्थता, परम्परागत न्यायिक संयन्त्रका बारेमा चेतना कत्तिको छ र त्यसका लागि संयन्त्रहरूको वर्तमान भूमिका के कस्तो रहेको छ ? न्यायका सन्दर्भमा अन्य सरकारी संयन्त्र (उदाहरणका लागि गाविस) को भूमिका के कस्तो देखिन्छ त ?

## पद्धति

**अध्ययन प्रक्रियामा निम्नलिखित पद्धति प्रयोग गरिएको थियो :**

**अध्ययन पुनरावलोकन :** यस अध्ययनको अध्ययन पद्धति विकासका क्रममा न्यायमा पहुँच विषयमा भएका पूर्व अध्ययनहरू नदोहोरिउन र भएको अध्ययनलाई थप विस्तृत पार्न सकियोस् भनी हालसम्म भएगरेका अध्ययन अनुसन्धानको अध्ययन गरिएको थियो । गैरसरकारी संस्था तथा दातृ संस्थाहरूका प्रतिवेदन, क्षेत्रगत समीक्षा, दातृ संस्थाका मूल्याङ्कन तथा कार्यक्रम दस्तावेज अध्ययन गरिएका थिए ।

**विशेष जानिफकारसँग अन्तर्वार्ता :** न्यायिक तथा अर्धन्यायिक निकाय, प्रहरी, जिल्ला प्रशासन कार्यालय, चालबार एसोसिएसन, महिला विकास कार्यालय, राजनीतिक दल, अनौपचारिक न्यायिक संयन्त्र, महिला समूहहरूका

प्रतिनिधि तथा समाजका अगुवा व्यक्तिसँग अन्तर्वार्ता गरिएको थियो । प्रत्येक जिल्लामा १२ देखि १६ वटा अन्तर्वार्ता गरी जम्मा ७६ अन्तर्वार्ता गरिएको थियो । राष्ट्रिय मानव अधिकार आयोग, सर्वोच्च अदालत, कानुन तथा न्याय मन्त्रालय, कानुन सुधार आयोग, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय महिला आयोग तथा राष्ट्रिय दलित आयोगका प्रतिनिधिसँग काठमाडौँमा अन्तर्वार्ता लिइएको थियो ।

**लक्षित समूह छलफल :** प्रत्येक जिल्लामा पाँच वटाका दरले जम्मा ३० वटा लक्षित समूह छलफल गरिएको थियो । महिला समूह, पारालिगल कमिटी, सामुदायिक मध्यस्थकर्ता, परम्परागत तथा धार्मिक न्यायिक संयन्त्र, स्थानीय शान्ति समिति, राजनीतिक दल तथा पीडित व्यक्ति लगायत अनौपचारिक र औपचारिक न्याय प्रदायकहरू छलफलमा सहभागी थिए । लक्षित समूह छलफलमा न्यायमा पहुँच र औपचारिक तथा अनौपचारिक न्यायिक संयन्त्रहरूको भूमिकाका बारेमा मानिसहरूको धारणा बुझ्ने प्रयास गरिएको थियो । विशेषगरी महिला तथा सीमान्तकृत समूहलाई लक्ष्य गरी यी समूहको विचार लिने प्रयास गरिएको थियो ।

**अवलोकन भ्रमण :** प्रत्येक जिल्लामा अदालत, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र तथा महिला विकास कार्यालयद्वारा स्थापित सेवा केन्द्रमा अवलोकन भ्रमण गरिएको थियो । यी निकायमा जनताको पहुँच, प्रक्रिया र लैङ्गिक संवेदनशीलताका बारेमा अवलोकन गरिएको थियो । यसका लागि एउटा विस्तृत अवलोकन फाराम प्रयोग गरिएको थियो ।

लैङ्गिक तथा द्वन्द्व संवेदनशीलता सुनिश्चित गर्न सबै होसियारी अपनाइएको थियो र अध्ययन पद्धति विकासका क्रममा अनुसन्धानकर्ताहरूले द्वन्द्व संवेदनशील अध्ययन मार्गदर्शन पालना गर्ने सहमति गरेका थिए । संवेदनशील सवालमा छलफल गर्न सुरक्षित स्थान सुनिश्चित गर्नका लागि महिला र सीमान्तकृत समूहसँग छुट्टाछुट्टै लक्षित समूह छलफल गरिएका थिए । अध्ययनका सहभागीलाई अध्ययनको उद्देश्य तथा उनीहरूले दिएका सूचना तथा जानकारीहरूको प्रयोगका बारेमा राम्रोसँग बुझाइएको थियो । उत्तरदाताहरूको व्यक्तिगत गोपनीयता कायम राख्न यस प्रतिवेदनमा आवश्यकता अनुसार काल्पनिक नामहरूको प्रयोग गरिएको छ ।

**महिला कानुन तथा विकास मञ्च**
पोष्ट बक्स नं. २६५३८
काठमाडौं, नेपाल
फोन: ०१–४२४२६८३
इमेल: fwld@fwld.wlink.com.np
Website: www.fwld.org

**इन्टरनेसनल अलर्ट**
पोष्ट बक्स नं. २४११८
काठमाडौं, नेपाल
फोन: ०१–५५२३६२०
इमेल: nepal@international-alert.org
Website: www.international-alert.org

**कानुनी सहयोग तथा परामर्श केन्द्र**
पोष्ट बक्स नं. ३२१६
काठमाडौं, नेपाल
फोन: ०१–५५४३१११
इमेल: lacc@wlink.com.np
Website: www.laccnepal.org

युरोपियन युनियनको सहयोगप्राप्त